सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१८ साउन २०८३, सोमबार (3 Aug 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ११२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेस विवाद

इतर पक्षको भेला अगाडि संस्थापनको केन्द्रीय समिति बैठक



इतर पक्षले नयाँ पार्टी गठनको गृहकार्यसहित २९ साउनमा राष्ट्रिय भेला आह्वान गरेपछि संस्थापनले त्यसपूर्व २४ साउनमा केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ, जहाँ पार्टी एकतासहित भावी रणनीतिमाथि छलफल हुने बताइएको छ

प्रेम गौतम/नयाँ पत्रिका

अलग्गै पार्टी बनाउने तयारीस्वरूप इतर पक्षले राष्ट्रिय कार्यकर्ता भेला आह्वान गरेपछि प्रमुख प्रतिपक्षी दल कांग्रेसको संस्थापन पक्ष पनि सक्रिय भएको छ। इतर पक्षले २९ साउनमा भेला आह्वान गरेको पाँच दिन अगावै संस्थापन पक्षले २४ साउनमा केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ। एक साताको बिचमा कांग्रेसका दुई समूहले गर्न लागेका घटनाक्रम अर्थपूर्ण छन्।

कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले २४ साउनमा पार्टी केन्द्रीय कार्यालय सानेपामा दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको र त्यसमा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूलाई उपस्थितिका लागि

» पृष्ठ २ मा क्रमशः

युवा नेता सक्रिय, 'देश र कांग्रेस जोड्ने अभियान' घोषणा



पार्टी औपचारिक विभाजनको डिलमा पुगेपछि कांग्रेसका युवा नेताहरूले 'देश र कांग्रेस जोड्ने अभियान' घोषणा गरेका छन्। आन्तरिक मतभेद अन्त्य गरी कांग्रेसलाई बलियो बनाउने उद्देश्यले राष्ट्रिय सभा सदस्य रञ्जित कर्ण, पूर्वकेन्द्रीय सदस्य नैनसिंह महर, तनहुँको भानु नगरपालिकाका मेयर आनन्द त्रिपाठीलगायतले अभियान घोषणा गरेका हुन्। उनीहरूले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी २० साउनमा 'राष्ट्रिय एकता भेला' आयोजना गर्ने जानकारी दिएका छन्।

स्थानीय जनप्रतिनिधिको पनि दबाब अभियान

पार्टी एकताका लागि कांग्रेसबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिले पनि दबाब बढाएका छन्। चिरिबाबु महर्जन, भीमप्रसाद ढुंगाना, उपेन्द्र कार्कीसहितका जनप्रतिनिधिले 'संयुक्त राष्ट्रिय दबाब अभियान' सञ्चालन गरिरहेका छन्। पार्टी विभाजन भए सामूहिक राजीनामा दिने चेतावनी उनीहरूको छ। २७ साउनमा उनीहरूले स्थानीय जनप्रतिनिधिहरूको भेला बोलाएका छन्।

देशभर ग्यास अभाव

आधा सिलिन्डर ग्यास दिइरहेको आयल निगमले आपूर्ति नै नबढाई भरी सिलिन्डर बेच्न थालेपछि देशभर ग्यास अभाव देखिएको छ। सामान्य अवस्थामा मासिक ४८ हजार टनसम्म खपत हुने ग्यास अहिले ६० हजार टन माग भइरहेको छ।



● **दिवान चन्द**
अध्यक्ष, ग्यास उद्योग संघ

विगतको आधा सिलिन्डर नीतिका कारण उपभोक्ताको घरमा ठुलो संख्यामा खाली सिलिन्डर मौज्दात रहेकोबारे हामी जानकार थियौं। सुरुका केही दिन असहज हुन्छ भन्ने थियो, निगमलाई पनि जानकारी गराएका थियौं। तर, यति ठुलो हाहाकार होलाजस्तो लागेको थिएन। अहिलेको परिस्थिति हेर्दा पूर्ण रूपले सहज हुन दुई महिना लाग्ने देखिन्छ। आयातभन्दा माग ठुलो अन्तरले बढेका कारण सहज रूपमा वितरण हुन सकिरहेको छैन।



● **दीपक बराल**, निमित्त
कार्यकारी निर्देशक, आयल निगम

आधा भरी मात्रै ग्यास पाउँदा खाली भएका सिलिन्डर उपभोक्ताले घरमै थन्क्याएर राखे। अहिले पूरा तौलको ग्यास पाउने भएपछि मौज्दात गर्नका लागि सिलिन्डर भरेर राख्ने प्रवृत्ति बढ्यो। सामान्यतया मासिक ४५ हजार टन खपत हुन्थ्यो। अहिले क्षणिक माग बढेर ५५ देखि ६० हजार टनसम्म पुगेको अनुमान छ। अब आपूर्ति बढाएर सहज बनाउन निगमले प्रयास गर्दै छ।

अजित अधिकारी/नयाँ पत्रिका

पश्चिम एसिया (मध्यपूर्व) तनावसँगै आपूर्ति जटिल बन्दा आधा सिलिन्डर ग्यास बेच्न थालेको आयल निगमले आपूर्ति नै नबढाई एक्कासि भरी सिलिन्डर दिन थालेपछि देशभर ग्यास हाहाकार भएको छ। निगमको अपरिपक्व निर्णयका कारण स्थानीय डिलरमा ग्यास नपाएपछि सयौं उपभोक्ता चर्को घाम र दर्केपानी सहरै टेकुस्थित निगमको अस्थायी वितरण केन्द्र र बालाजुस्थित नेपाल ग्यास उद्योगमा सयौं रित्ता सिलिन्डर लिएर दिनभर लाइन लाग्न बाध्य भएका छन्।

» पृष्ठ २ मा क्रमशः

■ खाली सिलिन्डर बोकेर भौंतारिँदै उपभोक्ता

टेकु र बालाजुमा दिनभर सयौंको लाइन



आयल निगमको टेकुस्थित अस्थायी वितरण केन्द्रमा आइतबार ग्यास लिन जम्मा भएका उपभोक्ता। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौं/ ग्यास अभावमा उपभोक्ताले व्यहोरेको हैरानी आइतबार काठमाडौंको टेकु र बालाजुमा रित्ता सिलिन्डर बोकेर दिनभर लाइन बसेकाहरूको दृश्यले नै स्पष्ट पारेको छ। घरनजिकको मात्रै होइन, जाने-बुझेजति ठाउँका डिलरमा धाउँदा पनि ग्यास नपाएकाहरू आयल निगमले टेकुको पुरानो कार्यालयबाट र नेपाल ग्यासले बालाजुस्थित उद्योगपरिसरबाट वितरण गरिरहेको छ भन्ने सुनेपछि त्यतै पुगेका थिए। निगमले टेकुबाट नेपाल, श्रीराम, सुगम, एभरेस्ट र एचपी कम्पनीको ग्यास बिक्री गरेको थियो। तर, बिहानदेखि लाइन बसेका उपभोक्ताले दिउँसो ३ बजेसम्म पनि ग्यास नपाएको गुनासो गरेका थिए। कीर्तिपुर भत्केपाटीमा बस्दै आएका ट्र्याक्सीचालक सुनील नेपाली टेकुस्थित अस्थायी बिक्री केन्द्रमा दिउँसो ३ बजेको चर्को घाममा लाइनमा भेटिए। उनले घरमा ग्यास रित्तै भएपछि हैरानी खेप्नुपरेको गुनासो गरे। 'घरमा ग्यास ठप्पै भयो। डिलरलाई फोन गर्‍यो उठ्दैन। म त ट्र्याक्सी चलाउने मान्छे, खाली सिलिन्डर लिएर आठ-नौवटा पसल पुगिसकेँ, तर कहीं पाइएन,' उनले भने, 'टेकुमा बाँडेको छ भन्ने थाहा पाएपछि यता आएर लाइन लागेको छु।'

सीतापाइला बस्दै आएका जयप्रकाश गुरुङ पनि टेकुमै रित्तो सिलिन्डर लिएर लाइनमा थिए। आपूर्ति असहज हुनुमा निगमको व्यवस्थापकीय कमजोरी रहेको उनको बुझाइ छ। 'पूरा तौलको सिलिन्डर बजारमा पठाउने भनेपछि सबै तयारी गर्नुपर्छ नि! व्यवस्थापन गर्न नसक्नु निगमको कमजोरी हो। ग्यास कति आयो, कति वितरण भयो भन्ने अनुगमन पनि हुँदैन देशमा,' उनले भने, 'बिहान १० बजे नै आएर लाइनमा बसेको हो, ३ बजेसम्म ग्यास पाएको छैन। एक चरण दर्केपानीले मज्जाले भिजायो।'

बिहानदेखि आसमा बसेका उपभोक्तालाई ३ बजेपछि ग्यास डिलरहरूले अप्रिय सूचना सुनाए- सबैलाई आजै दिन सकिँदैन, सोमबार फेरि वितरण हुन्छ। लाइनमा बसेकाहरू एकाएक खिन्न भए। १२ बजे ग्यासको लाइन बस्न आइपुगेकी कीर्तिपुरकी रिना भण्डारीले पनि नजिकका डिलरमा चहारेर नपाएपछि टेकु आउन बाध्य भएको सुनाइन्। 'नजिकैको डिलरमा चार दिनसम्म धाएँ, तर ग्यास दिएन। यहाँ पाइन्छ कि भनेर आएकी हो। यो देशमा जुन सरकार आए पनि समस्या मात्रै हुन्छ,' उनले भनिन्।

बल्खु क्षेत्रको कुखुरा पसलमा काम गर्दै आएका झापाका तेज महतोले पनि बिहानदेखि सुगम कम्पनीको ग्यास लिन लाइनमा बसेको बताए। तर, दिउँसो ३ बजेसम्म उनले ग्यास पाएका थिएनन्। शंखमूलबाट टेकु पुगेकी विष्णु पाण्डेको पनि पीडा उस्तै थियो। 'मेरो घरनजिकै डिलर छ। उनीहरू होटेललाई दिन्छन्, एउटा-एउटा दिन्नँ भन्छन्,' उनले भनिन्, 'पहिला आधा सिलिन्डरका लागि नाम लेखाउँदा दुई महिनापछि पालो आएको थियो। अहिले नाम लेखाउँदा तीन हप्तापछि पालो आउँछ भनेका छन्। त्यति लामो समय कुर्दा घरमा खाँचै हुन्छ भनेर यहाँ लाइन लाग्न आएकी हुँ,' उनले भनिन्।

यस्ता छन् संघीय संसद्मा दर्ता भएका नौ विधेयक

१. दोहोरो सुविधा हटाउने विधेयक। २. प्रदेश र पालिकाका कर्मचारीलाई कोषमा आबद्ध गराउने प्रस्ताव। ३. बालबालिकालाई श्रम गराउनेलाई कडा सजाय। ४. न्यायाधीश नै मेलमिलापकर्ता। ५. अस्थायी राहदानीको प्रस्ताव। ६. मानव बेचबिखनविरुद्ध तीनवटै तहमा संयन्त्र। ७. खनिजको अवैध उत्खनन रोक्ने प्रस्ताव। ८. समयमा यात्रु नउडाए क्षतिपूर्ति। ९. पशु रोग नियन्त्रणमा तीनै तहको भूमिका तोक्ने प्रस्ताव

(विस्तृत पृष्ठ ३)

संसदीय मर्यादामा चलोस् सरकार



अग्रलेख

● बलराम केसी

(पृष्ठ ४)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कोशीमा कार्कीलाई मुख्यमन्त्रीबाट 'ब्याक गराउने' कसरत

एमाले दलको नेता र मुख्यमन्त्री दुवै पदबाट राजीनामा नदिने कार्कीको अडानले सरकार पुनर्गठन पेचिलो बन्दै

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले कोशी प्रदेशमा मुख्यमन्त्री फेर्ने गरी सघन कसरत गरेका छन्। पार्टीसचिव तथा इन्चार्ज शेरधन राईमार्फत ओलीले मुख्यमन्त्री हिक्मत कार्कीलाई दलको नेता र मुख्यमन्त्री पदबाट राजीनामा गराएर उनको विकल्पमा प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई अगाडि सारेका हुन्। तर, कार्की दलको नेता र मुख्यमन्त्री दुवै पदबाट राजीनामा नदिने अडानमा कायम रहेकाले कोशीमा एमालेभित्रको किचलोले सरकार पुनर्गठन पेचिलो बनेको छ। उनलाई पार्टी उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले समर्थन गरेका छन्।



हिक्मत कार्की

कार्कीले दलको नेताबाट राजीनामा नदिएको अवस्थामा बहुमतबाट हटाउनुपर्ने हुन्छ। बहुमत पुऱ्याएर दलको नेताबाट हटाए पनि संविधानको धारा १६८(५) अनुसारको मुख्यमन्त्री बनेकाले उनलाई मुख्यमन्त्रीबाट राजीनामा दिनैपर्ने बाध्यकारी अवस्था बन्दैन। त्यस्तो अवस्थामा पार्टीको निर्णय नमानेको भन्दै एमालेकै बहुमत सांसदका तर्फबाट अविश्वासको प्रस्ताव दर्ता हुन पनि सक्छ। यसले केन्द्रमा केपी ओली र उपाध्यक्ष विष्णु पौडेल-महासचिव शंकर पोखरेल पक्षबिचको ध्रुवीकरण अझ तीव्र बनाएर किचलो बढाउनेछ। जसले गर्दा पनि ओली अहिले आफूलाई केन्द्रमा राखेर इन्चार्ज राईमार्फत कार्कीलाई हटाउने योजनामा रहेको स्रोतले जनाएको छ।

राईले कार्कीलाई छलफलमा बोलाएरै अध्यक्षको सन्देश भन्दै पदबाट राजीनामा दिन र उपनेता तिलकुमार मेन्याङ्बोलाई सहयोग गर्न आग्रह गरेका छन्। तर, कार्कीले पार्टी केन्द्रले संस्थागत निर्णय गरेर निर्देशन दिएको अवस्था र प्रक्रियासम्मत ढंगले अगाडि बढाएर ठुंगो लगाएको अवस्थामा बाहेक दलको नेता र मुख्यमन्त्री दुवै पदबाट राजीनामा

» पृष्ठ २ मा क्रमशः



नाबालिगको डिम्बको अवैध कारोबार : डा. शर्मासहित आरोपीविरुद्ध अदालतले दिएन पक्राउ अनुमति


पीडित नाबालिग डिप्रेसनमा

टेकराज थामी/नयाँ पत्रिका

१६ वर्षीया नाबालिगको डिम्बको अवैध कारोबारमा संलग्न डा. नूतन शर्मालगायत आरोपीविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गर्न आनाकानी गरेको छ। उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी नहुँदा प्रहरीले पक्राउ गरिसकेको 'बिचौलिया' राधिका गोतामेलाई पनि पाँच दिनको थुनापछि हाजिरी जमानीमा छाडिदिएको छ। अवैध रूपमा डिम्ब झिकिएकी नाबालिग भने असह्य पीडाका कारण डिप्रेसनमा पुगेकी छिन्।

अभिभावकका अनुसार पीडितले १५ दिनदेखि डिप्रेसनको औषधि सेवन गरिरहेकी छिन् र घरबाट बाहिर निस्किएकी छैनन्। कहिले रुने, कहिले एकोहोरिने, कसैसँग कुराकानी नगर्ने र

» पृष्ठ २ मा क्रमशः



B&B IVF CENTER
& TRAINING INSITITUTE
DELIVERING HAPPINESS

युवतीको डिम्ब कारोबारमा बिचौलियाको भूमिका खेल्ने राधिका गोतामेले प्रतियुवती ५० हजारका दरले बी एन्ड बी आइभिएफ सेन्टरकी सञ्चालिका डा. नूतन शर्माबाट लिने गरेको प्रमाण प्रहरीले फेला पारेको थियो।

अनुसन्धानमा देखियो निवर्तमान महान्यायाधिवक्ता भण्डारीको निर्णयको 'साइडइफेक्ट'

नाबालिगको डिम्ब अवैध रूपमा कारोबार घटनामा यसअघि निवर्तमान महान्यायाधिवक्ता सविता भण्डारीकी छोरी डा. प्रत्यूषा बरालको समेत संलग्नता पाइएको थियो। उनी बबरमहलस्थित होप फर्टिलिटी एन्ड डाइग्नोस्टिक क्लिनिककी सञ्चालिका हुन्। सेन्टरकी प्रमुख डा. स्वस्ति शर्मा छिन्। उनी पनि पूर्वन्यायाधिशकी छोरी हुन्। उक्त घटनामा सिआइबीले अनुसन्धान गरी अदालतमा मुद्दासमेत दर्ता गरेको थियो। तर, तत्कालीन महान्यायाधिवक्ता भण्डारीले मुद्दा नचल्ने निर्णय गराएकी थिइन्। त्यसयता डिम्बको अवैध कारोबार अझ तीव्र रूपमा मौलाएको प्रहरी भनाइ छ। नाबालिगको डिम्बको अवैध कारोबार कसुरमा जिल्ला अदालत ललितपुरबाट पक्राउ पुर्जी जारी नहुनुमा सोही निर्णयको 'साइडइफेक्ट' भएको एक प्रहरी अधिकारीले बताए।



सविता भण्डारी

अपार्टमेन्टबाट दुई अर्बको सट्टेबाजी कारोबार

५६ सय ७० बैंक खाता रोक्का, गिरोहको मुख्य नाइके मलेसियाली नागरिक

नयाँ पत्रिका

मलेसियाली नागरिकको नेतृत्वमा सञ्चालित अनलाइन सट्टेबाजी गिरोहले नेपाली युवा परिचालन गरी करिब दुई अर्ब रुपैयाँबराबरको कारोबार गरेको खुलेको छ। अनुसन्धानका क्रममा यसमा हजारौँ नेपाली युवाको संलग्नता देखिएको छ भने प्रहरीले हालसम्म एक दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ।

गत १ साउनमा प्रहरीले काठमाडौंस्थित 'एस अपार्टमेन्ट'को ३०५ नम्बर युनिटमा छापा मारेर चारजनालाई पक्राउ गरेको थियो। पक्राउ पर्नेमा कालिकोटको तिलगुफा-३ का २० वर्षीय टेकेन्द्रबहादुर शाही, बर्दियाको बाँसगढी-२ का २६ वर्षीय विश्व रेग्मी, बढैयाताल-८ का २३ वर्षीय अजय मटहरा तथा बाँकेको नेपालगन्ज-९ का २६ वर्षीय आदित्य बामिल्की छन्। सोही गिरोहसँगको संलग्नतामा बर्दिया बढैयाताल-१ का ४१ वर्षीय राजु तिमल्सिनालाई पनि प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दिलीप घिमिरेका अनुसार हालसम्मको अनुसन्धानमा उक्त गिरोहले करिब दुई अर्ब रुपैयाँबराबरको सट्टेबाजी कारोबार गरेको देखिएको छ। गिरोहको मुख्य सञ्चालक भने मलेसियाली नागरिक रहेको उनले बताए।

अनुसन्धानका क्रममा सट्टेबाजी कारोबारसँग सम्बन्धित ५ हजार ६७० वटा बैंक खाता रोक्का गरिएको छ। अनुसन्धानपछि संलग्नता नदेखिएका केही व्यक्तिका बैंक खाता भने फुकुवा गरिएको प्रहरीले जनाएको छ।

अनुसन्धानको क्रममा सामाजिक सञ्जालमार्फत प्रचार गरी उनीहरूले बेटिङका लागि प्रोत्साहनमा पार्दथे। एडब्लू ८, खल्ती ८८, आरडब्लु ८, आइएमई ८८ जस्ता बेटिङ साइटमार्फत सट्टेबाजी खेलाउने गरेको प्रहरीले जनाएको छ। उनीहरूले दर्ता बोनस तथा रेफरस बोनसमार्फत खेल्न प्रोत्साहित गर्दथे। खेल्न छाडेकालाई बोनस अफर गरेर फेरि खेलाउने गरेकोसमेत अनुसन्धानले देखाएको छ। ह्वाट्सएप तथा टेलिग्राममार्फत २४औँ घन्टा सट्टेबाजी खेल्नेहरूलाई परामर्श दिने गरेकोसमेत अनुसन्धानमा खुलेको छ।

कारोबारका लागि अन्य व्यक्तिको नाममा सिमकार्ड निकाल्ने तथा म्युल बैंक खाता प्रयोग गर्दै आएको एसएसपी घिमिरे बताउँछन्। 'छुट्टै डिभाइस नै राखेर उनीहरूले सट्टेबाजी धन्दा चलाउने गरेको देखिन्छ,' उनी भन्छन्, 'कतिपय विषयमा अनुसन्धान जारी छ।'

बैंक खाता सञ्चालन र सिम निकाल्न उनीहरू प्रत्यक्ष संलग्न नभई मध्यस्थ भई काम गरेकोसमेत खुलेको छ। त्यसरी ठुलो संख्यामा सिमकार्ड निकालेर गिरोहलाई सघाउने एक व्यक्ति पनि प्रहरी नियन्त्रणमा आएका छन्।

एडब्लू ८, खल्ती ८८, आरडब्लु ८, आइएमई ८८ जस्ता बेटिङ साइटमार्फत सट्टेबाजी खेलाउने गरेको प्रहरीले जनाएको छ। उनीहरूले दर्ता बोनस तथा रेफरस बोनसमार्फत खेल्न प्रोत्साहित गर्दथे। खेल्न छाडेकालाई बोनस अफर गरेर फेरि खेलाउने गरेकोसमेत अनुसन्धानले देखाएको छ। ह्वाट्सएप तथा टेलिग्राममार्फत २४औँ घण्टा सट्टेबाजी खेल्नेहरूलाई परामर्श दिने गरेकोसमेत अनुसन्धानमा खुलेको छ।

कारोबारका लागि अन्य व्यक्तिको नाममा सिमकार्ड निकाल्ने तथा म्युल बैंक खाता प्रयोग गर्दै आएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दिलीप घिमिरे बताउँछन्। 'छुट्टै डिभाइस नै राखेर उनीहरूले सट्टेबाजी धन्दा चलाउने गरेको देखिन्छ,' उनी भन्छन्, 'कतिपय विषयमा अनुसन्धान जारी छ।'

सट्टेबाजी गिरोहमा जोडिएका मलेसियन नागरिकहरू पनि केही दिनका लागि आउने गरेको र उपकरण जडान गरेर फर्किहाल्ने गरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्। त्यसरी नेपाल आएका मलेसियन नागरिकहरू ली भी हान र तेउ काई जीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको छ। उनीहरूले नेपालका एजेन्टलाई खर्च पठाउने गरेका थिए।

यस प्रकरणमा प्रहरीले सट्टेबाजीको प्रचारप्रसार तथा कारोबारमा संलग्न रहेको आरोपमा पाल्पाको तानसेनका सुदन सुवेदी, पाँचथर याङ्वरकका सबनम बानियाँ, बारा कलैयाका गौतमकुमार गुप्ता, रुपन्देही बुटवलका प्रत्युष मानसिंह, सिन्धुपाल्चोक चौताराका उत्सव कटवाल तथा साजन तामाङलाई पनि पक्राउ गरिसकेको छ। अनुसन्धानअनुसार उत्सव कटवालले २ करोड ३० लाख, साजन तामाङले १ करोड ४७ लाख, प्रत्युष मानसिंहले १ करोड ३७ लाख तथा गौतमकुमार गुप्ताले ७० लाख रुपैयाँभन्दा बढीको सट्टेबाजी कारोबार गरेको खुलेको छ।

पक्राउ परेकामध्ये केही अदालतको आदेशमा धरौटीमा रिहा भएका छन् भने केही अझै पुर्पक्षका लागि थुनामा रहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ। प्रहरीले अपार्टमेन्टबाट सट्टेबाजीका लागि प्रयोग गरिएका विभिन्न उपकरण, ल्यापटप र मोबाइल र सिमकार्ड पनि बरामद गरेको छ।

इतर पक्षको...

पृष्ठ १ बाट क्रमशः

भनिएको बताए। उनले उक्त बैठकमा पार्टीको आन्तरिक एकतासहित समसामयिक राजनीतिक विषयमा छलफल हुने बताए।

संस्थापन पक्ष आन्तरिक एकताका लागि गम्भीर नभएको आरोप इतरपक्षले लगाउँदै आएको छ। २९ साउनसम्मको अल्टिमेटम दिँदै इतरपक्षले उक्त अवधिसम्म सहमति नभए भेलामार्फत नयाँ दल गठनको तयारी गरेको छ। तर, संस्थापन पक्षले पार्टी एकता अहिलेको आवश्यकता रहेको भन्दै असन्तुष्ट पक्षसँग संवाद अगाडि बढाउने बताएको छ। तर, आइतबार यसमा कुनै प्रगति भएको छैन।

इतर पक्षले पूर्वमहामन्त्री डा. शशांक कोइरालाको नेतृत्वमा ५५१ सदस्यीय भेला आयोजक समिति गठन गरिसकेको छ। भेलाका लागि १६ वटा तयारी समिति पनि गठन गरिएको छ। संस्थापन इतरपक्षले १४औँ महाधिवेशनबाट निर्वाचित १११ जनालाई केन्द्रीय कमिटीमा समेट्नुपर्ने मुख्य माग अघि सारेको छ। संस्थापन पक्षले भने पुरानो कार्यसमितिलाई विशेष महाधिवेशनले विस्थापित गरेकाले त्यही कार्यसमितिलाई नयाँ कार्यसमितिमा समायोजन गर्न नमिल्ने अडान राख्दै आएको छ।

युवा नेता सक्रिय, 'देश र कांग्रेस जोड्ने अभियान' घोषणा

पार्टी औपचारिक विभाजनको डिलमा पुगेपछि कांग्रेसका युवा नेताहरूले 'देश र कांग्रेस जोड्ने अभियान' घोषणा गरेका छन्। आन्तरिक मतभेद अन्त्य गरी कांग्रेसलाई बलियो बनाउने उद्देश्यले राष्ट्रिय सभा सदस्य रञ्जित कर्ण, पूर्वकेन्द्रीय सदस्य नैनसिंह महर, तनहुँको भानु नगरपालिकाका मेयर आनन्द त्रिपाठीलगायतले अभियान घोषणा गरेका हुन्।

उनीहरूले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी २० साउनमा 'राष्ट्रिय एकता भेला' आयोजना गर्ने जानकारी दिएका छन्। सुकेधारास्थित मिराकल पार्टी भेन्यूमा भेला आह्वान गरिएको छ। भेलामा संस्थापन र इतर दुवै पक्षका नेता तथा कार्यकर्ता सहभागी हुने दाबी अभियानको छ।

भेलामा देशभरका ७५३ पालिका, ३३० प्रदेश सभा निर्वाचन क्षेत्र र १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रका साथै विभिन्न तह, वर्ग र समुदायका प्रतिनिधिहरूको सहभागिता हुने अभियानको दाबी छ। भेलामा सहभागी हुन एक हजार ३५९ प्रतिनिधिले नाम दर्ता गराइसकेको अभियानको दाबी छ।

आन्तरिक किचलोले पार्टी कमजोर भएको दाबी गर्दै नेता महरले पार्टीलाई वैचारिक र सांगठनिक रूपमा पुनर्जीवित गर्ने लक्ष्य राखिएको बताए। कांग्रेस आन्तरिक विवादमा रुमलिनु लोकतन्त्रकै लागि चिन्ताको विषय भएको उनले बताए। 'कांग्रेस विभाजित हुँदा प्रतिगामी शक्तिहरू हाबी हुने र लोकतन्त्र कमजोर हुने ऐतिहासिक तथ्यलाई आत्मसात गर्दै हामीले यो अभियान सुरु गरेका हौँ,' महरले भने, 'देश गम्भीर चुनौतीबाट गुज्रिरहेको वेला कांग्रेसको आन्तरिक एकता अनिवार्य छ।' नेता रञ्जित कर्णले दुवै पक्ष पार्टी एक बनाउन लाग्नुपर्नेमा जोड दिए। 'पार्टीको आन्तरिक विवादले कांग्रेसलाई मात्र होइन, लोकतन्त्रलाई नै कमजोर बनाएको छ। एकताबद्ध भएर जानुपर्ने वेला विवाद चर्किनुले कसैलाई पनि हित गर्दैन।'

कांग्रेस विभाजित भए लोकतन्त्र कमजोर हुने र प्रतिगामी शक्ति हाबी हुने चिन्ता अभियानको छ। 'नेपालको राजनीतिक इतिहासले एउटा सत्य पटक-पटक प्रमाणित गरेको छ, जब नेपाली कांग्रेस कमजोर हुन्छ, लोकतन्त्र कमजोर हुन्छ, जब कांग्रेस विभाजित हुन्छ, लोकतान्त्रिक शक्तिहरू र राष्ट्रिय हितमाथि प्रतिगामी शक्तिहरू हाबी हुने वातावरण बन्छ।

त्यसैले, कांग्रेसको एकता कुनै दलगत स्वार्थको विषय होइन, यो लोकतन्त्रको रक्षा र राष्ट्रको स्थायित्वसँग जोडिएको राष्ट्रिय दायित्व हो,' अभियानले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'दुर्भाग्यवश, यति वेला देश अनेकौँ चुनौतीबाट गुज्रिरहेको छ। सुनसरीबाट सुरु भएको साम्प्रदायिक तनाव मधेशका विभिन्न जिल्लासम्म फैलिँदा नेपाली नागरिकहरूले ज्यान गुमाएका छन्, अर्बौं मूल्यबराबरको धनसम्पत्तिमा क्षति पुगेको छ र नेपाली समाजको सद्भावमाथि चोट पुगेको छ। आर्थिक मन्दी, बेरोजगारी, युवाको पलायन, सुशासनको संकट र जनजीविकाका प्रश्न दिन प्रतिदिन गम्भीर बन्दै गएका छन्।'

अभियान कुनै गुट-उपगुटका लागि नभएको पनि दाबी गरिएको छ। 'यो अभियान कुनै व्यक्ति, कुनै गुट वा कुनै पदका लागि होइन। यो अभियान एकताबद्ध कांग्रेस, सुदृढ लोकतन्त्र र समृद्ध नेपालको साझा संकल्प हो। उक्त भेलाबाट पार्टी एकतालाई संस्थागत बनाउने, जनतासँगको सम्बन्धलाई पुनर्जीवित गर्ने र अभियानको आगामी कार्ययोजना सार्वजनिक गरिनेछ,' अभियानले भनेको छ, 'हाम्रो विश्वास स्पष्ट छ- कांग्रेस जुट्यो भने लोकतन्त्र बलियो हुन्छ र लोकतन्त्र बलियो भयो भने नेपाल बलियो हुन्छ।'

देशभर ग्यास...

पृष्ठ १ बाट क्रमशः



आयल निगमले जुलाई महिनामा ४८ हजार टन ग्यास आयात गरेको जनाएको छ। तर, अहिले बजारमा माग करिब ६० हजार टनसम्म पुगेको अनुमान छ। गत २८ माघदेखि आधा भरी सिलिन्डर बेच्न थालिएकोमा फागुन र चैतमा ग्यासको चर्को माग थियो। तर, वैशाख र जेठमा माग न्यून थियो। ती दुई महिना औसत ३२ हजार टनका दरले ग्यास आयात भएको निगमको तथ्यांक छ। तर, घर-घरमा रहेका सिलिन्डर खाली हुने वेला पूरा तौल भएको ग्यास बजार पठाउने निर्णय गरेपछि माग ह्वात्तै बढेको छ। अहिले बजारमा क्षणिक माग बढेर ६० हजार टनसम्म पुगेको अनुमान गरिएको निगमका निमित्त कार्यकारी निर्देशक दीपक बरालले बताए।

'आधा भरी मात्रै ग्यास पाउँदा खाली भएका सिलिन्डर उपभोक्ताले घरमै थन्क्याएर राखे। अहिले पूरा तौलको ग्यास पाउने भएपछि मौज्दात गर्नका लागि सिलिन्डर भरेर राख्ने प्रवृत्ति बढ्यो,' बरालले भने, 'त्यसैले अहिले क्षणिक माग बढेर ५५ देखि ६० हजार टनसम्म पुगेको अनुमान छ। अब आपूर्ति बढाएर सहज बनाउन प्रयास हुनेछ।'

निगमले ३१ असारदेखि भरी सिलिन्डर ग्यास वितरण थालेको थियो। यही समयमा भारतमा विद्यार्थी आन्दोलन भयो भने नेपालको कोशी-मधेश क्षेत्रमा पनि साम्प्रदायिक द्वन्द्व निम्तियो। जसले भारतबाट हुने आयातमा असर पर्न सक्ने त्रासमा उपभोक्ताहरू भएभरका खाली सिलिन्डर भर्ने योजनामा पनि लागे। यहीवेला इन्डियन आयल कर्पोरेसन (आइओसी)को हल्दिया र दुर्गापुर दुईवटा रिफाइनरीमा आगलागी भएपछि नेपालले त्यहाँबाट आयात गर्न पाएको छैन। यी दुई रिफाइनरीको कोटा मथुरा, बन्थरा, बरौनी र पाराद्वीपबाट उठिरहेको निगमले जनाएको छ। तर, हल्दिया र दुर्गापुरभन्दा टाढा भएकाले त्यहाँबाट ल्याउँदा ढुवानीमा ढिलाइ भएकाले आपूर्ति सहज गर्न कठिनाइ भएको निगमको एलपिजी विभाग प्रमुखसमेत रहेका निर्देशक विनीतमणि उपाध्यायले बताए।

'हल्दिया र दुर्गापुरबाट मासिक १० हजार पाँच सय टनसम्म ग्यास आपूर्ति हुने गरेको थियो, तर अहिले दुवै प्वाइन्ट बन्द भएकाले टाढाको रिफाइनरीबाट ल्याइरहेका छौँ। आपूर्तिमा यसले पनि केही समस्या पारिरहेको छ,' उनले भने।

विगतमा ग्यास अभाव खासगरी काठमाडौं उपत्यकाकेन्द्रित हुन्थ्यो। अहिले देशैभर भएको छ। ग्यास उद्योग संघका अध्यक्ष दिवान चन्दले यसपटक देशभर आपूर्ति असहज भएको बताए। 'अघिल्लोपटक माघ-फागुनमा पनि काठमाडौं उपत्यकामा मात्रै ग्यास आपूर्ति असहज भएको थियो। अहिले त देशभर नै उपभोक्ताहरू ग्यास नपाएको गुनासो गरिरहेका छन्,' उनले भने, 'आयातभन्दा माग ठुलो अन्तरले बढेका कारण सहज रूपमा वितरण हुन सकिरहेको छैन।

निगमले भने सामान्य अवस्थाको तुलनामा आयात वृद्धि गरेको दाबी गरेको छ। निगम प्रवक्ता मनोज ठाकुरले सामान्य अवस्थामा दैनिक ९३-९५ बुलेट ग्यास आयात हुने गरेकोमा एक सातायता दैनिक औसत १०५ बुलेट आयात भइरहेको बताए। 'उपभोक्ताहरूको अत्तालिने बानीका कारण पनि अहिले ग्याससमा असहज भएको हो, निगमले सामान्य अवस्थाको भन्दा बढी परिमाणमा आयात गरिरहेको छ,' उनले भने, 'मध्यपूर्वमा ठुलो युद्ध हुँदाको अवस्थामा समेत ग्यास आयातमा कुनै असर परेको थिएन, अहिले पनि छैन। उपभोक्ता नआत्तिने हो भने समस्या पर्दैन।' उनले मौज्दात राख्ने उद्देश्यले ग्यास खरिद नगर्न उपभोक्तालाई आग्रह पनि गरेका छन्।

तर, ग्यास उद्योग संघका अध्यक्ष चन्दले यही अवस्थामा आपूर्ति सहज हुन दुई महिना लाग्ने बताए। 'विगतको आधा सिलिन्डर नीतिका कारण उपभोक्ताको घरमा ठुलो संख्यामा खाली सिलिन्डर मौज्दात रहेकोबारे हामी जानकार थियौँ। सुरुका केही दिन असहज हुन्छ भन्ने थियो, निगमलाई पनि जानकारी गराएका थियौँ। तर, यति ठुलो हाहाकार होलाजस्तो लागेको थिएन,' उनले भने, 'अहिलेको परिस्थिति हेर्दा पूर्ण रूपले सहज हुन दुई महिना लाग्ने देखिन्छ।'

निगमलाई पूर्ण तौलको सिलिन्डर बजार पठाउन उद्योगीले नै निरन्तर दबाब दिएका थिए। धेरैपटक ग्यास ओसार्दा ढुवानी लागत र उद्योगको सञ्चालन खर्च बढेकोलगायत कारण देखाउँदै उद्योगीले जेठदेखि नै पूर्ण तौलको सिलिन्डर बजार पठाउन दबाब दिएका थिए। उद्योगीको निरन्तर दबाबपछि ३१ असारबाट पूर्ण तौलको सिलिन्डर बजार पठाउने निर्णय भएको थियो। लगत्तै बजारमा ग्यास अभाव सुरु भएको हो।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना निगमको व्यवस्थापकीय कमजोरीका कारण उपभोक्ताले दुःख पाएको बताउँछन्। '१४.२ किलो ग्यास भएको सिलिन्डर बजारमा ल्याउने निर्णय गर्नुअघि सामान्य अवस्थाभन्दा बढी आयात गरेर सञ्चय गर्ने र नियमित रूपमा बढीभन्दा बढी बुलेटमा ग्यास आयात सुनिश्चित गर्नुपर्ने थियो। किनभने निगमले निर्णय गर्नासाथ माग दोब्बरले बढ्ने निश्चित थियो,' उनले भने, 'तर, यसतर्फ ध्यान नदिई एक्कासि पूर्ण तौलको सिलिन्डर बजारमा ल्याउँदा अहिले उपभोक्ताले दुःख पाएका छन्। यस्तै, कमजोर व्यवस्थापनका कारण दसैँसम्म ग्यास आपूर्ति सहज हुने स्थिति छैन।'

विगतमा बजारमा मागभन्दा बढी संख्यामा सिलिन्डर उपभोक्तालाई बिक्री गर्दा पनि अहिले समस्या आएको उनको भनाइ छ। 'एउटा उपभोक्ताको घरमा दुईवटा सिलिन्डर हुनुपर्ने हो। तर, चार-पाँचवटा सिलिन्डरसम्म राख्ने गरी बजारमा उद्योगी र आयल निगम मिलेर सिलिन्डर बिक्री गर्ने खेल भयो। अहिले त्यसैको असर परिरहेको छ,' उनले भने। टेकुबाट ग्यास बिक्री गर्नुको सट्टा उपभोक्ताको घरनजिकैको डिलरबाटै ग्यास पाउने वातावरण बनाउनुपर्ने उनको माग छ।

ग्यास विक्रेता महासंघका पूर्वअध्यक्ष चन्द्र थापाले पनि उपभोक्ताको घरका धेरै सिलिन्डर बजार आउँदा समस्या भएको बताए। 'मैले चिनिरहेको उपभोक्ताहरूले घरमा खाली रहेका सबै सिलिन्डर साट्न ल्याइरहेका छन्। अरूतिर पनि स्थिति यही हो,' उनले भने। डिलर प्रमाणीकरण नहुँदा भूमिगत रूपमा ग्यास बिक्री हुने, कुन डिलरले कति ग्यास बिक्री गऱ्यो भन्ने यकिन तथ्यांक नहुनेलगायत कारण पनि आयात भएको ग्यासको समुचित वितरण नभएको उनको भनाइ छ।

कोशीमा...

पृष्ठ १ बाट क्रमशः

नदिने अडान दोहोऱ्याएका छन्। उनको अडानका कारण अप्ठ्यारो परिस्थिति सिर्जना भएपछि राईले प्रदेश अध्यक्ष घनश्याम खतिवडासहित प्रदेशस्तरीय नेताहरूका साथ सांसदहरूसँग आन्तरिक छलफल तीव्र पारेका छन्। आवश्यक परेको खण्डमा दलको नेताबाट हटाउन सक्ने गरी राईले बहुमत सांसद जुटाउने कसरत गरिरहेको पनि कार्कीनिकट नेताहरूको भनाइ छ।

तर, इन्चार्ज राईले मुख्यमन्त्री कार्कीलाई हट्न आफूले निर्देशन दिएको या हस्ताक्षर अभियान चलाएको भन्ने कुरा शतप्रतिशत गलत भएको भन्दै सोमबार बेलुकीसम्म आन्तरिक छलफल जारी राखेर सहमतिमै एउटा निष्कर्ष निकालिने बताए। 'बाहिर जे-जे कुरा आएका छन्, ती सबै हल्ला मात्रै भएकाले कुनै सत्यता छैन। अहिलेलाई आन्तरिक छलफल भइरहेको छ, सोमबारभित्र एउटा टुंगोमा पुग्छौँ,' उनले भने।

राईले अध्यक्ष ओलीले निर्देशन दिएका कारण दलको नेता फेर्ने नफेर्ने तयारीबारे कुनै स्पष्ट जवाफ दिएनन्। अध्यक्षको निर्देशनअनुसार दलको नेता फेर्ने तयारी भएको हो ? नयाँ पत्रिकाको जिज्ञासामा उनले भने, 'त्यस्तो भन्दा पनि यहाँको अवस्थालाई हेरेर छलफल गर्नुपर्ने अवस्था छ। सोमबारभित्र एउटा टुंगोमा पुग्छौँ। अहिले हामी त्यतातिर(भोटिङ) तिर जाने पक्षमा छैनौँ, अन्तिम अवस्था आउँदा मात्र सोच्ने कुरा हो।' स्रोतका अनुसार अध्यक्ष ओलीले तीनपटकसम्म अवसर दिइएको र कोशीमा जनजाति सेन्टिमेन्टलाई पनि सम्बोधन गर्नुपर्ने भन्दै राईलाई राजीनामा गराएर मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउन निर्देशन दिएका छन्।

तर, मुख्यमन्त्री कार्कीले भने आफूलाई माथिको विषयमा जानकारी नभएको भन्दै केन्द्रमा भएको सहमतिअनुसार कोशीमा एमालेकै नेतृत्वमा सरकार बन्ने र दलको नेता पनि नफेरिने बताए। 'एमालेकै सरकार हुन्छ, तर दलको नेता फेरिँदैन,' कार्कीले भने।

केन्द्रमा नेपाली कम्युनिस्ट पार्टी र एमालेबिच प्रदेशको सत्ता बाँडफाँट गर्ने सहमति हुँदा कोशी एमालेको भागमा परेको छ। एमालेकै नेतृत्वमा सरकार हुँदा यस्तो विषम परिस्थितिमा नेतृत्व परिवर्तन गर्दा अस्थिरताको सन्देश जानु राम्रो नहुने भन्दै कार्कीले भने सरकार पुनर्गठन गर्न नहुने अडान लिएका छन्।

कार्की नेतृत्वको सरकार संविधानको धारा १६८(५) बमोजिम बनेको हो। संविधानको धारा १६८(१) र २ अन्तर्गत बनेको भए संसदीय दलको नेता फेर्दा सरकार विघटन हुन सक्थ्यो, तर अहिले मुख्यमन्त्रीले स्वयंले राजीनामा नदिएसम्म नयाँ सरकार गठन सम्भव छैन। यदि कार्कीले राजीनामा दिएनन्, तर विश्वासको मत लिनुपर्ने अवस्था आयो भने उनी एमालेबाहेक कांग्रेस, नेकपा या अरू दलको मत क्रस गराएर पनि निरन्तर रहन पनि सक्छन्। किनभने उनले राजीनामा नदिई विश्वासको मत पनि नपाउँदा प्रदेशमा मध्यावधि पनि हुन सक्छ। धारा १६८ (५) अनुसार बनेको सरकारमा सांसदहरूलाई दलको 'ह्विप' नलाग्ने भएकाले पनि कार्कीको सहमतिविना परिवर्तन कठिन हुन सक्छ। जसले गर्दा पनि कोशीमा ओलीले हटाउन चाहे पनि मुद्दा पेचिलो बनेको छ।

एमाले संसदीय दलको विधानको दफा ७ (२) को 'ख' अनुसार दलको नेतालाई हटाउन दुईतिहाइ बहुमत आवश्यक पर्छ। हाल कोशी प्रदेश सभामा उपसभामुखसहित एमालेका ४० जना सांसद छन्। जसमा धेरैजना कार्की पक्षमै रहेको दाबी गरिएको छ। संसदीय दलमा आफ्नो बहुमत छ भन्ने बुझेर नै कार्कीले राजीनामा नदिएको अडान कायम राखेको एमाले संसादहरू बताउँछन्। पूर्वमन्त्री रेवतीरमण भण्डारी भन्छन्, 'शीर्ष नेताबिच सहमति भएको त हो, तर सचिवालयको निर्णय भएको छैन। गठबन्धनमा रहेको कांग्रेसले सर्मथन पनि फिर्ता लिएको छैन अनि अविश्वासको प्रस्ताव पनि आएको छैन, यसैले मुख्यमन्त्रीज्यूले राजीनामा दिनुपर्ने उपयुक्त कारण नै छैन। यसैले उहाँले नै निरन्तरता पाउनुपर्छ। धेरै दबाब भएमा उहाँले संसदीय दल फेस गर्नुहुनेछ।'

कोशीमा कांग्रेसले अझै सरकारमा सहभागी आफ्ना चारजना मन्त्री र एकजना राज्यमन्त्री फिर्ता बोलाएको छैन। नयाँ मुख्यमन्त्री को हुने भन्ने तय नभएकाले सरकारबाट मन्त्रीहरू फिर्ता नबोलाउन हतार नगरेको कांग्रेस ससदीय दलका नेता उद्धव थापाको भनाइ छ। उनले सत्ता गठबन्धनका लागि एमालेसँग छलफल जारी रहेको बताएका छन्। यदि कार्कीले विद्रोह गरेर १८ जना सांसदहरूको समर्थन लिएर आएमा उनैलाई मुख्यमन्त्रीमा समर्थन गर्ने योजना पनि कांग्रेसले बनाएको छ।

कोशी प्रदेशमा कायम सदस्य ९२ भएकाले बहुमतका लागि ४७ सांसद आवश्यक पर्छ। एमालेका ४० र नेकपा १७ सांसद रहेकाले दुई दलको सहजै बहुमत पुग्छ। कोशीमा एमालेका ४०, कांग्रेसका २९, नेकपाका १७, राप्रपाका चार (सभामुखबाहेक) र जसपा नेपालका एक सांसद छन्।

लुम्बिनीमा भने अहिलेकै चेतनारायण आचार्यलाई मुख्यमन्त्रीमा निरन्तरता दिने तथा वागमतीमा संसदीय दलको नेता जगन्नाथ थपलियालाई नै मुख्यमन्त्री बनाउने समझदारी छ।

पीडित नाबालिग...

पृष्ठ १ बाट क्रमशः

खानामा रुचि नगर्ने लक्षण देखिएकाले उनी विद्यालय जान नसकेको अभिभावकले बताए।

'छोरीको पाठेघरको दुखाइ केही कम भएको छ, तर मानसिक समस्या जटिल देखिएको छ। २४सै घण्टा सुतिरहने, कहिले रुने, कहिले एकोहोरिने, कसैसँग कुराकानी नगर्ने र खानामा रुचि नगर्ने लक्षण देखिएको छ। अहिले विद्यालय पनि जान सकेकी छैनन्। १५ दिनदेखि डिप्रेसनको औषधि चलाइएको छ,' अभिभावकले भने। पीडित नाबालिग १२ कक्षाकी विद्यार्थी हुन्।

अभिभावकका अनुसार नाबालिगको शारीरिक र मानसिक स्वास्थ्यमा असर देखिन थालेको १४ असारदेखि हो। त्यही दिन ललितपुरको ग्वार्कोस्थित बिएन्डबी अस्पतालको आइभिएफ सेन्टर सञ्चालिका तथा वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ एवं टेस्टट्युब बेबी (आइभिएफ) विशेषज्ञ डा. शर्माले हर्मोन बढाउने इन्जेक्सन दिएकी थिइन्। स्वास्थ्यमा प्रतिकूल भएकै कारण नाबालिग डा. शर्माले बोलाएको समयभन्दा केही ढिला अस्पताल पुगेकी थिइन्। तर, उनले उपचार गर्नुको सट्टा बालिकालाई झपारेर पठाएकी थिइन्। त्यसपछि बालिकाको शारीरिक मात्रै नभएर, मानसिक स्वास्थ्यसमेत बिग्रिन थालेको थियो।

'पाठेघरमा असह्य पीडा छँदै थियो, त्यसमाथि मानसिक समस्या पनि देखिन थाल्यो। शरीरको चालढाल नै बदलियो। शरीर पसिनाले भिज्न थाल्यो, हात-खुट्टा काँप्न थाले। श्वासप्रश्वासमा पनि समस्या देखिन थाल्यो,' अभिभावकले भने, 'अर्को आइभिएफ सेन्टर पुगेर हर्मोन घटाउने इन्जेक्सन लगाएपछि पाठेघरको दुखाइ त कम भयो, तर मानसिक समस्या झन् बढिरहेको छ।'

अभिभावकका अनुसार प्रहरीको सक्रियतामा नाबालिगलाई पाटनस्थित मानसिक अस्पताल लगिएकामा चिकित्सकले डिप्रेसनको औषधि सिफारिस गरेका हुन्। १५ दिनदेखि उनी सोही औषधि सेवन गर्दै आएकी छिन्। 'स्वास्थ्यमा असामान्य गतिविधि देखिएपछि प्रहरीले नै छोरीलाई पाटनस्थित मानसिक अस्पताल लिएर गएका थिए। चिकित्सकले डिप्रेसनको औषधि दिएका छन्। १५ दिनदेखि औषधि सेवन गरिरहेकी छिन्,' अभिभावकले भने, 'उक्त औषधि कम्तीमा ६ महिना सेवन गर्नुपर्छ रे।'

अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी गौतम मिश्रले पनि 'नियमित प्रोसिड्युर'अन्तर्गत बालिकालाई पाटन मानसिक अस्पतालमा स्वास्थ्य जाँचका लागि लगिएको बताए।

अवैध कारोबारमा संलग्नलाई उन्मुक्ति दिने खेल

डिम्ब कारोबारमा बिचौलियाको आरोप लागेकी तनहुँकी राधिका गोतामेलाई गत ३ साउनमा पीडित बालिकाका अभिभावकले नै पक्राउ गरेर प्रहरीलाई बुझाएका थिए। जिल्ला प्रहरी परिसर ललितपुरले मानव बेचबिखन कसुरअन्तर्गत घटनाको अनुसन्धान अघि बढायो। जिल्ला अदालत ललितपुरले पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न म्याद पनि थपिदियो। तर, कारोबारको मुख्य योजनाकार भनिएकी डा. शर्मासहितका अभियुक्तलाई अदालतले पक्राउ पुर्जीको अनुमति नदिएपछि जिल्ला सरकारी वकिलको कार्यालयले गोतामेलाई पनि हाजिरी जमानीमा छाडिदियो।

जिल्ला न्यायाधिवक्ता गणेश पौडेलले अदातलबाट पक्राउ अनुमति नदिएको हुँदा घटनामा पक्राउ परेका अभियुक्तलाई समेत हाजिर जमानीमा छाडिएको बताए। 'नाबालिगको डिम्ब कारोबार अत्यन्तै सिरियस केस हो। घटनामा एक अभियुक्त पक्राउ पनि परेका रहेछन्। तर, उनलाई हाजिर जमानीमा छाडिएको रहेछ। मैले त्यसपछि कार्यभार सम्हालेको हो,' उनले भने, 'अदालतले पक्राउ अनुमति नदिएका कारण हाजिरी जमानीमा छाडिएको भन्ने बुझेको छु। यद्यपि, अनुसन्धान जारी राख्न प्रहरीलाई भनिएको छ।'

डा. शर्मा र गोतामेबिच आर्थिक कारोबार हुने गरेको उनीहरूबिच आदानप्रदान भएको ह्वाट्सएप म्यासेजले पुष्टि गरिसकेको छ। अनुसन्धानमा भेटिएअनुसार डा. शर्माले गोतामेलाई ५० हजार रुपैयाँ मोबाइल बैंकिङमार्फत पठाएको देखिन्छ। डा. शर्माले उक्त रकम २५ डिसेम्बर ०२५ को साँझ ६:३१ मा गोतामेको बैंक खातामा मोबाइल बैंकिङमार्फत पठाएको देखिन्छ। त्यस्तै, २२ डिसेम्बर ०२५ को साँझ ७:५८ मा पनि डा. शर्माले गोतामेको बैंक खातामा ५० हजार नै पठाएको भेटिएको छ। प्रहरीका अनुसार १४ असारमा नाबालिगको डिम्ब कारोबार गर्ने क्रममा पनि डा. शर्माले गोतामेलाई बैंकिङ कारोबारमार्फत ५० हजार पठाइदिएकी थिइन्। उक्त रकममध्ये ३० हजार गोतामेले नाबालिगलाई उपलब्ध गराएकी थिइन्। अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी गौतम मिश्रले डा. शर्मा र गोतामेबिच डिम्ब कारोबारका क्रममा आर्थिक लेनदेन हुने गरेको देखिने बताए।

यही प्रमाणका आधारमा प्रहरी परिसर ललितपुर डा. शर्मालगायतविरुद्ध पक्राउ अनुमति माग्न ललितपुर जिल्ला अदालत पुगेको थियो। तर, अदालतले पक्राउ पुर्जी जारी गरेन। बालिकामा डिप्रेसन बढिरहँदा आरोपी डा. शर्मा भने विदेश सयरमा छिन्।

जिल्ला अदालत ललितपुरका प्रवक्ता टीकाध्वज कार्कीले नाबालिगको डिम्ब अवैध कारोबार गम्भीर मुद्दा भएको, तर पक्राउ अनुमति भने जारी नभएको बताए। 'अदालतले प्रहरीकै प्रतिवेदनका आधारमा पक्राउ अनुमति दिने हो। जहाँसम्म डा. नूतन शर्मासहितको केस छ। उनीहरूविरुद्ध पक्राउ अनुमति जारी गरिएजस्तो लाग्दैन। अध्ययन गरेर मात्रै कारण भन्न सकिएन,' उनले भने, 'पक्राउ परेकालाई हाजिर जमानीमा छाड्ने काम त प्रहरीको हो।' डा. शर्मा त्यही व्यक्ति हुन्, जसले लिंग पहिचान गरी गर्भपतन गराएको भेटिएपछि विगतमा नेपाल मेडिकल काउन्सिलले तीन महिना लाइसेन्ससमेत निलम्बन गरेको थियो। काउन्सिलको निर्णयविरुद्ध उनले उच्च अदालत पाटनमा रिट हालेकी थिइन्। तर, अदालतले काउन्सिलको निर्णयमा अन्तरिम आदेश दिएको थिएन। डा. शर्मा सामाजिक सञ्जालमा आइभिएफसम्बन्धी कन्टेन्ट क्रिएटरसमेत हुन्।

डिम्ब दानमा सर्वोच्चले एक वर्षअघि नै लगाएको थियो रोक

सर्वोच्च अदालतले वर्ष दिनअघिबाटै अवैध रूपमा डिम्ब निकालेर बिक्री-वितरण गर्ने कार्यमा रोक लगाएको थियो। सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको एक इजलासले निवेदनको अन्तिम टुंगो नलागेसम्मको अवधिभर डिम्ब निष्कासनमा रोक लगाएको थियो। तर, डिम्बको अवैध कारोबार हालसम्म पनि रोकिएको छैन।

आर्थिक प्रलोभनमा पारी किशोरीको डिम्ब अवैध ढंगले झिकी बिक्री-वितरण भएको समाचार सार्वजनिक भएपछि अधिवक्ता नीरव ज्ञवाली, ध्रुव भण्डारी र अंतिका त्रिपाठीले सर्वोच्च अदालतमा १ भदौ ०८२ मा रिट निवदेन दिएका थिए। सोही निवेदनमा सर्वोच्चका न्यायाधीश ढुंगानाले निवेदनको अन्तिम टुंगो नलागेसम्मको अवधिका लागि डिम्ब निष्कासनमा रोक लगाउने अन्तरिम आदेश दिएका थिए। आदेशमा भनिएको थियो, '...नाबालिग तथा किशोरीहरूको शोषण हुन सक्ने जोखिम र सुविधा सन्तुलनलाई समेत दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म नेपाल राज्यभर महिला तथा नाबालिगबाट डिम्ब निष्कासन तथा भण्डारण गर्ने कार्यमा रोक लगाई सरकारको नियमन र निगरानी प्रभावकारी बनाउनू...।'

संघीय संसद्मा पुगे नौ विधेयक

संवैधानिक पदाधिकारीको दोहोरो सुविधा हटाउनेदेखि न्यायाधीश नै मेलमिलापकर्ता हुनेसम्मका व्यवस्था

कमलराज भट्ट / नयाँ पत्रिका

संघीय संसद्मा नौवटा विधेयक दर्ता भएका छन् । प्रतिनिधिसभामा सात र राष्ट्रिय सभामा दुई विधेयक दर्ता भएको संसद् सचिवालयले जनाएको छ । सचिवालयका अनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक दर्ता भएको छ ।

अर्थ मन्त्रालयबाट कर्मचारी सञ्चय कोष (दसौँ संशोधन) विधेयक, युवा, श्रम तथा रोजगार मन्त्रालयबाट बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक दर्ता भएको छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक दर्ता भएको छ । परराष्ट्र मन्त्रालयबाट राहदानी (पहिलो संशोधन) विधेयक दर्ता भएको छ ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक दर्ता भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट खानी तथा खनिज पदार्थ विधेयक दर्ता भएको छ ।

राष्ट्रिय सभामा दुई विधेयक दर्ता भएका छन् । जसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक र कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट संक्रामक पशु रोग (नियन्त्रण) विधेयक दर्ता भएको हो ।

संसद् सचिवालयका अनुसार यसअघि प्रतिनिधिसभामा आठवटा विधेयक छन् । सबै विषयगत समितिमा छन् । ती विधेयकमा अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्न बनेको विधेयक, यसबाहेक राष्ट्रिय सेवा दल विधेयक, नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक छन् । राष्ट्रिय सभामा उत्पत्ति भएको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, पर्यटन विधेयक, चलचित्र विधेयक, आभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक पारित भई सन्देशसहित प्रतिनिधिसभामा आएर समितिमा छन् ।

दोहोरो सुविधा हटाउने विधेयक

प्रधानमन्त्री बालेन्द्र शाहले दर्ता गरेको संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयकमा दोहोरो सुविधा हटाउने प्रस्ताव छ । सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको वा पाउने अवस्था भएको कुनै व्यक्ति संवैधानिक निकायको प्रमुख पदाधिकारी वा पदाधिकारीको पदमा नियुक्त भएमा त्यस्तो व्यक्ति सो पदमा बहाल रहेसम्म निवृत्तिभरण पाउनेछैन भनिएको छ । यो व्यवस्था गर्नुको कारण प्रधानमन्त्री शाहले 'संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त भई बहाल भएमा निजले उक्त पदमा रहँदा तलब, भत्ता र अन्य सुविधाको साथै निवृत्तिभरणसमेत पाउने हुँदा दोहोरो सुविधा हटाउन आवश्यक भएकाले' भनेका छन् ।

विधेयकमा 'संवैधानिक निकायका पदाधिकारीले कुल सेवावधि जोड्न चाहेमा त्यस्तो पदाधिकारीले संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति भएको मितिदेखि पाएको निवृत्तिभरण रकम संघीय सञ्चित कोषमा फिर्ता गरी सोको भर्पाई त्यस्तो सेवावधि जोड्ने निकायमा पेस गर्नुपर्ने' पनि भनिएको छ । यसको कारणमा 'संवैधानिक निकायको पदाधिकारीको दोहोरो सुविधा नपाउने गरी ऐनमा प्रस्ट व्यवस्था गर्न आवश्यक भएकाले' भनिएको छ ।



प्रतिनिधिसभा

- **प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय** : पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन)
- **अर्थ मन्त्रालय** : कर्मचारी सञ्चय कोष (दसौँ संशोधन)
- **युवा, श्रम तथा रोजगार मन्त्रालय** : बालश्रम (निषेध तथा नियमित गर्ने)
- **कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय** : मेलमिलापसम्बन्धी (दोस्रो संशोधन)
- **परराष्ट्र मन्त्रालय** : राहदानी (पहिलो संशोधन)
- **महिला, बालबालिका मन्त्रालय** : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन)
- **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** : खानी तथा खनिज पदार्थ

राष्ट्रिय सभा

- **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** : आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी
- **कृषि, वन तथा पर्यावरण मन्त्रालय** : संक्रामक पशुरोग (नियन्त्रण)

प्रदेश र पालिकाका कर्मचारीलाई कोषमा आबद्ध गराउने प्रस्ताव

अर्थमन्त्री स्वर्णिम वाग्लेले दर्ता गरेको कर्मचारी सञ्चय कोष (दसौँ संशोधन) विधेयकमा प्रदेश र पालिकाका कर्मचारीलाई कोषमा आबद्ध गराउने प्रस्ताव छ । हाल नेपाल सरकार र संगठित संस्थाका कर्मचारी, अन्य कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिका निमित्त सञ्चय कोष, निवृत्तिभरण कोषलगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ कार्यान्वयनमा छ ।

बालबालिकालाई श्रम गराउनेलाई कडा सजाय

श्रममन्त्री रामजी यादवले दर्ता गरेको बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयकमा बालबालिकालाई १८ वर्ष नपुगुन्जेल काममा लगाउन नहुने र लगाएमा रोजगारदातालाई एक वर्षसम्म कैद र दुई लाखसम्म जरिवाना गर्ने प्रस्ताव छ । विधेयकमा न्यूनतम उमेर नपुगेका बालबालिकालाई काममा लगाउन निषेध गर्नुका साथै कानुनबमोजिम काममा लगाउँदा सूचना तथा विवरण दिने, स्वास्थ्य परीक्षण गराउने, तालिम, कार्यघण्टा, पारिश्रमिक तथा सुविधासम्बन्धी रोजगारदाताले पालना गर्नुपर्ने दायित्वका साथै निरीक्षण, पुनर्स्थापना, कसुर र सजाय, क्षतिपूर्ति, अनुसन्धान र मुद्दा दायरीसम्बन्धी व्यवस्थाहरू पनि समेटिएका छन् । जसले बालश्रम निषेध र नियमनलाई थप प्रभावकारी बनाउने सरकारको अपेक्षा छ ।

न्यायाधीश नै मेलमिलापकर्ता

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले दर्ता गरेको मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयकमा न्यायाधीशले नै मेलमिलापकर्ताको काम गर्न सक्ने परिकल्पना गरिएको छ । विधेयकमा मुख्य रूपमा विवाद समाधानमा मेलमिलापका लागि नियुक्त हुने मेलमिलापकर्ताको संख्यासम्बन्धी व्यवस्था सरलीकृत गरी मेलमिलाप प्रक्रियालाई सहज बनाउने, पाँचजना वा सोभन्दा बढी न्यायाधीश कार्यरत रहेको जिल्लामा जिल्ला न्यायाधीशहरूमध्येबाट प्रधानन्यायाधीशले तोकेको न्यायाधीशले त्यस्तो अदालतमा दायर भएको मुद्दामा पक्षबाट कुनै सेवा सुविधा नलिई मेलमिलापकर्ताको रूपमा काम गर्ने सक्ने, वाणिज्य क्षेत्रसँग सम्बन्धित विवाद मेलमिलापबाट समाधान गर्नेसमेत कामका लागि वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति गठन गर्ने, मेलमिलाप समन्वय समितिको संरचनालाई प्रदेश तथा जिल्लास्तरमा समेत विस्तार गरी प्रदेश मेलमिलाप समन्वय समिति र जिल्ला मेलमिलाप समन्वय समिति गठन गर्ने, सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहको सहयोग तथा सहकार्यमा समुदायले स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्न सक्ने विषयहरू समावेश छन् ।

अस्थायी राहदानीको प्रस्ताव

परराष्ट्रमन्त्री शिशिर खनालले दर्ता गरेको राहदानी (पहिलो संशोधन) विधेयकमा विदेशमा अलपत्र अवस्थामा रहेका वा उद्धार गर्नुपर्ने नेपाली नागरिक वा नाबालकको जन्मदर्ता नभएको वा अन्य विशेष परिस्थितमा नेपाली राहदानी आवश्यक परेको अवस्थामा अस्थायी राहदानी जारी गर्नुपर्ने व्यवस्था प्रस्ताव छ ।

विधेयकमा अन्तर्राष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्नु, अस्थायी, कूटनीतिक तथा विशेष राहदानीसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नु, राहदानीको वितरण प्रक्रियालाई सेवाग्राहीमुखी बनाउनु, राहदानी रद्द गर्ने, जारी नगर्ने वा रोक्का राख्ने प्रक्रियालाई स्पष्ट पारी हाल कायम रहेको द्विविधा हटाई सहज र व्यावहारिक बनाउनु, विशेष अवस्थामा विदेशमा रहेका नाबालकलाई नियोगद्वारा जारी गरिनुपर्ने अस्थायी राहदानीको विषयमा व्यवहारमा देखिएका समस्याको समाधान गर्नु, कसुर र सजायलाई समयसापेक्ष बनाई राहदानीको दुरुपयोग भए-गरेमा दण्ड-सजायको व्यवस्था गर्ने उद्देश्यहरू राखिएको छ ।

मानव बेचबिखनविरुद्ध तीनवटै तहमा संयन्त्र

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले दर्ता गरेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयकमा तीनवटै तहमा संयन्त्र निर्माण गर्ने प्रस्ताव छ । विधेयकमा संगठित अपराधका रूपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्ने, बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने, स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने र दण्ड-सजायको दायरालाई फराकिलो बनाउने उद्देश्य राखिएको छ ।

खनिजको अवैध उत्खनन रोक्ने प्रस्ताव

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले दर्ता गरेको खानी तथा खनिज पदार्थ विधेयकमा खनिज कार्यमा पारदर्शिता, जवाफदेहिता तथा नियमनलाई प्रभावकारी बनाउन तथा गैरकानुनी खनिज कार्य, अवैध उत्खनन एवं राजस्व चुहावट नियन्त्रण गर्ने प्रस्ताव छ । विधेयकमा 'खनिज र खनिज क्षेत्रको वैज्ञानिक व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण, अन्वेषण तथा उत्खनन प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र सहज बनाउन, रणनीतिक, सामरिक तथा रेडियोधर्मी खनिज पदार्थको नियमन गर्न, भौगर्भिक अनुसन्धान तथा भूकम्पमापन कार्यलाई कानुनी आधार प्रदान गर्न तथा संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अधिकार क्षेत्र स्पष्ट गर्ने' उद्देश्य राखिएको छ ।

पशुरोग नियन्त्रणमा तीनै तहको भूमिका तोक्ने प्रस्ताव

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले दर्ता गरेको संक्रामक पशुरोग (नियन्त्रण) विधेयकमा संघ, प्रदेश र स्थानीय तहको अधिकार तथा जिम्मेवारी स्पष्ट रूपमा बाँडफाँट गरिएको छ । पशुमा लाग्ने संक्रामक रोग र महामारीजन्य संक्रामक पशुरोगको पहिचान, प्रतिकार्य रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गरी पशु स्वास्थ्य र पशुजन्य उत्पादनको सुरक्षा गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न विधेयक ल्याइएको मन्त्री चौधरीले उल्लेख गरेकी छिन् ।

समयमा यात्रु नउडाए क्षतिपूर्ति

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले दर्ता गरेको आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयकमा 'निर्धारित मिति र समयमा यात्रुलाई उडान गराउन नसकेमा सुविधा र क्षतिपूर्ति दिनुपर्ने' भनिएको छ । यात्रुको मालसामानको पनि क्षति भएमा क्षतिपूर्ति दिनुपर्ने भनिएको छ । विधेयक ल्याउनुको कारणमा भनिएको छ, 'आन्तरिक वायुसेवालाई सुरक्षित, भरपर्दो, गुणस्तरीय तथा जिम्मेवार बनाई हवाई यात्रुको अधिकार संरक्षण गर्दै दुर्घटनाबाट यात्रुलाई लाग्न सक्ने चोटपटक वा हुन सक्ने अंगभंग वा मृत्यु वा उडान विलम्ब, यात्रा स्थगनलगायत कारणले यात्रु, मालसामान वा तेस्रो पक्षमा पुग्न सक्ने क्षति सम्बन्धमा आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी कानुनी व्यवस्था गर्न आवश्यक भएकोले ।'

संक्षेप

घृणा फैलाउनेबाट टाढा रहन पूर्वराष्ट्रपति भण्डारीको अपिल

काठमाडौं / पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विभाजनको प्रयासबाट टाढा रहेर राष्ट्रिय एकता, सामाजिक सद्भाव र कानुनी शासनलाई सुदृढ बनाउने काममा जिम्मेवार भूमिका निर्वाह गर्न देशवासीलाई अपिल गरेकी छिन् । नेपाल कम्युनिस्ट पार्टीका पूर्वमहासचिव स्वर्गीय तुल्सीलाल अमात्यको स्मृति दिवसका अवसरमा तुल्सीलाल प्रतिष्ठानले आइतबार आयोजना गरेको कार्यक्रममा उनले त्यस्तो अपिल गरेकी हुन् । 'केही दिनयता सुनसरीलगायत पूर्वी तराईका जिल्लामा भएको हिंसा र तनावले सबैको ध्यानाकर्षण गराएको छ । नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिकयुक्त विविधतामा भरिएको मुलुक हो । आपसी सम्मान, सहिष्णु, सामाजिक सद्भाव नै राष्ट्रिय एकताको आधार हो । आजको संवेदनशील परिस्थितिमा सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइलाई संयमता अपनाउन, अफवाह, घृणा र विभाजनको प्रयासबाट टाढा रहन सधैं राष्ट्रिय एकता, सामाजिक सद्भाव र कानुनी शासनलाई सुदृढ बनाउन आ-आफ्नो स्थानबाट जिम्मेवार भूमिका निर्वाह गर्न अपिल गर्दछु,' भण्डारीले भनिन् ।

आयुर्वेद चिकित्सा परिषद्को अध्यक्षमा चारजना प्रतिस्पर्धी

काठमाडौं / स्वास्थ्य मन्त्रालयले नेपाल आयुर्वेद चिकित्सा परिषद्को अध्यक्ष पदका लागि डा. जया सत्याल, डा. देवकला भण्डारी, डा. श्यामबाबु यादव र डा. सिद्धार्थकुमार ठाकुर गरी चारजनाको नाम सार्वजनिक गरेको छ । सोमबार अन्तर्वार्ता र प्रस्तुतीकरण तोकिएको छ । उम्मेदवारहरूको सूचीबारे आयुर्वेद विशेषज्ञ चिकित्सक समाजले नै भ्रम फैलाएको आरोप लागेको छ । समाजले छनोट प्रक्रियालाई नै बिथोल्न खोजेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । 'उम्मेदवारबारे कानुनी हिसाबले कुनै द्विविधा छैन, कसैले म्यानुपुलेट गरेको छ, हामी नियमभन्दा बाहिर गरेका छैनौं, नेपाल आयुर्वेद चिकित्सा परिषद् ऐन, २०७५ ले जे भनेको छ त्यहीअनुसार छनोट प्रक्रिया भइरहेको छ,' स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले भने, 'जया सत्यालको बारेमा फैलाइएको भ्रम सत्य होइन, उहाँ नेपालमै पढेको चिकित्सक हो, स्नातकोत्तर तह चीनमा पढेपछि त्रिविले इकुभ्यालेन्ट गरेको छ, यो नियमसंगत नै छ, अदालतले पनि फैसला गरेको विषय हो, ऐनको व्यवस्थाभन्दा फरक छैन, भ्रम फैलाउनुको कुनै अर्थ छैन ।'

ब्राउन सुगरसहित दम्पती पक्राउ

बाँके / प्रहरीले ३८ ग्राम ७५० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित एक दम्पतीलाई पक्राउ गरेको छ । नेपालगन्ज उपमहानगरपालिका- १९, कटलियाबाट प्रहरीले कटलियाका ३० वर्षीय सुरेश बर्मा र उनकी २४ वर्षीया पत्नी अनिता बर्मालाई पक्राउ गरेको बाँके प्रहरी प्रवक्ता डिएसपी प्रतितसिंह राठौरले जानकारी दिए । लागुऔषध कारोबार भइरहेको विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो नेपालगन्ज र जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरी टोलीले बर्माको घरमा 'खानतलासी गर्दा ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको उनले बताए । 'खानतलासीका क्रममा सुरेशको साथबाट ३७ ग्राम ५५० मिलिग्राम र अनिताको साथबाट एक ग्राम २०० मिलिग्राम गरी जम्मा ३८ ग्राम ७५० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको छ,' डिएसपी राठौरले भने ।उनीहरूलाई लागुऔषधसम्बन्धी कसुरमा पक्राउ गरी थप अनुसन्धानका लागि बाँके जिल्ला अदालतबाट १० दिनको म्याद थप भएको उनले बताए । 'अनुसन्धानका लागि अदालतबाट १० दिनको म्याद थप भएको छ । प्रहरीले बरामद भएको पदार्थबारे अनुसन्धान गरिरहेको छ,' उनले भने ।

आगलागीबाट खण्डहर गोदाम र सटर



गोकर्णेश्वर नगरपालिका- ५, गोठाटार पहँलो पुलनजिक रवीन्द्र भट्टराईले सञ्चालन गरेको गोदाम र सटरमा विद्युत् सर्ट भई शनिबार राति आगलागी हुँदा एक दर्जनभन्दा बढी भौतिक संरचनामा क्षति भएको छ । आगलागीबाट भएको क्षतिको विवरण संकलन हुने क्रममा रहेको प्रहरीको भनाइ छ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सत्ता लम्ब्याउँदै अल्पमतमा परेका मुख्यमन्त्री शाह

धनगढी / सुदूरपश्चिममा नयाँ सरकार गठन हुन अझै केही समय लाग्ने देखिएको छ । मुख्यमन्त्री कमलबहादुर शाह तत्काल मार्गप्रशस्त गर्न तयार नदेखिएकाले नयाँ सरकार गठन हुन केही दिन लाग्ने देखिएको हो ।

सरकार गठनका लागि नेपाली कम्युनिस्ट पार्टी र एमाले मुख्यमन्त्री शाहको निर्णय पर्खाइमा छन् । गत ३१ असारमा अल्पमतमा परेका मुख्यमन्त्री शाह भने संविधानले दिएको समयसीमासम्म जिम्मेवारीमा रहिरहने मनस्थितिमा छन् ।

एमालेसँग सत्ता सहकार्यको सहमतिपछि सरकारको नेतृत्व गर्ने तयारीमा रहेको नेकपाले मुख्यमन्त्री शाहलाई नयाँ सरकार गठनको बाटो खोलिदिन आग्रह गरिसकेको छ । मुख्यमन्त्री भने अहिले नै राजीनामा नगर्ने अडान लिएका छन् ।

संविधानअनुसार सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वासको मत लिनुपर्छ । मुख्यमन्त्री शाहले संविधानको सोही समयसीमाभित्र रहेर विश्वासको मत लिने वा राजीनामा दिने विकल्पमा निर्णय लिने बताएका छन् । 'संविधानले दिएको समय सीमाभित्रै निर्णयमा पुग्छु, त्यसका लागि अझै केही दिन छ,' नयाँ पत्रिकासँग उनले भने ।

एमालेले समर्थन फिर्ता लिएपछि गत ३१ असारमा अल्पमतमा परेका मुख्यमन्त्री शाहसँग २९ साउनभित्र विश्वासको मत लिने वा राजीनामा दिने विकल्प छ । एमालेसँगको सहमतिअनुसार सरकारको नेतृत्व गर्ने तयारी रहेको नेकपाले भने प्रदेशमा बजेटविहीनताको स्थिति रहेकाले राजीनामा दिएर जतिसक्दो चाँडो नयाँ सरकार गठनको बाटो खोलिदिन दबाब दिएको छ ।

नेकपा संसदीय दलका उपनेता प्रकाश रावलले मुख्यमन्त्री पद छोड्न तयार नदेखिएकाले यो महिनाको अन्तिमतिर मात्र नयाँ सरकार गठन हुने स्थिति रहेको बताए । 'प्रदेशमा बजेट रिक्तताको स्थिति छ । यो स्थिति लामो समय जान नदिन पनि जतिसक्दो चाँडो नयाँ सरकार गठन आवश्यक छ,' उनले भने, 'अल्पमतमा परिसकेका मुख्यमन्त्रीले यस्तो अवस्थामा नैतिकता देखाएर आफैं पद छोड्नुपर्ने हो ।'

१५ बुँदे मागसहित चार दिनदेखि अनशनमा नर्स ज्योति

श्रमशोषण र विभेदपूर्ण व्यवहार गरेको भन्दै नर्सहरू आन्दोलित

शिवहरि घिमिरे / नयाँ पत्रिका

अस्पतालहरूले श्रमशोषण र विभेदपूर्ण व्यवहार गरेको भन्दै नर्सहरू आन्दोलित बनेका छन् । १५ बुँदे पेसागत मागसहित नर्स ज्योति रानाभाट चार दिनदेखि आमरण अनशनमा बसेकी हुन् । उनको मागमा नेपाल नर्सिङ संघ तथा निजी र सरकारी अस्पतालमा कार्यरत नर्सहरूले ऐक्यबद्धता जनाएका छन् ।

अनशनरत नर्स रानाभाटको मागमा सरकारले ठोस पहल गरेको छैन । यसअघि चिकित्सकका मागमा तदारुकता देखाएको सरकारले सबैभन्दा धेरै ड्युटीमा खटिने नर्सिङबारे बेवास्ता गरेको नर्सिङ संघको आरोप छ । 'नर्सका पीडामा विगतदेखि बेवास्ता गरिएको छ, सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूको तलब, सेवा-सुविधा र पेसागत अधिकार कमजोर छ,' नेपाल नर्सिङ संघकी अध्यक्ष चन्द्रकला शर्माले भनिन्, 'विगतमा भएका सम्झौता पनि कार्यान्वयन भएनन्, नर्स अनशनमा बस्नुको कारण यसअघि सरकारले नै गरेका प्रतिबद्धता कार्यान्वयन गरोस् भने हो ।'



- नेपाल नर्सिङ संघकी अध्यक्ष **चन्द्रकला शर्मा** भन्छिन्- नर्सका पीडामा विगतदेखि बेवास्ता गरिएको छ, सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूको तलब, सेवा-सुविधा र पेसागत अधिकार कमजोर छ । विगतमा भएका सम्झौता पनि कार्यान्वयन भएनन्, नर्स अनशनमा बस्नुको कारण यसअघि सरकारले नै गरेका प्रतिबद्धता कार्यान्वयन गरोस् भने हो ।

शर्माका अनुसार ४ कात्तिक ०८२ नर्सहरूले देशव्यापी आन्दोलन गरेका थिए । १५ कात्तिकमा स्वास्थ्य मन्त्रालय, नर्सिङ संघ र अन्य सरोकारवाला पक्षबिच भएको सम्झौता भएको थियो । जसमा तलब-भत्ता, सेवा-सुविधा तथा पेसागत अधिकार बढाउने सहमति भएको थियो । तर, त्यसको कार्यान्वयन भने हुन सकेको छैन । विगतका माग कार्यान्वयन नभएको भन्दै रानाभाट चार दिनअघिदेखि अनशन बसेकी हुन् । रानाभाटको स्वास्थ्य अवस्था बिग्रँदै गएपछि वीर अस्पतालमा उपचार थालिएको छ ।

नर्सको सेवा-सुविधा बढाउनुपर्ने, विगतको सम्झौताअनुसार निजी अस्पतालले तलब सुविधा नदिएको, कार्यबोझ थपेकाले पुनर्विचार गर्नुपर्ने, निजीले सरकारीसरह तलब दिनुपर्ने, विगतका सबै सम्झौता कार्यान्वयन गर्नुपर्ने, पढाइअनुसारको तह हुनुपर्ने, डाक्टर र नर्सको एकै तहको पढाइमा विभेद गर्न नहुने, नर्सको क्षमता विकासका लागि तालिम दिनुपर्ने, निजी र सरकारी अस्पतालमा नर्सको दरबन्दी बढाउनुपर्ने, बिरामीको संख्याअनुसार नर्सको संख्या मिलाउनुपर्ने, नर्सिङमा स्नातकोत्तर गरेकालाई सरकारी अस्पतालमै पनि छैटौं र सातौंमा पठाउन नहुने, स्नातकोत्तर गरेका डाक्टरसरह (नवौं र दसौं तह) मान्नुपर्नेलगायत माग रानाभाटले राखेकी छिन् ।



नर्सिङ काउन्सिलमा चार दिनदेखि अनशनरत नर्स ज्योति रानाभाट

आइतबार स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटासहितको टोली अस्पताल पुगेर रानाभाटलाई भेटेका थिए । देवकोटाले सबै माग मन्त्रालयसँग मात्रै सम्बन्धित नरहेको भन्दै सबैसँग समन्वय गरेर माग पूरा गरिने आश्वासन दिए ।

अनशनरत नर्स रानाभाटले अस्पतालहरूले दिएको तलबले आफूहरूको खर्चसमेत टार्न नसकेको गुनासो गरिन् । 'नर्सहरूले आफ्नो खर्च पनि जुटाउन सकेका छैनन्, अस्पतालले दिने तलबले गाडी भाडा पनि तिर्न पुग्दैन, एकदमै तल्लो तहको कामका रूपमा हेरिएको छ,' उनले भनिन्, 'लेबरकै रूपमा अस्पतालहरूले व्यवहार गरिहेका छन्, हामीले राम्रो प्रोफेसन हो भनेर छनोट गरेर पढेका हौं, तर लेबरभन्दा पनि तल्लो दर्जामा राखेर हेर्नुभएको छ ।' बिरामीको प्रत्यक्ष हेरचाह, औषधि व्यवस्थापन, आकस्मिक उपचार, प्रसूति सेवा, सघन उपचार कक्षदेखि अन्तिम क्षणसम्मको सेवामा नर्सहरूको भूमिमा उच्च हुन्छ । तर, यही जनशक्तिलाई अस्पतालहरूले कम सुविधा दिने गरेका छन् । कतिपय अस्पतालमा मासिक तलबले जीवनयापन गर्नसमेत कठिन हुने गरेको उनीहरूको भनाइ छ । लामो ड्युटी, अतिरिक्त समयको उचित पारिश्रमिक नपाउने, बिदा र सामाजिक सुरक्षामा समेत विभेद हुने गुनासो नर्सहरूले बताउँदै आइरहेका छन् ।

सरकारले सरकारी मेडिकल कलेजसरह पारिश्रमिक दिन पटक-पटक निर्देशन दिए पनि त्यसको बेवास्ता गर्दै निजी मेडिकल कलेजले नर्सहरूमाथि श्रमशोषण जारी राखेका छन् । स्वास्थ्य मन्त्रालयले २७ मंसिर ०८१ मा सबै स्वास्थ्य निजी स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई सरकारीसरह तलब सुविधा दिन परिपत्र गरेको थियो । नर्सिङ कर्मचारीको पाँचौं/छैटौं तहलाई सरकारीमा ३४ हजार रुपैयाँ तलब दिने गरिएको छ । तर, निजीले १९ हजारभन्दा कम तलब दिने गरेका छन् ।

संसदीय मर्यादामा चलोस् सरकार

सरकार संसदीय व्यवस्थाको परम्परा, 'कन्भेन्सन कल्चर' र मर्यादामा चल्नुपर्छ, संसद्बाट जवाफ दिएर विपक्षीलाई चुप लगाउने कर्तव्य प्रधानमन्त्रीको हो



● बलराम केसी

अग्रलेख

खेलको नियम पालना सबैले गर्नुपर्छ। हारियो भने अर्को 'टुर्नामेन्ट' पर्खनुपर्छ। राजनीति पनि खेल हो। यसको पनि नियम छ। चुनाव जित्ने दलको सरकार बन्छ। राजनीतिक खेलमा हार्ने टिमले सरकारलाई सडकबाट ढाल्ने प्रयास गर्नुहुँदैन। असभ्यले मात्र त्यस्तो गर्छ। चुनाव हराइयो भनेर भ्रम फैलाउन हुँदैन। नयाँ सरकारको रिस गर्नुभन्दा हारको समीक्षा गर्नुपर्छ। रिसले आफैंलाई खान्छ, बुद्धिले अरूलाई खान्छ। सरकार ढाल्ने सपना देखेर जनतालाई 'मिस इन्फर्म्ड, डिस इन्फर्म्ड र मिस लिड' गरेर झुक्याउन हुँदैन। बहुमतको सरकार ढालेर देश अस्तव्यस्त गराउन पाइँदैन।

३०८ धाराको संविधानमा २४५ धारा काम नलाग्ने बनाइएछ भनेर आत्मालोचना गर्नुपर्नेमा पुनः प्रधानमन्त्रीको सपना देख्न हुँदैन। तपाईंहरू कहिले सुध्रने हो ? आठ वर्ष लगाएर अर्बौं खर्च गरेर बनाइएको संविधान लागू भएको १२ वर्षसमेत हिसाब गर्दा २० वर्ष खेर गएकोमा चिन्ता छैन। प्रधानमन्त्री हुन नपाएकामा मात्र चिन्ता देखियो नेतागणमा। चिन्ता सरकार ढाल्नेपट्टि गयो। चिन्ता कसरी प्रधानमन्त्री बन्ने भन्नेमा छ। नेपाल प्रधानमन्त्रीहरूबाट 'पीडित' देश हो। देशको समस्या नै प्रधानमन्त्रीहरू बने पनि देश नबन्नु नै हो। सबैभा 'म कतिपटक प्रधानमन्त्री बन्न सक्छु र कति टिक्न सक्छु' भन्ने मात्र चिन्ता भयो। संशोधन गर्दा 'प्रधानमन्त्री दुईपटक मात्र बन्न सक्ने' व्यवस्था राख्नुपर्छ अब। प्रतिबन्धात्मक वाक्यांश राखेर 'यो संशोधन लागू हुनुअगाडि प्रधानमन्त्री भइसकेको पटकसमेत गणना हुनेछ' भन्ने व्यवस्था नराख्ने हो भने वा नयाँ संविधान नै बनाए पनि सिसी नयाँ तर रक्सी पुरानै हुनेछ। याद रहोस्, पुरानाले यो व्यवस्था संशोधन गर्न दिँदैनन्।

संशोधन गर्दा 'आधारभूत संरचना' राख्नुपर्छ। सरकार गठनको पहिलो दुई वर्ष सरकार हटाउन नपाउने व्यवस्था हुँदा त दुई वर्षमा चारवटा सरकार ढाल्ने काम भयो। दुईपटक त संसद् विघटन नै गरे। भविष्यमा पनि अर्को सातबुँदे सहमति गरेर जे पनि गर्न सक्छन्। त्यसैले, संशोधन गर्न नपाइने केही आधारभूत संरचना नराख्ने हो भने संशोधनको अर्थ हुँदैन। ८० प्रतिशत अर्थात् २४५ वटा धारा संशोधन भनेको नयाँ गाडी खरिद गर्नु नै बेस भनेजस्तो हो। यो नेताले सोच्ने कुरा हो।


सरकार सञ्चलनमा परिपक्वता कम देखिन्छ। कुनै विषयमा प्रधानमन्त्री एकातर्फ मन्त्रीहरू अर्कातर्फ देखिन्छ। सरकार संसदीय मान्यताभन्दा फरक ढंगले चलिरहेको देखिन्छ। यसले कुनै दिन संवैधानिक संकट ननिम्त्याओस्। प्रजातन्त्र भनेको 'इन्फर्म्ड' जनताको बहुमतबाट जिल्लेले देश चलाउने व्यवस्था हो। चुनाव हारेका दलले समाजलाई 'मिस इन्फर्म्ड', 'डिस इन्फर्म्ड' र 'मिस लिड' गरेर सरकार ढाल्ने प्रजातन्त्र हो भनेर झुक्याइरहेका छन्। ढुंगामुढा, तोडफोड, सार्वजनिक सम्पत्ति नाश गरेर सरकार ढाल्न पाइन्छ भन्ने भ्रम फैलाइएको छ।

समस्या जनता र संविधान होइनन्। समस्या गणतन्त्रका ज्येष्ठ नेताको प्रधानमन्त्री पदको लोभ र 'संसदीय कल्चर'को अभाव हो। संसदीय कल्चरको नेता भनेको बेलायतको हालै राजीनामा गरेका प्रधानमन्त्री 'किथ स्टार्मर' हुन्। हाम्रोमा पद गएको विपक्षी दल होइन, विद्रोही दल बन्ने संस्कार बन्यो।

सरकार अमेरिकाको, भारतको, होली वाइनको, बारबरा फाउन्डेसनको र धाँधली गरेर बनेको भन्ने भ्रम फैलाइएको छ, आधार भने दिएका छैनन्। यो सरकार नेपालीले आफूले चाहेअनुसार मतपेटिकामा खसालेको मतबाट बनेको सरकार हो। यो सरकार गठनपछि कुनै भ्रष्टाचार काण्ड सुनिएको छैन। सरकार गठनपछि गरेका निर्णयले नेपालीमा ठुलै आशा पनि जगाएको थियो। तर, त्यसपछि प्रधानमन्त्रीको 'एक्लो दौड' र संसद्लाई नटेर्ने 'अटेरी स्टाइल'बाट आमनेपाली मतदाता चिन्तित हुँदै गएका छन्।

सरकारको प्रगति 'रिपोर्ट' ८७ प्रतिशत सार्वजनिक भइको छ। संसद्प्रति उत्तरदायी हुने सरकारले देखाएको तथ्यांक साँचो मान्नुपर्छ। कुशासन र भ्रष्टाचारले भरिएको प्रशासनिक संयन्त्र यो सरकारले सम्हालेको हो। उसले देशमा शुद्धीकरण र विकास निर्माणको जग बसाल्न खोज्दै छ। तर, विपक्षी दलको सट्टा 'विद्रोही' बनेका दलले जनतामाझ भ्रम छरेर अशान्ति मच्चाएर सरकार ढाल्ने योजना बनाइरहेका छन्। कसरी ढाल्ने ? किन ढाल्ने ? के गरेर ढाल्ने ? तत, ढालिसकेपछिको रोडम्याप भने छैन।

घाँटीभरि माला, शिलान्यास र अपूरो योजनाको उद्घाटन, कार्यकर्ताको भिडले घेरिएको, मोटर कारगेडको लस्करमा हुने सवारी, लाख पर्ने आयोजनालाई दुई लाख खर्चेर गर्ने



उद्घाटन, भाषणबाट मात्र विकास गर्ने, उद्घाटनपछि उद्घाटनस्थल गाईबाख्रा चर्ने मैदानमा परिणत हुने, समुद्रमा नेपाली पानिजहाजको सपना देखाउने, चुच्चे रेल, घरघरमा ग्यासको कथा सुनाउने 'संस्कार' वर्तमान प्रधानमन्त्रीमा देखिँदैन। उहाँ नचाहिने भाषण गर्नुहुन्न। विनाप्रचार, विनास्वागत, विनाफूलमाला, विनातामझाम, विनाशिल्यानास र उद्घाटन काम गरिरहेका प्रधानमन्त्री पाँच वर्षका लागि पुरानालाई खतरा देखेर सरकार ढाल्ने षड्यन्त्र बन्यो।

> आफूले पटक-पटक अवसर पाउँदा पनि केही गर्न नसक्ने, केही गरेर देखाउँछु भन्ने सरकारलाई गर्न नदिने र सरकार पनि आफ्नै सुरको बेलगाम घोडा बनिरहने अवस्थाले संसदीय मर्यादाको पालना गरेको छैन

सरकारको काममा केही सुधार आवश्यक देखिन्छ। जनतामा भ्रम छरेर रमाउनेले प्रधानमन्त्रीले सिंहदरबारमा बसेर चुपचाप काम गरेको सहन नसक्नु स्वाभाविक हो। सरकारका केही निर्णय सर्वोच्च अदालतबाट रोकिएका छन्। शक्ति पृथकीकरण गरिएको देशमा सर्वोच्च अदालतले कुनै निर्णय रोक्यो भने अदालतलाई दोष दिनुभन्दा सरकारले आफ्नो काम-कारबाहीमा 'रिभिजिट' गर्नुपर्छ। गल्ती रहेछ भने सुधार्नुपर्छ। सबैभा नहोला, तर केही निर्णयमा सरकारको परिपक्वता देखिएको छैन। सरकारको 'डिसिजन मेकिङ प्रोसेस'मा त्रुटि देखिएको छ। अदालतबाट पनि यदाकदा कुनै निर्णय र आदेश विवादास्पद नआएका होइनन्। तर, कानुनी शासनमा अदालतको आदेश सबैले मान्नुपर्छ। सरकार संसदीय व्यवस्थाको परम्परा, 'कन्भेन्सन कल्चर' र मर्यादामा चल्न नसकेको पनि हो। जनतामाझ भ्रम फैलाएर सरकारको बदनाम गरिने यस्तै कार्यले गर्दा हो।

भ्रममा पारिएकाहरूलाई संसद्बाट जवाफ दिएर विपक्षीलाई चुप लगाउने कर्तव्य प्रधानमन्त्रीको हो। तर, उहाँमा यही कमजोरी देखिएको छ। सरकार संसदीय कल्चरमा भिज्नुपर्छ। संसदीय व्यवस्थामा 'संसद् माइनस प्रधानमन्त्री' र राजनीतिक दल माइनस प्रधानमन्त्री, प्रधानमन्त्री माइनस राजनीतिक दल, क्याबिनेट, कलिग माइनस प्रधानमन्त्री र ब्युरोक्रेसी माइनस प्रधानमन्त्रीको कल्पना गर्दिँदैन। तर, बालेन सरकारका काम-कारबाहीबाट हुन नहुने कुनै लक्षण भने देखिएको छ। मेयर हुँदाको कामले गर्दा तीन करोड नेपालीले प्रधानमन्त्री बनाए। काठमाडौं फोहोरले भरिएको राजधानी थियो। अव्यवस्थित सवारी, खोला मिचेर, सार्वजनिक जग्गा मिचेर, सडक मिचेर, विनानक्सापास मनपरी घर बनाएर काठमाडौंलाई अव्यवस्थित सहर बनाइएको थियो। मेयर बालेन ती 'रड'लाई 'राइट' गरेर काठमाडौंलाई खुला म्युजियम बनाएर चर्चित हुनुभयो। काठमाडौं सुधारेकाले सिंगो नेपाल सुधार्नुहोला भनेर झ्रापाका मतदाताले काठमाडौंका मेयर बालेनलाई जिताएर प्रधानमन्त्री बालेन बनाएका हुन्। यो ऋण तिर्न 'जनतामैत्री प्रधानमन्त्री बालेन' बन्न सक्नुपर्छ। प्रधानमन्त्रीज्यू, याद गर्नुँ, अहिले तपाईंविरुद्धका दलले तपाईंको सरकार जसरी पनि पतन होस् भनेर अहोरात्र हवन लगाइराखेका छन्। आफैं ढाल्ने काम नगर्नुँ।

अन्त्यमा, (१) नेपाल सरकारले हालै सर्वोच्चका चार न्यायाधीशलाई महाभियोग लगाउने हल्ला छ। हो, होइन, थाहा भएन। तर, एकमुष्ट चार न्यायाधीशलाई महाभियोग लगाउन हुँदैन। देशभित्र र अन्तर्राष्ट्रिय समुदायमा पनि स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप गरेको आरोप लाग्छ। यस्तो कार्य गर्ने हो भने नयाँ चार न्यायाधीश नियुक्त गरेर रास्वपाले 'कोर्ट प्याकेजिङ' गऱ्यो भन्ने आरोप लाग्छ। सर्वोच्च अदालतका न्यायाधीशलाई महाभियोग नलाग्ने होइन, लाग्छ। तर, कुनै न्यायाधीशले काममा अक्षमता देखाएमा अथवा फैसलामा राजनीतिक झुकाव देखिएमा अथवा भ्रष्टाचारजन्य कामको प्रमाण देखिएमा सम्बन्धित न्यायाधीशलाई महाभियोग लाग्न सक्छ र लगाउनु पनि पर्छ। तर, विनाआधार 'कोर्ट प्याकेजिङ'का हिसाबले एकमुष्ट महाभियोग लगाएर न्यायाधीश त्रसित हुने वातावरण सिर्जना गर्नुहुँदैन।

'एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट वाच र इन्टरनेसनल कमिसन ज्युरिस्ट'ले पनि महाभियोग लगाउने भयो भनेर हल्ला फिँजाइरहेछन्। कानुनमन्त्रीले त होइन भनेकै हुन्। तीन वर्षअगाडि दुईपटक संसद् विघटन गर्दा तत्कालीन ओली सरकारले सार्वजनिक रूपमै संसद् विघटन बदर गर्ने दुई इजलासका १० न्यायमूर्तिलाई अभियोग लगाउने भनेर खाली कागजमा आफ्नै सांसदको सही गराएर राखेको सार्वजनिक छ। त्यतिबेला ती तीन निकाय बोलेनन्। तर, आज कानुनमन्त्रीले होइन भन्दाभन्दै पनि ती तीन निकायले कसरी बोले, यसको स्रोत र स्पष्टीकरण सरकारले ती निकायसँग माग्नैपर्छ र तिनले स्रोत खुलाउनु पनि पर्छ। तर, यसो गर्न सरकारले महाभियोग लगाउने कार्य भने गर्नुहुँदैन।

(२) विपक्षी दलले निर्वाचन स्वतन्त्र भएन भन्ने भ्रम नछर्नुँ। राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र स्वाभिमानको सुगारटान नगर्नुँ। युक्रेन हेर्नुँ, ग्रिनल्यान्ड हेर्नुँ। क्यानडा हेर्नुँ। ती देशलाई अमेरिकी राष्ट्रपतिले एकाउन्नौं राज्य बनाउँछु भन्दै हुनुहुन्छ। ती राष्ट्रमा कसैले पनि सार्वभौमसत्ता र देशप्रेम भजाएर राजनीति गरेनन्। कुनै दलको कुनै प्रधानमन्त्रीले चुनाव हार्दैमा देशको सार्वभौमसत्ता जाँदैन। कुनै दलको नेताले पनि सिंहदरबार चलाउन मजति जान्ने कोही छैन, म प्रधानमन्त्री भइनँ भने नेपाललाई भारतले सिक्किम बनाउँछ भन्ने भ्रम नफैलाऔं र आफू पनि भ्रममा नपर्नुँ। यो देश तीन करोड नेपालीको हो। नेपालीले बचाउँछन्।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

३ प्रश्न

आयल निगमका निर्देशक **विनीतमणि उपाध्याय**लाई



देशभर ग्यास आपूर्ति असहज देखिनुको खास कारण के हो ?

दुई महिनाअघि वैशाख र जेठमा ग्यासको खपत निकै घटेको थियो। तर, असार अन्तिमदेखि १४.२ किलोको पूर्ण तौलको सिलिन्डर प्रयोगमा ल्याउने निर्णय भएपछि उपभोक्ताले घरमा रहेका खाली सिलिन्डर साट्नतर्फ बढी ध्यान दिनुभएको छ। घरमा खाँचै भएर भन्दा पनि मौज्दात राख्न सिलिन्डर साट्ने प्रवृत्ति अहिले निकै बढेको छ। जसले गर्दा अहिले आपूर्ति असहज भएको हो भन्ने हाम्रो बुझाइ छ।

बजारको मागअनुसार ग्यास आयात भइरहेको छ कि छैन ?

ग्यास आयात सन्तोषजनक अवस्थामै भइरहेको छ। सामान्य अवस्थामा दैनिक ९५ बुलेटसम्म ग्यास आयात हुने गरेकामा अहिले एकै दिन १ सय ४३ बुलेटसम्म आयात भइरहेको अवस्था छ। आयातमा कुनै अवरोध पनि छैन। हामीले इन्डियन आयल कर्पोरेसनलाई अहिले आयात भइरहेको परिमाणभन्दा बढी उपलब्ध गराउन आग्रह पनि गरेका छौं। त्यसैले, आयातमा कमी भएर यस्तो अभाव देखिएको हो कि भन्ने आशंका पूर्णतः गलत छ।

आपूर्ति सहजताका लागि आयल निगमबाट केकस्ता प्रयास भइरहेका छन् ?

ग्यास नपाएको उपभोक्ताको गुनासो सुन्नका लागि हटलाइनको व्यवस्था गरिएको छ। उपत्यकामा सहज आपूर्ति व्यवस्था मिलाउन टेकुमा सामूहिक बिक्री केन्द्र राखिएको छ। बजारको अनुगमन र नियमनलाई तीव्रता दिइएको छ। आयात बढाउनेतर्फ पनि ध्यान दिइएको छ। उपभोक्ताले खालि सञ्चय गर्ने दृष्टिकोणले मात्र ग्यास खरिदका लागि लाइन लाग्ने काम गर्नु हुँदैन। केही दिनमै बजारमा ग्यास बिक्रीमा सहजता आउने छ।

प्रेरक प्रसंग

धनप्राप्तिका उपाय

आचार्य चाणक्यले आफ्नो चाणक्य नीतिमा धनप्राप्तिका लागि निम्न उपाय बताएका छन् :

पारिवारिक मेल : जुन घरको वातावरण लक्ष्मीको स्वागतका लागि पूर्णतः तयार हुन्छ, त्यस घरमा धनको कमी हुँदैन। जुन घरको वातावरणमा शान्ति हुन्छ, लक्ष्मी सोही घरमा प्रवेश गर्छिन्। परिवारका सदस्यबिच आपसी प्रेम र सद्भाव भएको घरमा मात्र लक्ष्मीको वास हुन्छ। जुन घरमा पति-पत्नीबिच प्रेमपूर्ण सम्बन्ध हुन्छ, लक्ष्मीलाई त्यही घरमा बस्न रमाइलो लाग्छ। परिणामतः उसको घरमा आर्थिक समृद्धिको आगमन हुन्छ।

मिठो भाषाको प्रयोग : लक्ष्मी रिसाउनु घरको आर्थिक स्थितिका लागि शुभ हुँदैन। यसबाट घरमा दरिद्रताको आगमन हुन्छ। जसको भाषा कठोर हुन्छ, जसले कटुशब्दको उपयोग गर्छ, उसले अरूका लागि पनि त्यस्तै शब्द या भाषाको प्रयोग गर्छ। त्यस्ता व्यक्तिलाई लक्ष्मीले कहिल्यै विश्वास गर्दिनन्। कटुभाषी मानिसको व्यापारदेखि जागिरसम्म कहीं कतै कहिल्यै प्रगति हुँदैन। जसको बोली मिठो छ, जसले बोल्दा मधुर शब्दको प्रयोग गर्छ, त्यो व्यक्ति नै आर्थिक रूपमा समृद्ध हुन्छ। त्यसैले, आर्थिक समृद्धिका लागि मिष्ठभाषा प्रयोग गर्नु जरुरी छ।



सहकर्मीसितको सुमधुर सम्बन्ध : जसले आफ्नो कार्यक्षेत्रका सहकर्मीसित सुमधुर सम्बन्ध बनाउन सक्छ, आर्थिक समृद्धि उसैलाई प्राप्त हुन्छ। सहकर्मीसित सहज तालमेल बनाउन सक्ने र उनीहरूलाई सम्मान गर्ने व्यक्तिदेखि लक्ष्मी खुसी हुन्छिन्। आफ्ना सहकर्मीको अधिकार र हितरक्षामा ध्यान दिने व्यक्तिले कहिल्यै धनहीन हुनुपर्दैन।

दानमा उदारता : अभावमा परेकालाई आफ्नो गच्छेअनुसार दान दिनु पुण्यकर्म हो। चाणक्यका अनुसार सम्पन्न मानिसले अभावमा परेका मानिसलाई सहयोग गर्नैपर्छ। अरूलाई सहयोग गर्ने व्यक्तिलाई लक्ष्मीले पनि सहयोग गर्छिन्। अरूलाई सहयोग गर्न कन्जुस्याइँ गर्ने व्यक्तिसित लक्ष्मी पनि रिसाउँछिन्। त्यसैले, समृद्धिका लागि अभावमा परेकालाई आआफ्नो गच्छेअनुसार सक्दो सहयोग गर्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारलाई काम गर्न नदिने ?

हो, अरूको भन्दा सरकारको जिम्मेवारी बढी नै हुन्छ, किनभने सरकार भनेको जनताको अभिभावक हो। उसले गर्ने कामले जनतामा प्रत्यक्ष असर पर्छ। ऊ सही दिशामा चल्न सक्यो भने जनताले राहत, सुविधा, प्रभावकारी सेवा र सुशासन पाउँछन्, होइन भने कष्टकर जीवन भोग्नुपर्छ। सरकार कुनै अमुक पार्टीको मात्र नभई सारा देशवासीको अभिभावक हो। त्यसकारण उसको जिम्मेवारी अरूको भन्दा बढी हुन्छ। तर, त्यसो भन्दैमा सरकारलाई घेराबन्दीमा पारेर केही गर्न नदिने अनि केही गरेन भनेर भन्नचाहिँ पाइन्न। प्रतिपक्षीको काम के हो ? मात्र सरकारको विरोध गर्नु हो ?

एउटा सांसदले आफ्नो निर्वाचन क्षेत्रको समस्या सरकारलाई भन्ने कि सरकारको विरोध गरेर समय खेर फाल्ने ? सांसदले नीति निर्माण गर्न कि नीतिविनाको 'सिस्टम' अँगाल्ने ? हिजो जे भयो भयो, अब आज त केही सकारात्मक काम गर, जनतामा देखिएको नैराश्यलाई चिर्न यो आवसरको सदुपयोग किन नगर्ने ? अन्य विकसित देशमा सरकारभन्दा प्रमुख प्रतिपक्षी बलियो हुन्छ, सरकारलाई सधैं खबरदारी गरी सचेत गराउँछ। हाम्रो देशमा भने त्यसको ठिक विपरीत स्थिति छ। सरकारले केही गरेन भनेर कराउने शैलीचाहिँ अलि भएन कि जस्तो लाग्छ। गरेको पनि हेर्नुपऱ्यो, नगरेको मात्र गलत प्रचार गरेर भएन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

कांग्रेस फुटाउने तयारी हो ?

कांग्रेसको संस्थापनइतर समूहले आगामी २९ साउनमा राष्ट्रिय कार्यकर्ता भेला आयोजना गर्ने घोषणा गरेर पार्टी फुटाउने तयारी गरेको छ। यस घोषणाले विगतमा पनि यस्तै भेला बोलाएर त्यसलाई महाधिवेशनको नाम दिई कांग्रेस फुटाए हिँडेको समूहले यसपटक पनि सोही खेल दोहोऱ्याउने तयारी गरेको छ। विगतमा पार्टी फुटाएर जाँदा पनि आशा जगाउन नसकेको यस खेमाका नेताले यसपालि पनि केही गर्न सक्ने अवस्था देखिन्न।

● **सन्तोष मरासिनी**, कालधारा, काठमाडौं

बिल नदिनेलाई के गर्ने ?

सरकारले सामान खरिद गरेर बिल लिने उपभोक्तालाई लक्षित गरी लट्टी योजना सार्वजनिक गरेको रहेछ। तर, अधिकांश व्यापारीले बिल दिनै मान्दैनन्। दिइहाले पनि नर्मल, पसलको नामै नभएको, भ्याट या प्यान नम्बर नभएको बिल दिन्छन्। अनि, त्यस्तो बिलको के अर्थ होला र ? के यसरी बिल नदिनेलाई सरकारले कारबाही गर्छ ? गर्छ भने हामीले खबर कहाँ गर्ने हो, प्रस्ट पारियोस्।

● **रुपाली महतो**, कलंकी, काठमाडौं

समाचारको खण्डन

२०८३ असार १७ मा नयाँ पत्रिका दैनिकमा प्रकाशित 'सरकारी अस्पतालको समेत स्वास्थ्य बिमामा नक्कली दाबी' शीर्षकको समाचारमा '...बिरामीको नाममा अस्पतालको धन्दा भने त्यहींबाट सुरु भयो...', '... नक्कली दाबीको विषयमा बिमा बोर्डसँग विवाद हुँदा टिचिङले साढे पाँच महिनासम्म बिमा सेवा नै गऱ्यो बन्द...' तथा '...आफ्नो मनपरीमा रोक लागेपछि टिचिङ अस्पतालले बोर्डलाई दबाब दिन सेवाग्राहीको अधिकारमाथि खेलबाड गऱ्यो' भनी भ्रामक एवं झुटा व्यहोरोसमेत उल्लेख गरिएको छ। स्वास्थ्य बिमा बोर्डले लामो समयदेखि अस्पताललाई बक्यौता रकम भुक्तान नगरे पनि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिरहेकामा आन्तरिक स्रोतले थेग्न नसकेपछि बाध्य भई अस्पताललले स्वास्थ्य बिमा कार्यक्रम बन्द गरेको थियो। हाल बोर्डले अस्पताललाई बक्यौताको आंशिक रकम प्रदान गरेको हुनाले अस्पताललले स्वास्थ्य बिमा कार्यक्रम पुनः सञ्चालन गरेको छ। अस्पताललले स्वास्थ्य बिमा कार्यक्रमबाट कुनै किसिमको गैरकानुनी फाइदा नलिएको प्रस्ट गर्दै सो समाचारको जोडदार खण्डन गर्दछौं।

● **भोजराज भट्ट**, प्रशासन प्रमुख
त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज, काठमाडौं

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

के हमास साँच्चै निःशस्त्रीकरण हुनेछ ?

हमासका नेताले पछिल्लो प्रक्रियामा सहमति जनाएका भए पनि निःशस्त्रीकरण इजरायलको गाजाबाट पूर्ण फिर्तीमा निर्भर रहने बताएका छन्



देश/विदेश

● क्रिस्चियन इमेरी
(इमेरी युनिभर्सिटी कलेज लन्डन (युएलसी) का अन्तर्राष्ट्रिय राजनीतिका सहप्राध्यपक हुन्)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बिहीबार हमास र गाजामा रहेका अन्य लडाकु समूहले हतियार बुझाउन सहमति जनाएको घोषणा गरे। ट्रम्पले यस घोषणालाई गाजापट्टीमा स्थायी शान्ति र सुरक्षातर्फको एक 'महत्त्वपूर्ण कदम' भनेका छन्। हमासको निःशस्त्रीकरणपछि प्यालेस्टिनी समितिलाई गाजामा प्रशासन हेर्ने अधिकार दिने र इजरायली सेना त्यस भागबाट फर्किने पनि उनले बताएका छन्। यो खासमा यसअघि गत वर्ष अक्टोबरमै हमास र इजरायलले सहमति जनाएको २० बुँदे शान्ति योजना हो।

हमासका नेताले पनि पछिल्लो प्रक्रियामा सहमति जनाएको बताएका छन्, तथापि समूहबाट वार्ता टोलीका एक सदस्यले आफूहरूको निःशस्त्रीकरण इजरायलको गाजाबाट पूर्ण फिर्तीमा निर्भर रहेको बताए। हमासले साँच्चै पूर्ण निःशस्त्रीकरणमा सहमत जनाएकै हो भने यो ४० वर्षदेखि इजरायलविरुद्ध वेस्ट बैंक, गाजापट्टी र पूर्वी जेरुसेलमको कब्जाविरुद्ध लडिरहेको समूहबाट एक ठुलो छुट हुनेछ। हमास सन् १९८७ मा इजरायलको कब्जाको प्रतिरोध गर्ने र प्यालेस्टिनी राजनीतिमा फताह पार्टीको प्रभुत्वलाई चुनौती दिने दोहोरो लक्ष्यसाथ गठन भएको थियो। समूहको सन् २०१७ को बडापत्रमा हमासले 'प्रतिरोध र यसको अस्त्र कमजोर पार्ने कुनै पनि प्रयासलाई अस्वीकार गर्ने' उल्लेख गरेको छ। त्यसै ठाउँमा समूहले 'सशस्त्र प्रतिरोध प्यालेस्टिनी जनताको सिद्धान्त र अधिकारको रक्षा गर्न रणनीतिक विकल्प हुने' उल्लेख गरेको छ।

खासमा प्यालेस्टिनीमाझ हमासको वैधता केन्द्रमा छ, उसले सञ्चालन गरिरहेका सशस्त्र प्रतिरोध। र, प्यालेस्टिनीका लागि पनि यो प्रतिरोध कुनै दिन प्यालेस्टिनी राज्य प्राप्त गर्ने आशासँग अभिन्न रूपमा जोडिएको छ। यसको अर्थ प्यालेस्टिनीहरू हमासको राजनीतिक तथा इस्लामिक एजेन्डासँग सहमत नहुँदानहुँदै पनि प्यालेस्टिनी राज्य निर्माणतर्फ यसको प्रयासका लागि यस आन्दोलनलाई सम्मान गर्छन्। धेरै प्यालिस्टिनी इजरायली नियन्त्रणविरुद्ध यसको निरन्तर सशस्त्र प्रतिरोधलाई या त राज्य प्राप्त गर्ने प्रयासलाई अगाडि बढाउने प्रयास वा इजरायलद्वारा प्यालेस्टिनी भूमिको नियन्त्रणलाई स्थायी बनाउने प्रयासलाई रोक्ने कदमका रूपमा हेर्छन्।

अक्टोबर २०२५ मा 'पिपुल्स कम्पनी फर पोल्स एन्ड सर्भे रिसर्च' नामक संस्थाले गरेको पछिल्लो सर्वेक्षणमा प्यालेस्टिनीको सबैभन्दा भर्खरको मतदानमा ६० प्रतिशत प्यालेस्टिनीहरू (जसमा वेस्ट बैंकमा बस्नेमध्ये ६६ प्रतिशत र गाजामा बस्नेमध्ये ५१ प्रतिशत) हमासको कामसँग सन्तुष्ट थिए। त्यस्तै ६९ प्रतिशत सहभागी (वेस्ट बैंकमा ८७ प्रतिशत र गाजामा ५५ प्रतिशत) गाजापट्टीमा हमासलाई निःशस्त्रीकरण गर्न नहुने बताइरहेका थिए। मतसर्वेक्षणलाई हेर्दा हमासले प्यालेस्टिनीमाझ कायम यति ठुलो समर्थनलाई गुमाउने जोखिम लेला भन्ने विश्वास गर्न गाह्रो छ।

प्रारम्भिक मिडिया रिपोर्टका अनुसार हमासको निःशस्त्रीकरणमा केवल हतियार आत्मसमर्पण गर्नु मात्र नभई गाजामा यसका सैन्य पूर्वाधार नष्ट गर्नुपर्ने कुरा पनि समावेश हुनेछ। यसअन्तर्गत हमासले गाजा क्षेत्रमा बनाएको व्यापक सुरुङ सञ्जाल, भारी हतियार, हतियार उत्पादन संयन्त्र र हतियार डिपो पनि समावेश हुनेछन्। गाजापट्टीको आमविनाशलाई ख्याल गर्दा यीमध्ये अब कति पूर्वाधार पनि बाँकी होलान् भन्न गाह्रो छ। यसको सैन्य शाखासँग वास्तवमा कति हतियार छन् भन्ने स्पष्ट छैन। पछिल्लो एक रिपोर्टले समूहसँग अझै दसौं हजार



स्वचालित राइफल र एन्टी-ट्यांक रकेटजस्ता भारी हतियार बाँकी हुन सक्ने औंल्याएको छ।

अन्य विवरण पनि स्पष्ट छैनन्। हमासलाई निःशस्त्रीकरण गर्ने जिम्मा कसले लिनेछ र त्यसको पुष्टि कसरी हुनेछ ? एकजना अमेरिकी अधिकारीले बिबिसीसँगको कुराकानीमा यसका लागि तेस्रो पक्ष सम्मिलित समिति बनाइने बताएका थिए।

साथै, हमास गाजापट्टीमा मात्र सक्रिय छैन। उत्तिकै प्रभावकारी नभए पनि समूहको वेस्ट बैंक र पूर्वी जेरुसेलममा पनि उपस्थिति छ। निःशस्त्रीकरण ती भेगका शाखामा पनि लागू हुन्छ या हुँदैन भन्ने स्पष्ट छैन।

वेस्ट बैंक र पूर्वी जेरुसेलममा प्यालेस्टिनीविरुद्ध कट्टरपन्थी यहुदी सेटलरले निरन्तर आक्रमण गरिरहेका कारण हमास वा अन्य प्यालेस्टिनी सशस्त्र आन्दोलनका सदस्यले भविष्यमा पनि हिंसाको प्रतिरोध गर्न खोज्नु अकल्पनीय छैन। अहिले निःशस्त्रीकरण गरेर र आफ्नो प्रशासनिक जिम्मेवारी त्याग्न सहमति जनाउनु हमासको रणनीतिक कदम हुन सक्छ। यसले समूहलाई इजरायलको आक्रमणबाट पुगेको गम्भीर क्षतिबाट उठ्न र पुनः संगठित हुने अवसर दिन सक्छ।

सम्झौताप्रति इजरायलको प्रतिक्रिया अर्को ठुलो चुनौती हो। प्रारम्भिक रिपोर्टले इजरायली सरकारले ट्रम्पको योजनाप्रति आपत्ति जनाएको संकेत दिन्छ। 'टाइम्स अफ इजरायल'ले उद्धृत गरेको एक इजरायली मन्त्रीका अनुसार 'हमासलाई निःशस्त्रीकरण नगरेसम्म र गाजा पूर्ण रूपमा निःशस्त्रीकरण नगरेसम्म गाजापट्टीको पहँलो रेखाबाट इजरायली फिर्ता हुनेछैन।' दुई साताअघि मात्र इजरायलका उग्र दक्षिणपन्थी रक्षा र अर्थमन्त्रीले उत्तरी गाजामा तीन 'नाहल' चौकी सिर्जना गर्ने प्रस्ताव पनि गरेका थिए। यस्ता चौकीमा कृषि, सामुदायिक गतिविधिसँगै सैन्य उपस्थिति हुनेछ। ऐतिहासिक रूपमा त्यस्तो चौकी बनेको ठाउँमा पछि स्थायी इजरायली बस्ती बन्ने गरेका छन्।

इजरायलको पछिल्लो विरोधले सम्झौता भत्किन सक्ने सम्भावना छ, जबसम्म ट्रम्पले शान्ति प्रक्रियाको निरन्तरताका लागि प्रधानमन्त्री बेन्जामिन नेतन्याहुमाथि पर्याप्त दबाब दिन सक्दैनन्। यो दबाब शुक्रबारदेखि नै बढ्न थालेको संकेत देखिन्छ। एक अमेरिकी अधिकारीका अनुसार वासिंटन भ्रमणमा रहेका इजरायली प्रधानमन्त्रीलाई ट्रम्पले इजरायलले आगामी बाटोमा बाधा पुऱ्याए आफू 'धेरै निराश' हुने बताएका छन्।

द कन्भर्सेसनबाट

अमेरिकालाई कूटनीतिक रूपमा पराजित गरेका नेतन्याहु

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई पक्राउ गर्नुपर्छ भन्ने लगभग आधा अमेरिकीको मतका बाबजुद उनले हालै वासिङटनको भ्रमण गरेका छन्

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले अमेरिकासँग इजरायलको अपरिहार्य गठबन्धनलाई पुनः पुष्टि गर्न हालै वासिङटन डिसीको भ्रमण गरे। भ्रमणकै क्रममा सार्वजनिक भएको एक जनमत सर्वेक्षणले अमेरिका-इजरायल सम्बन्ध कति गहिरो रूपमा परिवर्तन भएको छ भन्ने खुलासा भयो। २८ जुलाईमा सार्वजनिक भएको युगोभ सर्वेक्षणअनुसार ४९ प्रतिशत अमेरिकी नेतन्याहुलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले जारी गरेको वारेन्टअन्तर्गत पक्राउ गर्नुपर्छ भन्ने विश्वास गर्छन्।

अझ उल्लेखनीय कुरा त नेतत्याहुले गाजामा युद्ध अपराध गरेको ४७ प्रतिशतको विश्वास छ। केवल एक दशकअघि, यस्ता निचोड राजनीतिक रूपमा अकल्पनीय थिए। अहिले यी निस्कर्ष नेतन्याहुले इजरायली नेताहरूको पुस्ताले बेवास्ता गरेको काम पूरा गरेको स्पष्ट प्रमाण हुन् : अमेरिकी विदेशी नीतिको मुद्दामा ध्रुवीकरण ल्याउनु।

त्यो रूपान्तरण सन् २०२३ को अक्टोबर ७ को आक्रमण वा गाजामा भएको नरसंहार र विनाशबाट मात्र सुरु भएको होइन। ती घटनाले नेतन्याहुले वर्षौंअघि नै थालनी गरेको प्रक्रियालाई अझ तीव्र बनाए। पुस्तौंदेखि इजरायली नेताहरूले यो बुझेका थिए कि इजरायल कहिल्यै पनि अमेरिकी दृष्टिमा दलीय राजनीतिक मुद्दा बन्नुहुँदैन। तर, अमेरिकासँग इजरायलको गठबन्धन यसकारण कायम रह्यो किनभने वासिङटनका दुवै दलले इजरायललाई एक रणनीतिक साझेदारका रूपमा हेर्छन्। त्यो सहमतिसैन्य सहायता प्याकेजजत्तिकै मूल्यवान् थियो। नेतन्याहुले त्यो पुँजी विरासतमा पाएका थिए। अहिले उनी त्यसलाई गुमाउने जोखिममा छन्।



● सइद अरिकत

अरिकत वासिङटनस्थित पत्रकार हुन्

विडम्बनाको कुरा के छ भने थोरै इजरायली राजनीतिज्ञहरूले अमेरिकालाई राम्रोसँग चिनेका थिए। आंशिक रूपमा अमेरिकामा शिक्षित, त्यहाँको राजनीतिक भाषा बुझेका र वासिङटनको स्थापनासँग गहिरो रूपमा जोडिएका नेतन्याहुले शक्ति कसरी सञ्चालन हुन्छ भनेर बुझे। तैपनि त्यसले गलत गणनालाई जन्म दियो। वैचारिक परिवर्तनले स्थायी रूपमा रिपब्लिकन पार्टीलाई समर्थन गर्छ भन्ने कुरामा विश्वस्त नेतन्याहुले आफ्ना पूर्ववर्तीको सावधानीपूर्वक सन्तुलित कार्यलाई त्यागे र अमेरिकाको फराकिलो पक्षपाती विभाजनको एक पक्षमा ठुलो लगानी गरे।

२०१५ मा निर्णायक विच्छेद भयो जतिबेला नेतन्याहुले राष्ट्रपति बाराक ओबामाको अवज्ञा गर्दै कांग्रेसको संयुक्त सत्रलाई सम्बोधन गर्न रिपब्लिकन पार्टीको निमन्त्रणा स्वीकार गरे। रूढीवादीहरूले भाषणलाई साहसको रूपमा लिए। रणनीतिक रूपमा यसले एक विभाजनको संकेत गऱ्यो। पहिले कहिल्यै इजरायली प्रधानमन्त्रीले बहालवाला राष्ट्रपतिविरुद्ध यति प्रत्यक्ष हस्तक्षेप गरेका थिएनन्। लाखौं डेमोक्र्याट द्विविधामा परे।

डोनाल्ड ट्रम्पको राष्ट्रपतिकालमा इजरायली रणनीतिलाई सहयोग गरेको देखिन्थ्यो। जेरुसेलमलाई इजरायलको राजधानीको रूपमा मान्यता दिए। अमेरिकी दूतावास सारियो। कब्जा गरिएको गोलान हाइट्समाथि इजरायली सार्वभौमिकतालाई मान्यता दिइयो र अमेरिका-इरान आणविक सम्झौताबाट पछि हट्यो। रिपब्लिकन वफादारीले स्थायी रूपमा डेमोक्र्याटिक सहमतिलाई प्रतिस्थापन गर्न सक्छ भन्ने नेतन्याहुले बुझे। त्यो विश्वास रणनीतिक रूपमा अदूरदर्शी थियो। गठबन्धन जीवित रहन्छन् किनभने तिनीहरू संस्था र साझा मूल्य-मान्यतानिहित हुन्छ। तिनीहरू एउटै प्रशासनमा निर्भर छैनन्। इजरायललाई रिपब्लिकन राजनीतिसँग पहिचान हुन दिएर नेतन्याहुले गठबन्धनलाई त्यतिबेला कमजोर बनाए जतिबेला यो बलियो रहनु आवश्यक थियो।

> थोरै इजरायली राजनीतिज्ञहरूले मात्र अमेरिकालाई राम्रोसँग चिन्ने अवसर पाएका थिए। आंशिक रूपमा अमेरिकामा शिक्षित, त्यहाँको राजनीतिक भाषा बुझेका र वासिङटनसँग गहिरो रूपमा जोडिएका नेतन्याहुले शक्ति कसरी सञ्चालन हुन्छ भनेर बुझे।

गाजामा इजरायलको नरसंहारकारी युद्धले परिणाम उजागर गऱ्यो। राष्ट्रपति जो बाइडेनले आफ्नो डेमोक्रेटिक पार्टीको अभूतपूर्व दबाबका बाबजुद अक्टोबर ७, २०२३ को आक्रमणपछि इजरायललाई असाधारण सैन्य, कूटनीतिक र राजनीतिक समर्थन प्रदान गरे। उनले युद्धको समयमा इजरायलको भ्रमण गरे, सैन्य सहयोगलाई तीव्र बनाए, संयुक्त राष्ट्र संघमा यसको बचाउ गरे र कडा घेरलु आलोचनालाई आत्मसात् गरे। नेतन्याहुले बारम्बार सार्वजनिक टकरावको जवाफ दिए। उनले वासिङटनलाई हतियार रोकेको आरोप लगाए, युद्धपछिको शासनका लागि अमेरिकी प्रस्तावलाई अस्वीकार गरे, मानवीय पहुँचको प्रतिरोध गरे र रणनीतिक प्रश्नहरूमा ह्वाइट हाउसको विरोध गरे। बाइडेनले विशाल राजनीतिक पुँजी लगानी गरे पनि नेतन्याहु इजरायलको सबैभन्दा महत्त्वपूर्ण सहयोगीको विश्वास जोगाउनुभन्दा आफ्नो घरेलु आधारमा स्वतन्त्रता प्रदर्शन गर्न बढी इच्छुक देखिए।

यसैबिच, युद्धको तौरतरिकाले विश्वव्यापी दृष्टिकोणलाई आमूल परिवर्तन गरिदियो। निरन्तरको बमबारीले गाजालाई तहसनहस बनायो। अस्पताल, विद्यालय, विश्वविद्यालय र पूरै बस्ती ध्वस्त भए भने मानवीय सहायतामा लगाइएका कडा प्रतिबन्धहरूले अनिकालको चेतावनी निम्त्याए। यस्ता कार्य युद्ध अपराधको कानुनी परिभाषाभित्र पर्छन् वा पर्दैनन् भन्ने कुरा अदालतले निर्धारण गर्नेछ। तर, राजनीतिक रूपमा भने यससम्बन्धी निष्कर्ष बनिसकेको छ र यो निष्कर्ष विश्वभर मात्र नभई बढ्दो रूपमा स्वयं अमेरिकाभित्र पनि बलियो हुँदै गएको छ। तटस्थ सर्वेक्षणको निष्कर्ष व्यक्तिगत रूपमा महत्त्वपूर्ण छ। लगभग आधा अमेरिकीले इजरायली प्रधानमन्त्रीलाई पक्राउ गर्नुपर्छ भन्ने विश्वास गर्छन् र लगभग आधाले उनले युद्ध अपराध गरेको विश्वास गर्छन् भन्ने तथ्यले उनको नेतृत्वमा इजरायललाई हेर्ने अमेरिकीहरूको दृष्टिकोणमा गहिरो परिवर्तनलाई प्रतिबिम्बित गर्दछ। सर्वेक्षणमा उतारचढाव आउँछ।

राजनीतिक परिणाम देखिन थालेका छन्। युवा मतदाताले परम्परागत गठबन्धनको सट्टा कब्जा, रंगभेद र विश्वव्यापी मानव अधिकारको सन्दर्भमा द्वन्द्वको बारेमा छलफल गर्छन्। पहिले इजरायलको आलोचना गर्न अनिच्छुक कांग्रेसका सदस्यहरू अब खुलेआम क्रमिक सरकारहरूलाई चुनौती दिन्छन्। रिपब्लिकन समर्थनलाई पनि अब स्थायी मान्न सकिँदैन। युवा रूढीवादी लोकप्रियतावादीहरू विनासर्त विदेशी प्रतिबद्धतामा शंका व्यक्त गरेका छन्। एकपटक इजरायललाई सुरक्षित गर्ने द्विदलीय सहमतिले निरन्तर धेरै अस्थिर वातावरणलाई बाटो दिइरहेको छ।

नेतन्याहुको सत्तारूढ गठबन्धनले त्यो संकटलाई अझ गहिरो बनाएको छ। खुलेआम विलयको वकालत गर्ने, प्यालेस्टिनी आत्मनिर्णयलाई अस्वीकार गर्ने र सामूहिक दण्डको रक्षा गर्ने अतिराष्ट्रवादी मन्त्रीहरूलाई सशक्त बनाएर, उनको सरकारले अतिवादी बयानबाजी र आधिकारिक राज्य नीतिबिचको रेखालाई धमिलो पारेको छ।

नेतन्याहुले प्यालेस्टिनी राज्यको अर्थपूर्ण छलफललाई निरन्तर अस्वीकार गरेका छन्। गाजामा प्यालेस्टिनी प्राधिकरणको फिर्ताको विरोध गरेका छन्। र, पुनर्निर्माणका लागि कुनै विश्वसनीय रूपरेखा प्रस्ताव गरेका छैनन्। सैन्यशक्तिले पूर्वाधारलाई नष्ट गर्न र सशस्त्र समूहहरूलाई कमजोर बनाउन सक्छ। बल प्रयोगले भूमि, सार्वभौमिकता र आत्मनिर्णयको प्रतिस्पर्धात्मक दाबीमा आधारित राष्ट्रिय द्वन्द्वलाई आफैं समाधान गर्न सक्दैन। व्यावहारिक राजनीतिक क्षितिजलाई अस्वीकार गरेर नेतान्याहुले स्थायी द्वन्द्वलाई अनपेक्षित परिणामको रूपमा होइन, बरु आधिकारिक नीतिको रूपमा देखापरेका छन्।

अलजजिराबाट



> राष्ट्रपति जो बाइडेनले डेमोक्रेटिक पार्टीको अभूतपूर्व दबाबबिच ७ अक्टोबर २०२३ को आक्रमणपछि इजरायललाई असाधारण सैन्य, कूटनीतिक र राजनीतिक समर्थन प्रदान गरे। उनले युद्धको समयमा इजरायलको भ्रमण गरे, सैन्य सहयोगलाई तीव्र बनाए र संयुक्त राष्ट्र संघमा जेरुसेलमको बचाउ गरे।



इतिहासमा आज

अगस्ट ३

सन् १४९२ : क्रिस्टोफर कोलम्बसले स्पेनबाट उनको ऐतिहासिक पहिलो समुद्र यात्रा सुरु गरे। यस यात्राले युरोपेलीलाई अमेरिकी महादेश जाने समुद्री बाटो पत्ता लगाउन सघाएको थियो।

● **सन् १८८२** : देशमा चिनियाँ आप्रवासीको संख्या बढेको दाबीबिच अमेरिकी संसद्ले एक आप्रवासी विधेयक पास गर्दै १० वर्ष चिनियाँ नागरिकको आवागमनलाई प्रतिबन्ध लगायो।

● **सन् १९११** : इटलीले त्रिपोली क्षेत्रमा टर्किस फौजको निगरानीमा हवाईजहाज उडाएर विश्वमा पहिलोपटक हवाईजहाजलाई सैन्य प्रयोजनका लागि प्रयोग गऱ्यो।

● **सन् १९१४** : पहिलो विश्वयुद्धअन्तर्गत जर्मनीले फ्रान्सविरुद्ध युद्ध घोषणा गऱ्यो। विश्वयुद्ध सुरु भएको पाँच दिनपछि जर्मनीले फ्रान्सविरुद्ध युद्ध घोषणा गरेको हो।

● **सन् १९४५** : दोस्रो विश्वयुद्धका क्रममा अमेरिकी जनरल जोसेफ स्टिलवेलको नेतृत्वमा चिनियाँ फौजले म्यानमारको सहर मिटकिइनालाई जापानी नियन्त्रणबाट खोस्न सफल भयो। त्यसवेलाको चिनियाँ राष्ट्रवादी सरकार र अमेरिका एउटै मोर्चामा जापानविरुद्ध लडिरहेका थिए।

● **सन् १९५८** : विश्वको पहिलो आणविक इन्धनबाट चल्ने पनडुब्बी 'युएसएस नोटिलस'ले उत्तरी ध्रुवमुनिको समुद्र पार गऱ्यो।

● **सन् १९६७** : तत्कालीन अमेरिकी राष्ट्रपति लिन्डन बी जोन्सनले भियतनाममा जारी अमेरिकी सैन्य अभियानलाई थप तीव्र बनाउन ४५ हजार थप फौज पठाउने घोषणा गरे।

● **सन् १९९०** : इराकले कुवेतमा आक्रमण गरेको सन्दर्भमा अमेरिकाले आफ्नो नौसेनालाई पर्सियन खाडीमा तैनाथ गऱ्यो।

भारत र चीनका विकास मोडेलका सीमा



● हिन्ह टी. दिन्ह



● करिम एल अयनाओई

विश्व बैंकका पूर्वप्रमुख अर्थशास्त्री दिन्ह 'पोलिसी सेन्टर फर द न्यू साउथ'का वरिष्ठ फेलो हुन् भने करिम 'पोलिसी सेन्टर फर द न्यु साउथ'का कार्यकारी अध्यक्ष हुन्।

विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका देश चीन र भारतले दुई फरक आर्थिक मार्गको प्रतिनिधित्व गर्छन्। तर, के यी देशले अपनाएको आर्थिक मार्ग अरु विकासोन्मुख देशहरूले अनुकरण गर्न सक्छन् ?

उत्पादन क्षेत्रलाई पहिलो प्राथमिकता दिने विकास मोडल अपनाएको चीनले 'कुल ग्राहस्थ उत्पादन(जिडिपी)'मा उत्पादन क्षेत्रको हिस्सा सम्पन्न देशकोभन्दा पनि लगभग दोब्बर राख्ने प्रयास गर्दै आएको छ। जबकि भारतले केन्द्रीय विकास मोडललाई छाडेर सिधै सेवा-निर्देशित वृद्धि मोडेल अपनाएको छ।

यी दुईको एक दशकको तथ्याकलाई छेउमा राखेर तुलना गर्दा एक जटिल चित्र आउँछ। तुलनात्मक अध्ययनले दुईमध्ये कुनै पनि विकास मोडल स्पष्ट विजेता देखिदैनन्। दुवैमा संरचनात्मक कमजोरी छन्, जुन समकालीन विकासशील देशहरूले थप सामना गर्नुपर्ने हुनसक्छ।

चीन र भारत विपरीत विकास मार्गबाट हिड्दै सन् २०१२-२२ को दशक प्रवेश गरेका थिए। त्यस अवधिको सुरुमा चीन विश्वभर निर्माण सामग्रीको प्रमुख निर्यातकर्ता थियो। चीनको जिडिपीमा निर्माण क्षेत्रको हिस्सा लगभग ३२% थियो, जुन विकसित युरोपेली अर्थतन्त्रको तुलनामा दोब्बरभन्दा बढी हो। त्यस अवधिमा सेवा क्षेत्रको हिस्सेदारी भने ४४% ओगटेको थियो, जुन चीनको आयस्तरलाई ध्यानमा राख्दा असामान्य रूपमा सानो मानिन्छ।

यही समय भारतमा सेवा क्षेत्रले जिडिपीमा आधा योगदान पुऱ्याइरहेको थियो। अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी भारतको सूचना प्रविधि र सफ्टवेयर निर्यातमा योगदान थियो। उता जिडिपीको १८% मा हिस्सा ओगटेको सानो उत्पादन क्षेत्र थप संकुचित बन्दै गएको थियो। देशका आधाभन्दा बढी जनशक्ति अझै न्यून उत्पादकत्व रहेको कृषिमै संलग्न थिए। सार्वजनिक पूर्वाधारमा लगानी अत्यन्त कम रह्यो। त्यस्तै, विभिन्न क्षेत्रमा आवश्यक सुधार आशाअनुरूप बढिरहेको थिएन।

दुवै सरकारले यस दशकको अवधिमा आफ्नै हिसाबको विकास रणनीतिहरू अपनाए। सन् २०१५ मा सुरु गरिएको 'मेड इन चाइना २०२५' कार्यक्रमअन्तर्गत १० रणनीतिक उद्योगमा सयौं अर्ब डलर लगानी गरियो। जिडिपीमा उत्पादन क्षेत्रको उच्च हिस्सा कायम राखिराख्न उन्नत प्राविधि उद्योगको स्तरोन्नति गर्ने कार्यक्रमको लक्ष्य थियो। उता भारतले थप जटिल उद्देश्य हासिल गर्ने प्रयासअनुरूप देशको उत्पादन क्षेत्रलाई पुनर्जीवित गर्ने भन्दै सन् २०१४ देखि 'मेक इन इन्डिया' अग्रसरता लागू गऱ्यो। सन् २०२० देखि भारतले १४ उत्पादन क्षेत्रलाई प्रोत्साहन भुक्तानीअन्तर्गत २६ अर्ब डलर प्रदान गऱ्यो।

एक दशकपछि, दुवै देशले अपनाएका कार्यक्रमले दिएका परिणाम जटिल चित्र प्रस्तुत गर्छ। चीनले जिडिपीमा उत्पादन क्षेत्रको अंश लगभग २९% मा स्थिर राख्न सफल भयो। तर, औद्योगिक उत्पादन बढ्दा पनि रोजगारी भने त्यही अनुपातमा बढेन। उत्पादन क्षेत्रबाट विस्थापित हुन थालेका औद्योगिक श्रमिकहरू अहिले सेवातर्फ स्थानातरण गर्न बाध्य हुँदा त्यो क्षेत्रले जिडिपीको आधा र रोजगारीको लगभग ४८% मा हिस्सा ओगट्न पुगेको छ। सेवा क्षेत्रभित्र नयाँ सिर्जना भएका रोजगारीहरू प्रायः ज्ञान आवश्यक हुने क्षेत्रमा भन्दा खुद्रा, आतिथ्य र व्यक्तिगत सेवामा बढी छन्।

यस अवधिमा भारतको अवस्था भने चीनको भन्दा फरक रह्यो। यसको ज्ञानमा आधारित सेवा क्षेत्रको उल्लेखनीय विस्तार भएको छ। कम्प्युटर प्रोग्रामिङ र सूचना सेवाहरूमा प्रतिकामदार मूल्य अभिवृद्धि लगभग तीन गुणा बढेको छ। विश्वव्यापी मूल्य शृंखलामा भारतीय उद्योगको एकीकरण

> चीन र भारतले पछिल्लो एक दशकमा अपनाएका औद्योगिक नीतिको अध्ययन गर्ने हो भने ती नीति अरू विपन्न देशले पछ्याउन कठिन देखिन्छ। अन्य देशका नीति निर्माताले उनीहरूको अनुभवबाट सिकेर आफ्नै घरेलु नीति अपनाउन आवश्यक छ।

पाँच गुणा बढेकाले यो सम्भव भएको हो।

'मेक इन इन्डिया' अग्रसरतामार्फत गरिएको प्रोत्साहनको बाबजुद भारतमा सन् २०२२ सम्ममा जिडिपीमा उत्पादन क्षेत्रको हिस्सा बढ्नुको सट्टा थप खस्किंयो। आधा भारतीय जनशक्ति कृषि क्षेत्रमै संलग्न रहे। आइटी क्षेत्रभन्दा बाहिर, भारतका सेवा क्षेत्रको एउटा चित्र यस्तो देखिन्छ : ठुलो संख्यामा श्रमिकहरू अवशोषित गर्न सक्ने उपक्षेत्रको उत्पादकत्व वृद्धि न्यून रह्यो भने बढी उत्पादकत्व क्षमता भएका उपक्षेत्रले थोरै मात्र कामदार अवशोषित गरे।

यी दुई देशको आर्थिक वृद्धिको अध्ययनले दिने एउटा गहिरो पाठ के हो भने आजका विकासशील देशहरूका लागि यीमध्ये कुनै पनि मार्ग अब सजिलै उपलब्ध छैन। चीनको उत्पादनकेन्द्रित विकास मोडेलले करोडौं जनशक्तिलाई कृषिबाट निर्यातमुखी उद्योगहरूमा स्थानान्तरण गऱ्यो। तर, अहिले रोबोटिक्स र एआईको आगमनले यस प्रक्रियालाई निरन्तर कमजोर गर्दै छन्। उता भारतको सेवा निर्देशित मोडेललाई अंग्रेजी भाषाको ज्ञान भएको विशाल जनसंख्या, विशाल डायस्पोरा सञ्जाल र सफ्टवेयर क्षेत्रमा सुरुमै कदम चाल्नुको फाइदाले काम गऱ्यो। यीमध्ये धेरै कुरा अरूले अनुसरण गर्न सक्दैनन्।

चीन र भारतको विकास मोडेलले एउटा ढाँचा दिनुको सट्टा खासमा चेतावनी संकेत प्रदान गर्दछ। उत्पादन केन्द्रीय विकास मार्ग अवलम्बन गर्न लालायित सरकार होसियार हुनुपर्छ। उत्पादन बढ्दैमा रोजगारी बढ्न नसक्ने अहिलेको अवस्थालाई ध्यानमा राख्दै, जिडिपीमा उत्पादन क्षेत्रको हिस्सेदारी मात्र बढाउन अपनाइने औद्योगिक नीतिले रोजगारी सिर्जनामा अपेक्षित सुधार नगर्न सक्छ। स्वचालनको बढ्दो प्रयोगका कारण उद्योगबाट विस्थापित श्रमिकहरू ज्ञानसम्बन्धी क्षेत्रमा भन्दा न्यून उत्पादकत्वको रोजगारीमा फस्न सक्छन्। सिप निर्माण र भौगोलिक अवरोधको समस्या सम्बोधन गर्ने नीति पनि सँगसँगै अवलम्बन गरिनुपर्छ।

यसबाहेक, जिडिपीमा उत्पादन क्षेत्रको उच्च हिस्सेदारी कायम राख्न सामान्यतया ठुलो सरकारी पुँजी आवश्यक पर्दछ। चीनको जस्तो वित्तीय शक्ति नभएका देशलाई यो एक प्रमुख जोखिम हुनेछ। अन्तमा, उत्पादन क्षेत्रमा प्रतिस्पर्धी क्षमता हासिल गर्न सेवा क्षेत्रका रसद, वित्त, दूरसञ्चारलगायत अन्य क्षमताको पनि स्तरोन्नति गर्नुपर्ने हुन्छ।

उता भारतको जस्तो सेवा निर्देशित विकास मार्ग अवलम्बन गर्ने सोचेका सरकारहरूले फेरि भारतकै जस्तो बाधा सामना गर्नुपर्ने हुन सक्छ। चिनियाँ र भारतीय अनुभवले दिने साझा पाठ भनेको बजार विफलतालाई सम्बोधन गर्ने नीतिविना न त उत्पादन-निर्देशित न त सेवा-निर्देशित विकास नै सफल हुन्छ। सिप, पूर्वाधार, संस्था र क्षेत्रीय समर्थन सबै मिल्नुपर्छ। यी घटकहरूले एक-अर्कालाई सुदृढ बनाउँछन् भने कुनै मात्रा बढी भयो भने असन्तुलन सिर्जना हुनेछ।

प्रोजेक्ट सिन्डिकेटबाट

इरानमाथि योजनाबद्ध हमला नगर्ने ट्रम्पको घोषणा

वासिङटन / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथिका योजनाबद्ध आक्रमण रद्द गरिएको बताएका छन्। उनले इरान र मध्यपूर्वका अन्य देशहरूले आफूलाई आक्रमण रोक्न आग्रह गरेको र हर्मुज जलमार्ग पुनः खोल्नेलगायतका 'सम्झौताको परिधिमा सहमति भएको' दाबी गरेका छन्। अमेरिका र इजरायलले इरानमाथि भीषण आक्रमणको योजना बनाइरहेको हुन सक्ने खबर सार्वजनिक भएलगत्तै ट्रम्पको यो भनाइ आएको हो। इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिका र इजरायलको कुनै पनि आक्रमणलाई निर्णायक जवाफ दिइने चेतावनी दिएका थिए।



आफ्नै सामाजिक सञ्जाल ट्रुथ सोसलमा गरिएको एक पोस्टमा ट्रम्पले एउटा सम्झौताको खाकामा सहमति जुटिसकेकाले इरान र मध्यपूर्वका अन्य देशले उनलाई कुनै पनि आक्रमण नगर्न वा 'पर्खिन' आग्रह गरेको दाबी गरे। ट्रम्पले विनाशकारी परिणाम निम्त्याउने खालका चेतावनी दिएर पछि फेरि कूटनीतिलाई मौका दिइँदै छ भनी अडान लिएको यो पहिलोपटक होइन। फेब्रुअरी २८ मा अमेरिका र इजरायलको आक्रमणबाट सुरु भएको युद्ध अन्त्य गर्नका लागि नयाँ वार्ताको अनुरोध गरेको वा कुनै सम्झौताको खाकासम्बन्धी सहमति भएको विषय इरानले पुष्टि गरेको छैन।

यसैबिच इजरायली सेनाले बिहानदेखि गाजापट्टीमा तीन बालबालिकासहित कम्तीमा नौजना प्यालेस्टिनीलाई मारेको छ। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार अक्टोबर २०२३ यता गाजामा इजरायलले गरेको नरसंहारकारी युद्धमा ७३ हजार ३५६ जनाको मृत्यु भएको छ भने १,७४,१८५ जना घाइते भएका छन्।

आइतबार, इरानका कार्यवाहक रक्षामन्त्री माजिद इब्न अल-रेजाले तेहरानले आफ्ना विरोधीहरूबाट आउने हरेक खतरालाई 'वास्तविक र विश्वसनीय' मानेको बताएका थिए। 'हामी न त होसियार रहनेछौं न त निष्क्रिय रहनेछौं,' उनले थपे।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १८ साउन ०८३

आन्तरिक उडानमा ढिलाइ भए यात्रुले क्षतिपूर्ति पाउने कानुन बनाउँदै सरकार

पर्यटन मन्त्रालयले आन्तरिक वायुसेवाको दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ संसद्मा दर्ता गरेको छ

यात्रुप्रति जवाफदेही बनाउन कानुन प्रस्ताव गरेका हौं



● **जयनारायण आचार्य**, प्रवक्ता, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



नयाँ पत्रिका

सरकारले आन्तरिक हवाई सेवामा निर्धारित समयमा उडान रद्द वा स्थगन भएमा वायुसेवा कम्पनीले यात्रुलाई सुविधा तथा क्षतिपूर्ति दिनुपर्ने कानुनी प्रवन्ध गर्दै छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय सभामा दर्ता गरेको 'आन्तरिक वायुसेवाको दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' मा यस्तो व्यवस्था गरिएको छ।

यद्यपि, यसलाई अनिवार्य नभएर वायुसेवा कम्पनीको दायित्वका रूपमा देखाइएको छ। 'वायुयानको उडान रद्द वा स्थगन भएमा वा भारवहन क्षमता वा अन्य कुनै कारणबाट निर्धारित मिति र समयमा उडान गराउन नसकिएमा यात्रुलाई सुविधा तथा क्षतिपूर्ति उपलब्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ,' विधेयकको दफा ३ को उपदफा ५ मा भनिएको छ।

विधेयकअनुसार यात्रुलाई निर्धारित मिति र समयमा सुरक्षित रूपमा गन्तव्य विन्दुसम्म पुऱ्याउने दायित्व सम्बन्धित वायुसेवा कम्पनीमा हुनेछ। उडान निर्धारित समयमा हुन नसक्ने वा विलम्ब हुने भएमा कम्पनीले कम्तीमा तीन घण्टाअघि यात्रुलाई जानकारी गराउनुपर्नेछ। त्यस अवस्थामा क्षतिपूर्ति दिनुपर्ने छैन। तर, निर्धारित मिति र समयमा उडान गराउन नसकिएमा यात्रुलाई सुविधा तथा क्षतिपूर्ति उपलब्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुने विधेयकमा उल्लेख छ।

नेपालमा पहिलोपटक उडान रद्द तथा विलम्ब हुँदा क्षतिपूर्ति दिने गरी कानुनी व्यवस्था गर्न लागिएको हो। यसअघि वायुसेवामा यस्तो कानुनी व्यवस्था थिएन। त्यसले गर्दा उडान रद्द, विलम्ब हुँदा पनि वायुसेवा कम्पनीले यात्रुलाई कुनै पनि किसिमको क्षतिपूर्ति तथा सुविधा दिने गरेका थिएनन्। उडान रद्द तथा विलम्बका कारण पीडित भएका यात्रु निरीह बन्न बाध्य थिए।

मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले वायुसेवा कम्पनीलाई यात्रुप्रति जवाफदेही र जिम्मेवार बनाउन खोजेको बताए। 'यो कानुन पहिलोपटक ल्याउन खोजेका हौं। पहिला उडान रद्द तथा विलम्ब हुँदा क्षतिपूर्ति तथा सुविधा दिनुपर्ने व्यवस्था थिएन। यात्रुहरू विमानस्थलमा गएर घण्टौं बस्न बाध्य थिए। तर, क्षतिपूर्ति पाउने गरेका थिएनन्,' उनले भने, 'तर, अब त्यसमा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था प्रस्ताव गरेका छौं। समग्रमा विमान कम्पनीलाई यात्रुप्रति जिम्मेवार र जवाफदेही बनाउने गरी कानुन प्रस्ताव गरेका छौं।'

यस्तो अवस्थामा क्षतिपूर्ति दाबी गर्न नपाइने

खराब मौसम, प्राकृतिक वा दैवी प्रकोपका कारण उडान रद्द तथा विलम्ब भएमा क्षतिपूर्ति अनिवार्य नहुने विधेयकको मस्यौदामा उल्लेख छ। 'खराब मौसम, प्राकृतिक वा दैवी प्रकोपका कारणबाट वा विमानस्थल वा एयरट्राफिक सेवाको प्राविधिक कारण वा सुरक्षाजस्ता कारणले उडानका लागि अनुमति दिने निकाय वा सुरक्षा निकायबाट उडानमा रोक लगाइएका कारणबाट उडान स्थगन वा रद्द भएमा वा उडानमा विलम्ब भएमा क्षतिपूर्ति बाध्यकारी हुनेछैन,' विधेयकमा भनिएको छ।

ब्यागेजमा पाँच सय डलरसम्मको क्षतिपूर्ति

उडानको समयमा ब्यागेज हराएमा, नष्ट भएमा वा हानि-नोक्सानी भएमा पनि त्यसको क्षतिपूर्ति वायुसेवा कम्पनीले दिनुपर्नेछ। 'वायुसेवाले जिम्मा लिएको ब्यागेज हराएमा, नष्ट भएमा वा हानि-नोक्सानी भएमा सोको क्षतिपूर्तिबापतको रकम त्यस्तो वायुसेवाले सम्बन्धित यात्रुलाई उपलब्ध गराउनुपर्नेछ,' विधेयकमा भनिएको छ, 'तर, यात्रुको कारणले नै ब्यागेजमा हानि-नोक्सानी भएको प्रमाणित भएमा वायुसेवाले कुनै किसिमको दायित्व वहन गर्नुपर्नेछैन।'

ह्यान्डक्यारीको दायित्व पनि विमान कम्पनीले नै लिनुपर्ने प्रस्ताव पनि गरिएको छ। 'चेक-इन नगरिएको यात्रुको साथमा रहने मालसामान (ह्यान्डक्यारी)मा वायुसेवाको लापरबाहीका कारण कुनै हानि-नोक्सानी भएमा हानि-नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउने दायित्व वायुसेवाको हुनेछ,' विधेयकमा भनिएको छ।

वायुसेवा कम्पनीले ब्यागेजमा प्रतिकिलो २० डलरका दरमा अधिकतम पाँच सय डलरसम्म क्षतिपूर्ति दिनुपर्ने प्रस्ताव गरिएको छ। 'वायुसेवाले जिम्मा लिएको ब्यागेज हराएमा, नष्ट भएमा वा हानि-नोक्सानी भएमा वायुसेवाले सम्बन्धित यात्रुलाई प्रतिकिलोग्राम २० अमेरिकी डलरका दरले अधिकतम पाँच सय अमेरिकी डलरबराबरको नेपाली रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ,' विधेयकमा भनिएको छ।

तेस्रो पक्षलाई पनि एक लाख डलर क्षतिपूर्ति

कम्पनीले विमान दुर्घटनाका कारण मृत्यु हुने यात्रु तथा तेस्रो पक्ष व्यक्तिलाई एक लाख डलर क्षतिपूर्ति दिनुपर्ने प्रस्ताव गरिएको छ। पहिला यसमा २० हजार डलरको सीमा थियो।

'दुर्घटनामा यात्रु वा तेस्रो पक्षको मृत्यु भएमा वायुसेवाले क्षतिपूर्तिबापत एकमुस्ट एक लाख अमेरिकी डलरबराबरको रकम मृतकको नजिकको हकवालालाई उपलब्ध गराउनुपर्नेछ,' विधेयकमा भनिएको छ, 'यो रकम मृत्युपश्चात् तत्काल उपलब्ध गराउन नसकेमा वायुसेवाले मृतकको शव निजको परिवारलाई हस्तान्तरण गर्दा मृत्यु संस्कारका लागि कम्तीमा पाँच लाख रुपैयाँ मृतकका परिवारलाई तत्काल उपलब्ध गराउनुपर्नेछ।' यो रकम पछि कुल भुक्तानीमा कट्टा गर्न पाइनेछ।

यस्तै, दुर्घटनामा यात्रु वा तेस्रो पक्षलाई चोटपटक लागेमा वा अंगभंग भएमा त्यसको दायित्व पनि विमान कम्पनीले लिनुपर्छ।

'दुर्घटनाबाट यात्रु वा तेस्रो पक्षलाई चोटपटक लागेमा वा अंगभंग भएमा उपचारको व्यवस्था गरी उपचार खर्च व्यहोर्ने र क्षतिपूर्तिबापत बढीमा एक लाख अमेरिकी डलरबराबरको रकम उपलब्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ,' विधेयकमा भनिएको छ।

तेस्रो पक्ष सम्पत्तिमा भएको नोक्सानीको दायित्व पनि विमान कम्पनीको हुनेछ। 'वायुयानको दुर्घटना वा अन्य कुनै कारणबाट तेस्रो पक्षको धन-सम्पत्तिमा हानि-नोक्सानी वा क्षति भएमा सोबापतको क्षतिपूर्ति उपलब्ध गराउने दायित्व सम्बन्धित वायुसेवाको हुनेछ,' विधेयकमा भनिएको छ।

यद्यपि, यो सबै दायित्व बिमामार्फत हुनेछ। विधेयकअनुसार यस्ता दायित्वलाई समावेश गरेर कम्पनीले बिमा गर्नुपर्नेछ। 'वायुसेवाले आफूले सञ्चालन गरेको वायुयानमा यात्रु, ओसारपसार गरिने मालसामान, तेस्रो पक्ष र प्रचलित कानुनले तोकेको अन्य दायित्वसमेतको बिमा गर्नुपर्नेछ,' विधेयकमा भनिएको छ, 'तर, वायुयानद्वारा ढुवानी गरिने हुलाक वस्तुको हकमा वायुसेवा र हुलाक वस्तु चलान गर्ने निकायबिच भएको सम्झौताबमोजिम हुनेछ।'

कम्पनीले यात्रुको मृत्यु, यात्रुलाई लाग्न सक्ने चोटपटक वा हुन सक्ने अंगभंग, मालसामान नष्ट हुन सक्ने, हराउन सक्ने वा बिग्रन सक्ने अवस्था, तेस्रो पक्षको मृत्यु, तेस्रो पक्षलाई लाग्न सक्ने चोटपटक वा हुन सक्ने अंगभंग, तेस्रो पक्षको धन-सम्पत्तिको हानि-नोक्सानी र सार्वजनिक सम्पत्तिमा हुन सक्ने हानि-नोक्सानीको बिमा गर्नुपर्नेछ।

काभ्रेमा २८ करोडबराबरको १२ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता

नमोबुद्ध नगरपालिका-४ का वडाध्यक्ष **अर्जुनबहादुर कार्की** भन्छन्-



राज्यले मागेका कागजात देखाएपछि सिफारिस दिएको हुँ, त्यो दिनु पनि पर्छ। नियमित प्रक्रिया नै हो। हामीले सिफारिस दिएपछि बाँकी काम मालपोत कार्यालयलगायतका निकायबाट नै हुने हो। म मात्रै अधिकारप्राप्त व्यक्ति होइन। यसमा कसलाई किन चित्त बुझ्केन ? त्यो मलाई थाहा भएन।

काभ्रेपलाञ्चोकका भूमि प्रशासन अधिकृत **कुमार खतिवडा** भन्छन्-



यसमा अख्तियारमा उजुरी परेको छ। उता उजुरी परे पनि हाम्रो कार्यालयमा उजुरी परेको छैन। अब यसमा अख्तियारले कसरी अनुसन्धान गर्छ, त्यो उनीहरूको पाटो हो। तर, विगतका कागजात हेर्दा यसमा समस्या छजस्तो लाग्दैन। अख्तियारमै उजुरी नै गर्नुपर्ने विषयजस्तो पनि लाग्दैन।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका- ४ को नामिडाँडा, डुँडेभञ्ज्याङस्थित करिब १२ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको खुलेको छ। रुख, बुट्यान र घाँससहित वन क्षेत्रका रूपमा रहेको कित्ता नम्बर ३०४ को ११ रोपनी ११ आनाभन्दा धेरै (११-११-२-२) सरकारी पर्ती जग्गा स्थानीय ठण्डिराज उपाध्याय चिमोरिया र केदारराज उपाध्याय चिमोरियाले आफ्नो नाममा दर्ता गरेका हुन्। हाल २८ करोड रुपैयाँबराबरको बजार मूल्य अनुमान गरिएको उक्त पर्ती जग्गा चिमोरिया दाजुभाइले साउन ०८१ मा आफ्नो नाममा ल्याएका हुन्। तिरो तिरेको कागजातलाई प्रमाणका रूपमा लिइएको सो जग्गाको सुरुदेखि दर्ता गर्ने मितिसम्मको तिरो एकैपटक तिरिएको छ।

उक्त जग्गा व्यक्तिका नाममा दर्ता गर्न नमोबुद्ध नगरपालिकाका वडा नं ४ का वडा अध्यक्ष अर्जुनबहादुर कार्कीले सिफारिस दिएका थिए। दाजुभाइको यस्तो कार्यविरुद्ध स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ९ मंसिर ०८२ मा उजुरीसमेत दर्ता गरिसकेका छन्। अख्तियारको दर्ता नम्बर सी-०२६६४७ रहेको छ। सो पर्ती जग्गा गैरकानुनी रूपमा व्यक्तिका नाममा दूषित दर्ता गरिएको भन्दै त्यो दर्ता बदर गर्न र भ्रष्टाचार तथा अनुचित कार्यमा संलग्न सबैलाई कानुनी कारबाहीको दायरामा ल्याउन स्थानीयले अख्तियारमा उजुरी गरेका हुन्। साथै, वन, वातावरण र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पनि उजुरी दिएका थिए। सो पर्ती जग्गा व्यक्तिको नाममा दूषित दर्ता गर्ने प्रक्रियामा संलग्न अध्यक्ष कार्कीसहित तत्कालीन भूमि समस्या समाधान आयोग काभ्रेपलाञ्चोक, जिल्ला मालपोत कार्यालय र जिल्ला नापी कार्यालयमा कार्यरत रही निर्णय प्रक्रियामा संलग्न कर्मचारी तथा पदाधिकारीहरू संलग्न रहेको दाबी गर्दै उजुरी गरिएको छ। विभिन्न निकायमा उजुरी परेपछि भूमि प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकले उक्त जग्गाका सम्बन्धमा आन्तरिक छानबिन गरिरहेको स्रोतको भनाइ छ। आयोगबाट पनि यस सम्बन्धमा अनुसन्धान भइरहेको स्रोतले बताएको छ। सो जग्गालाई ०२३ सालमा नापी हुँदा दुईतिर वनको जग्गा र अर्कातिर सार्वजनिक गोरेटो बाटो कायम गरिएको थियो। त्यहाँ आवास/आबादी नभई रुख, बुट्यान र घाँस मात्र भएका कारण नापी टोलीले विरहमा पर्ती जनाई पर्ती कायम गरेको तत्कालीन नापी शाखा, काभ्रेको स्रेस्तामा उल्लेख छ।

> २८ करोड रुपैयाँबराबरको बजार मूल्य अनुमान गरिएको पर्ती जग्गा चिमोरिया दाजुभाइले साउन ०८१ मा आफ्नो नाममा ल्याएका हुन्। तिरो तिरेको कागजातलाई प्रमाणका रूपमा लिइएको सो जग्गाको सुरुदेखि दर्ता गर्ने मितिसम्मको तिरो एकैपटक तिरिएको छ।

तत्कालीन नापी शाखा, काभ्रेको ८ असार ०३३ को सो जग्गाको स्रेस्ताको विरह महलमा पर्ती, किसिम महलमा चाहार, जग्गाधनी महलमा उनीहरू दुईजनाको नामसमेत उल्लेख गरी तल कोष्ठकमा सिसाकलमले वन प्रतिनिधिबाट रोक्का लेखिएको थियो। तर, प्रमाण महल तथा जोताहा महल भने खाली राखिएको थियो। पुरानो तिरो तिरेको कागजातलाई नापी टोलीले त्यतिवेलै मान्यता नदिई प्रमाण महल, जोताहा महल र कैफियत महल खाली राखेको थियो। तर, अहिले त्यसलाई नै मुख्य प्रमाण मानेर छुट जग्गा दर्ता गरिएको छ।

उक्त जग्गालाई ०३३ सालमा पहिलोपटक नापी हुनुभन्दा अगाडि दुई चिमोरियाका पिताका तीनजना दाजुभाइका ६ जना सन्तानको साझा हकको भनिने गरे पनि त्यहाँ कुनै घर, टहरा निर्माण नगरिएको र खनजोत तथा भोगचलनसमेत नगरिएको स्थानीय बासिन्दाले बताएका छन्।

०५४ मा छुट जग्गा दर्ता खुल्दा कानुनबमोजिम आफूहरू सबैको नाममा सो जग्गा दर्ता गर्न ६ जना चिमोरिया दाजुभाइले जिल्ला मालपोत कार्यालयमा माग गरेको थियो। उनीहरूले २० चैत ०५४ मा आवेदन दिएका थिए। त्यसपछि कार्यालयले १० जेठ ०५५ मा ६ जनाकै नाम उल्लेख गरेर ३५ दिने सूचना जारी गरेको मालपोत कार्यालयका कागजातहरूबाट पुष्टि भएको छ। त्यतिवेला जिल्ला वन कार्यालयले उक्त कित्ता नं ३०४ को जग्गा नापी शाखाको स्रेस्तामा विरहमा पर्ती र वन प्रतिनिधिले सिसाकलमले रोक्का लेखेको जानकारी दिएपछि मालपोत कार्यालयले सो जग्गा दर्ता गर्न नमिल्ने भन्दै १६ वैशाख ०५८ मान मुलतबीमा राखेको थियो।

सुरु नापीमा दर्ता नभएको झन्डै ५० वर्षपछि र दोस्रोपटक जिल्ला मालपोत कार्यालयले ६ जना चिमोरिया दाजुभाइको नाममा दर्ता नगरी मुलतबीमा राखेको झन्डै २५ वर्षपछि उक्त कित्ता नं ३०४ को पर्ती जग्गा ६ जनामध्ये दुई चिमोरिया दाजुभाइको नाममा मात्र दर्ता भएको हो। साउन ०८१ मा उनीहरूको नाममा जग्गा दर्ता भएको हो।

उक्त १२ रोपनी पर्ती व्यक्तिका नाममा दर्ता गर्न करिब आठ रोपनी जग्गा हिनामिना भएको दाबी गरिएको छ। छुट दर्ताको दुरुपयोग गरी उक्त पर्ती जग्गा आफूहरूका नाममा दर्ता गरेपछि उनीहरूले दलबलका साथ झन्डै एक वर्षअघि डोजर चलाएको स्थानीय बासिन्दाले जनाएका छन्। काभ्रेको भकुन्डे बजारनजिकै रहेको र सडकसँग जोडिएका कारण उक्त जग्गाको हालको प्रचलित मूल्यअनुसार जग्गाको कुल मूल्यांकन २८ करोडभन्दा बढी हुन्छ।

स्थानीयलाई अंकित मूल्यमै आइपिओ बिक्री गर्न इप्पानको माग


केही कम्पनीले स्थानीयलाई प्रिमियममा सेयर बिक्री गर्न लबिङ गरिरहेको इप्पानको दाबी

नयाँ पत्रिका

जलविद्युत् निर्माणका क्रममा प्रभावित हुने स्थानीय बासिन्दालाई अंकित मूल्यमै साधारण सेयर (आइपिओ) बिक्री गर्नुपर्ने माग स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले गरेको छ। इप्पानले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै जलविद्युत् कम्पनीको सेयर मूल्य अंकित मूल्यमै पाउनुपर्ने माग अघि सारेको हो। जलविद्युत् कम्पनीलाई नेपाल धितोपत्र बोर्डबाट आइपिओ निष्कासनको अनुमति पाउन विलम्ब भइरहेको इप्पानले जनाएको छ। तर, यही अवस्थामा कतिपय प्रवर्द्धक कम्पनीहरूले स्थानीयलाई प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न बोर्डसँग लबिङ गरिरहेको विषय बाहिरिएको छ। यस्तो हुन नदिन इप्पानले स्थानीयलाई अंकित मूल्यमै सेयर बिक्री गर्नुपर्ने माग राखेको छ।

'जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीयवासीलाई अंकित मूल्य अर्थात् प्रतिकित्ता १०० मै सेयर उपलब्ध गराइनुपर्छ भन्ने धारणा रहेको छ,' इप्पानले भनेको छ, 'यसकारण धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ९ को उपनियम ४ मा स्थानीयहरू लाभान्वित हुन् भन्ने उद्देश्यले १० प्रतिशत सेयर दिने गरी कानुनी प्रबन्ध गरिएकाले सोअनुसार नै गर्न पनि सम्पूर्ण सदस्यहरूलाई इप्पान हार्दिक अनुरोध गर्दछ।'

जलविद्युत् आयोजना लगानीको माध्यम मात्र नभई स्थानीय समुदायसँगको विश्वास, सहकार्य र साझेदारीमा आधारित विकासको अभियान रहेको इप्पानको भनाइ छ। 'आयोजना निर्माणका क्रममा जग्गा उपलब्ध गराउने, वातावरणीय तथा सामाजिक प्रभाव सहने, निर्माण अवधिका असुविधा व्यहोर्ने र आयोजनाको सफल कार्यान्वयनमा प्रत्यक्ष सहयोग गर्ने स्थानीय समुदायलाई आयोजना स्वामित्वमा सहभागी गराउने उद्देश्यले नै स्थानीयवासीका लागि सेयरको व्यवस्था गरिएको हो। यदि त्यही सेयर प्रिमियम मूल्यमा निष्कासन गरियो भने स्थानीय समुदायको पहुँच सीमित हुने, उनीहरूमा अपनत्वको भावना कमजोर हुने तथा आयोजना र समुदायबिच वर्षौंदेखि निर्माण हुँदै आएको विश्वासको सम्बन्धमा नकारात्मक असर पर्न सक्ने इप्पानको ठहर छ,' विज्ञप्तिमा भनिएको छ।



स्थानीयवासीलाई अंकित मूल्यमा सेयर उपलब्ध गराउँदा उनीहरू आयोजनाका वास्तविक साझेदार बन्ने, आयोजनाप्रति स्वामित्व र अपनत्वको भावना अभिवृद्धि हुने, आयोजना निर्माण तथा सञ्चालनका क्रममा देखिने सामाजिक विवाद र अवरोधहरू न्यून हुने, स्थानीयस्तरमा सहयोग र सहकार्य अझ सुदृढ हुने तथा जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न गर्न सहज वातावरण निर्माण हुने विश्वास इप्पानले लिएको छ। यसले स्थानीय समुदायले आयोजनाबाट दीर्घकालीन लाभ प्राप्त गर्ने अवसरसमेत सुनिश्चित गर्छ, जसबाट आर्थिक सशक्तीकरण, स्थानीय विकास तथा सामाजिक सद्भावलाई समेत टेवा पुग्ने इप्पानको भनाइ छ।

'स्थानीय प्रभावित बासिन्दाको हित, जलविद्युत् आयोजनाको दीर्घकालीन स्थायित्व तथा निजी क्षेत्र र स्थानीय समुदायबिचको सुमधुर सम्बन्धलाई सर्वोपरि राख्दै स्थानीयवासीका लागि छुट्याइने सेयर अंकित मूल्य अर्थात् प्रतिकित्ता १०० रुपैयाँमै उपलब्ध गराउने नीतिलाई निरन्तर कायम राख्न इप्पान सम्पूर्ण सदस्यलाई आग्रह गर्दछ,' इप्पानले भनेको छ, 'साथै, साधारण सेयर निष्कासनसँग सम्बन्धित नियामकीय प्रक्रियालाई सरल, पारदर्शी र समयबद्ध बनाई जलविद्युत् क्षेत्रको लगानी वातावरणलाई थप सुदृढ बनाउन सम्बन्धित निकायको विशेष ध्यानाकर्षण गराउँछ।'

जुगल भ्रमण वर्ष मनाइँदै

सिन्धुपाल्चोक/ जुगल हिमशृंखलावरिपरिका ६ हजार मिटरभन्दा माथिका १४ हिमाल र त्यसभन्दा कम उचाइका एक दर्जन ट्रेकिङ पिकको प्रवर्द्धन गर्न जुगल गाउँपालिकाले भ्रमण वर्ष ०८३/८४ मनाउने घोषणा गरेको छ। गत वर्ष ६ हजार मिटरभन्दा माथिका जुगल-१, ग्याल्चेन पिक र जुगल-५ हिमालको सफल आरोहण भइसकेको छ। सरकारले आरोहण खुला गरेपछि दुई वर्षयता जुगल हिमशृंखलामा नेपाल, दक्षिण कोरिया, अमेरिका र बेलायतका पर्वतारोही आकर्षित भएका छन्।

राजधानीबाट सबैभन्दा नजिक रहेको हिमशृंखलाका रूपमा परिचित जुगलमा पर्वतारोही र पर्यटकको आगमनलाई केन्द्रमा राखेर स्थानीय सरकारले भ्रमण वर्ष घोषणा गरेको हो। भ्रमण वर्षभर हिमाल, ऐतिहासिक धार्मिकस्थल र पोखरीको प्रचारप्रसारलाई प्राथमिकता दिइएको छ। गाउँपालिकाभित्र दोमङ पोखरीसहित १० वटा ठुला पोखरी, मञ्जुश्री पार्क, जुगल भ्यु प्वाइन्ट सिन्दुर्चे, अवलोकितेश्वर, गुरु रिम्पोछेको सालिकलगायत समेटिएका छन्।

वर्षमा साढे ९३ हजारले लिए राष्ट्रिय परिचयपत्र

धादिङ/ आर्थिक वर्ष ०८२/८३ मा धादिङका स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयमार्फत ९३ हजार सात सय ४४ जनाले राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ। धादिङमा परिचयपत्र वितरणले तीव्र गति लिएको प्रशासन कार्यालयका विवरण दर्ता अपरेटर जानुका दुवाडीले बताइन्। 'धुनीबेंसी नगरपालिका र बेनीघाट रोराङ गाउँपालिकाबाहेक जिल्लाका ११ स्थानीय सरकारका वडा कार्यालयमार्फत ८४ हजार १४ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ।

पेट्रोल, डिजेल र मट्टीतेल लिटरको २००

● **मनोज ठाकुर**, प्रवक्ता, आयल निगम



भारतबाट ठुलो अन्तरले मूल्य बढेर आए पनि उपभोक्तालाई राहत दिन थोरै दरले मात्र मूल्य समायोजन गरिएको छ। नेपाली उपभोक्ताको क्रयशक्ति र हाम्रो बजार मूल्य शृंखलालाई दबाब नपरोस् भनेर मूल्य समायोजन गर्दा अन्तर्राष्ट्रिय बजारबाट प्राप्त नयाँ सूचीलाई यसपटक बेवास्ता गरिएको छ। ठुलो दरमा बढेर आए पनि थोरै मात्र मूल्य बढाई उपभोक्तालाई राहत दिने प्रयास गरेका छौं।

नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले आइतबार रातिबाट लागू हुने गरी पेट्रोल तीन र डिजेल तथा मट्टीतेल समान पाँच रुपैयाँ प्रतिलिटर बढाएको छ। मूल्यवृद्धिपछि काठमाडौंमा पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य समान दुई सय रुपैयाँ प्रतिलिटर पुगेको छ।

त्यस्तै, आन्तरिक हवाई इन्धन २० रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन एक सय ३१ डलर प्रतिकिलोलिटर वृद्धि भएको निगमले जनाएको छ। खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको छ। शनिबार दिउँसो इन्डियन आयल कर्पोरेसनले मूल्य बढाएर पठाएका कारण नेपालमा पनि मूल्य समायोजन गरेको निगमले जनाएको छ। मूल्यवृद्धिपछि हवाई इन्धन आन्तरिक दुई सय ४९ रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन प्रतिकिलोलिटर १५ सय ६६ डलर पुगेको छ।

निगम प्रवक्ता मनोज ठाकुरले आइओसीबाट शनिबार मूल्य प्राप्त भए पनि सार्वजनिक बिदा भएका कारण मूल्य समायोजन गर्न केही ढिलाइ भएको बताए। उनका अनुसार ठुलो दरले परिवर्तन भएका कारण सञ्चालक समिति बैठक बसेर मूल्य समायोजनको निर्णय भएको हो। निगमले मूल्य समायोजनको निर्णय गरेपछि काठमाडौं, दिपायल र पोखरामा पेट्रोल-डिजेल समान दुई सय रुपैयाँ प्रतिलिटर पुगेको छ।

त्यस्तै, झापा, विराटनगर, जनकपुर, अमलेखगञ्ज, रुपन्देही, नेपालगन्ज, धनगढी र वीरगन्जमा रहेका आयल निगमको कार्यालयदेखि १५ किलोमिटर आसपासको तराई क्षेत्रमा पेट्रोल र डिजेल १९७.५० रुपैयाँ कायम भएको छ। तराईमा ढुवानी लागत सस्तो पर्ने भएकाले काठमाडौंको तुलनामा पेट्रोलियम पदार्थ सस्तो हुने गर्छ। सुर्खेत र दाङस्थित आयल निगमको कार्यालयदेखि १५ किलोमिटर क्षेत्रमा भने पेट्रोल र डिजेल समान १९९ रुपैयाँ प्रतिलिटर पुगेको छ।

आयल निगमको कार्यालयदेखि १५ किलोमिटरभन्दा बढी दूरीमा भने ढुवानी लागत जोडेर इन्धन बिक्री गर्ने पेट्रोलपम्पलाई छुट दिइएको छ।

कहाँ कति पुग्यो मूल्य ?

भूगोल	पेट्रोल	डिजेल	मट्टीतेल
तराई	१९७.५०	१९७.५०	१९७.५०
सुर्खेत र दाङ	१९९	१९९	१९९
काठमाडौं, पोखरा, दिपायल	२००	२००	२००

ठुलो अन्तरले बढेर आए पनि सामान्य वृद्धि

शनिबार दिउँसो आइओसीले पेट्रोल २० रुपैयाँ, डिजेल ३९.६७ रुपैयाँ र हवाई इन्धन १९.०६ रुपैयाँ प्रतिलिटरका दरले बढाएर पठाएको निगमले जनाएको छ। ठुलो अन्तरले मूल्य बढेर आए पनि उपभोक्तालाई राहत दिन थोरै दरले मात्र मूल्य समायोजन गरेको निगमले भनाइ छ। 'नेपाली उपभोक्ताको क्रयशक्ति र हाम्रो बजार मूल्य शृंखलालाई दबाब नपरोस् भनेर मूल्य समायोजन गर्दा अन्तर्राष्ट्रिय बजारबाट प्राप्त नयाँ सूचीलाई यसपटक बेवास्ता गरिएको छ,' प्रवक्ता ठाकुरले भने, 'ठुलो दरमा बढेर आए पनि थोरै मात्र मूल्य बढाई उपभोक्तालाई राहत दिने प्रयास गरेका छौं।'

भारतबाट प्राप्त मूल्यअनुसार नेपालमा समायोजन नगर्दा आगामी १५ दिनमा एक अर्ब ४९ करोड रुपैयाँ नोक्सान हुने निगमको दाबी छ।

आइएमई लाइफको 'बिजनेस एक्सिलेन्स अवार्ड नाइट'



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले उत्कृष्ट कार्य गर्ने अभिकर्तालाई सम्मान गर्दै 'आइएमई लाइफ बिजनेस एक्सिलेन्स अवार्ड नाइट- २०२६' सम्पन्न गरेको छ। कम्पनीसँग आबद्ध अभिकर्तालाई थप प्रेरणा प्रदान गर्ने तथा उनीहरूको मिहिनेतको उच्च कदर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कम्पनीले जनाएको छ। तीन सय ५० भन्दा बढी अभिकर्ताको सहभागिता रहेको उक्त कार्यक्रममा आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, कम्पनी सञ्चालक समितिका अध्यक्ष तथा सदस्य, उच्च व्यवस्थापनका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो।

कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले कम्पनीको प्रगतिमा अभिकर्ताको मिहिनेत र प्रविधिको प्रयोग महत्त्वपूर्ण रहेको उल्लेख गरे। ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले पछिल्ला आठ वर्षमा कम्पनीले उत्साहजनक प्रगति गरेको उल्लेख गर्दै प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै लगिएको बताए।

त्यस्तै, कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालले बिमा अभिकर्ताले बिमा परामर्शदाताको भूमिकामा आफूलाई स्थापित गर्नुपर्नेमा जोड दिए। उनले अभिकर्ताको व्यावसायिक क्षमता विकासका लागि कम्पनीले निरन्तर तालिम तथा सहयोग उपलब्ध गराउने बताए।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवन खड्काले आर्थिक वर्ष ०८२/८३ मा कम्पनीले हासिल गरेको उपलब्धिमा अभिकर्ताको भूमिका महत्त्वपूर्ण रहेको बताए। उनले अभिकर्तालाई प्राथमिकतामा राख्दै कम्पनीले नयाँ योजना ल्याउँदै आएको र डिजिटल सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे।

कुमारीको एक लाख कित्ता संस्थापक सेयर बिक्रीमा

काठमाडौं/ कुमारी बैंक लिमिटेडले संस्थापक समूहको एक लाख कित्ता सेयर बिक्रीमा राखेको छ। उक्त सेयर हाल कायम बैंकका संस्थापक सेयरधनीले मात्रै किन्न पाउनेछन्।

सेयर खरिदका लागि ३५ दिनभित्र नक्सालस्थित कुमारी क्यापिटल लिमिटेड वा टंगालस्थित बैंकको प्रधान कार्यालयमा आवेदन दिनुपर्नेछ। तोकिएको समयभित्र सेयर खरिदका लागि पर्याप्त आवेदन नपरेको खण्डमा उक्त सेयर सर्वसाधारणलाई बिक्री गरिने बैंकले जनाएको छ।

प्रभु महालक्ष्मी लाइफको ब्रान्च म्यानेजर कन्फ्रेन्स कार्यक्रम सम्पन्न



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको ब्रान्च म्यानेजर कन्फ्रेन्स कार्यक्रम सम्पन्न भएको छ। कम्पनीले १४ देखि १७ फागुनसम्म चितवनमा कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा गत आव ०८२/८३ को समीक्षा गरिएको थियो। कार्यक्रममा कम्पनीका व्यवस्थापन, प्रदेश प्रमुख, शाखा प्रमुख, सेल्स एक्जुकेटिभ गरी देशैभरबाट करिब दुई सयजनाको उपस्थिति थियो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष प्रसाईंले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै सिइओ प्रसाईंले कम्पनीले गत आवमा गरेको व्यवसाय अघिल्लो आर्थिक वर्षमा भन्दा राम्रो भएकाले सम्पूर्ण कर्मचारी, अभिकर्ता, बिमितलगायतलाई धन्यवाद दिए। त्यस्तै, आगामी आर्थिक वर्षको व्यावसायिक रणनीतिका बारेमा प्रस्ट पार्दै ढुक्कले अघि बढ्न हौसलासमेत प्रदान गरेका थिए।

साथै, गत आवमा उत्कृष्ट कार्य गर्ने प्रदेश प्रमुख, शाखा प्रमुख, सेल्स एक्जुकेटिभलगायतलाई विशेष सम्मान गरिएको बताइएको छ। कार्यक्रममा आचार्य राजाबाबु साहको पावर अफ माइन्ड सेट फर बिजनेस ग्रोथ ट्रेनिङ सेसनमा प्रशिक्षण दिइएको थियो।

कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेले कम्पनीले आगामी दिनमा अझ ठुला सफलता प्राप्त गर्न विगतका अनुभवबाट सिकेर सुधार गर्दै लैजानुपर्ने बताए। कम्पनीका नायब महाप्रबन्धक तथा नेसनल सेल्स हेड सोनबहादुर मगरले चालू आवको व्यावसायिक रणनीतिबारे प्रकाश पारेका थिए।

माइडिया बन्यो एफसी बार्सिलोनाको मुख्य साझेदार



काठमाडौं/ विश्वव्यापी होम एप्लायन्स तथा प्रविधि ब्रान्ड माइडिया र विश्वप्रसिद्ध फुटबल क्लब एफसी बार्सिलोनाबिच पाँचवर्षे रणनीतिक साझेदारी भएको छ। सन् २०२६/२७ सिजनदेखि लागू भएको यस सहकार्यअन्तर्गत माइडिया एफसी बार्सिलोनाको मुख्य प्रायोजक तथा अफिसियल होम अप्लायन्सेस पार्टनर बनेको हो।

सन् २०३०/३१ सिजनसम्म कायम रहने उक्त साझेदारी १ जुलाई २०२६ देखि कार्यान्वयनमा आएको कम्पनीले जनाएको छ। एफसी बार्सिलोनाले सन् २०२६/२७ सिजनका लागि सार्वजनिक गरेको नयाँ घरेलु जर्सीमा माइडियाको लोगो पहिलोपटक देखिएको बताइएको छ। क्लबको परम्परागत नीलो र गाढा रातो पहिचानलाई आधुनिक स्वरूपमा प्रस्तुत गरिएको नयाँ जर्सीले बार्सिलोनाको इतिहास, ऊर्जा र भविष्यप्रतिको दृष्टिकोणलाई प्रतिबिम्बित गरेको कम्पनीको भनाइ छ।

आगामी पाँच सिजनसम्म माइडिया र एफसी बार्सिलोनाले संयुक्त सामग्री निर्माण, खेलदिवस सञ्चार, समर्थक सहभागिता तथा विभिन्न बजारअनुकूल गतिविधिमार्फत विश्वभरका उपभोक्ता र फुटबल समर्थकसँग जोडिनेछन्। खेलकुदको उत्कृष्टता, प्रविधिमा नवप्रवर्तन र आधुनिक जीवनशैलीलाई एकै ठाउँमा जोड्नु यस सहकार्यको प्रमुख उद्देश्य रहेको माइडियाले जनाएको छ।

एफसी बार्सिलोनाका प्रथम उपाध्यक्ष राफाएल युस्तेले स्मार्ट होम समाधान, अनुसन्धान र नवप्रवर्तनप्रति माइडियाको प्रतिबद्धता भविष्यतर्फ हेर्ने बार्सिलोनाको सोचसँग मेल खाने बताएका छन्। माइडिया इन्टरनेसनल बिजनेसका अध्यक्ष लुइस फुले पनि विश्वकै सफल तथा लोकप्रिय खेल संस्थामध्ये एक एफसी बार्सिलोनासँग दीर्घकालीन सहकार्य गर्न पाउनु उत्साहजनक भएको बताए।

माइडिया र एफसी बार्सिलोनाबिचको यो साझेदारीले नेपाली फुटबल समर्थकलाई समेत ब्रान्डसँग भावनात्मक रूपमा जोड्ने नयाँ अवसर सिर्जना गरेको बताइएको छ। यस सहकार्यले माइडियाको विश्वव्यापी ब्रान्ड पहिचानलाई थप सुदृढ बनाउनुका साथै नेपाली उपभोक्तामाझ स्मार्ट, आधुनिक र सुविधाजनक जीवनशैलीसँग जोडिएको ब्रान्डका रूपमा माइडियाको उपस्थितिलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

पोखरामा मनाइयो राष्ट्रिय कोदो दिवस, कृषकलाई सम्मान



कास्कीमा **रोहितराज पराजुली**

कोदोको महत्त्व बुझाउन 'कोदो बाली संरक्षण र प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा संवर्द्धन' भन्ने नारासहित पोखरामा शनिबार विविध कार्यक्रमका साथ महोत्सव आयोजना गरी दोस्रो राष्ट्रिय कोदो दिवस मनाइएको छ। पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाअन्तर्गतको कृषि विकास शाखाको सहयोगमा पोखरा- २२ स्थित पुम्दीभुम्दी कृषि सहकारी संस्थाको आयोजनामा पोखरा- २२ स्थित कोदीमा दिवस मनाइएको हो। दिवस मनाउन वडास्तरीय कृषि सञ्जाल २२ र ली बर्ड नेपालले समेत सहकार्य गरेका थिए।

कोदोबाट बनेका विभिन्न परिकार, स्थानीय उत्पादन तथा कृषि उद्यमसँग सम्बन्धित विभिन्न प्रदर्शनी, कोदो रोप्ने प्रतियोगिता, कोदो उत्पादक कृषकलाई सम्मानसमेत गरिएको थियो। महोत्सवमा कृषक, कृषि उद्यमी, जनप्रतिनिधि, कृषिविज्ञ, सहकारीका प्रतिनिधि, सरोकारवाला निकाय तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

सो अवसरमा कोदो खेती गरेका तीन किसानलाई सम्मान गरिएको छ। १७ रोपनी क्षेत्रफलमा कोदो खेती गरेका पोखरा- २२ का खगी घर्तीलाई १० हजार, ११ रोपनीमा खेती गरेका पोखरा- २० का दुर्गाबहादुर सुनारलाई सात हजार, १० रोपनी क्षेत्रफलमा खेती गरेका पोखरा- २८ का शोभा भण्डारीलाई पाँच हजार र नौ रोपनीमा खेती गरेका पोखरा- २३ का होमबहादुर गुरुङलाई तीन हजार नगदसहित सम्मान गरिएको थियो।


महोत्सवको उद्घाटन गर्द पोखराका मेयर धनराज आचार्यले रैथाने बालीका रूपमा रहेको कोदो पछिल्लो समय हराउँदै गएकाले कोदो बालीको संरक्षण र प्रवर्द्धन गर्न दिवस मनाइएको बताए। कोदो खेतीको प्रवर्द्धन, खेती विस्तार तथा कृषकलाई प्रोत्साहन गर्न महानगरपालिका प्रतिबद्ध रहेको भनाइ उनको थियो। कोदो बालीको संरक्षण, प्रवर्द्धन र खेती विस्तार आजको आवश्यकता भएको भन्दै यसको उत्पादन वृद्धि, बजारीकरण र मूल्य अभिवृद्धिमार्फत कृषकको आय बढाउन महानगरपालिकाले आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए। स्थानीय उत्पादनको उपयोग र उपभोग बढाउँदै खाद्य सुरक्षा तथा आत्मनिर्भर कृषितर्फ अघि बढ्नुपर्नेमा जोड दिँदै आचार्यले कोदो कृषकलाई समर्थन मूल्यसमेत प्रदान गरेका थिए।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले कोदोको खाद्य सुरक्षा र पोषणमा रहेको भूमिकाबारे किसान र उपभोक्तालाई जानकारी दिने उद्देश्यसहित आयोजना गरिएको महोत्सवमा कोदोको व्यावसायिक खेतीका लागि कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यसमेत रहेको बताए।

पोखराका आर्थिक विकास महाशाखा प्रमुख मनहर कँडरियाले पोखरा नगर क्षेत्रमा तीन हजार आठ सय हेक्टर क्षेत्रफलमा कोदो खेती गर्ने गरिएको जानकारी दिए। वार्षिक रूपमा पोखरामा चार हजार आठ सय मेट्रिकटन कोदो उत्पादन हुने बताउँदै बजारमा मागअनुसार बजारमा कोदो पुऱ्याउन भने नसकिएको बताए। बजारमा माग बढिरहेको समयमा उत्पादन भने प्रत्ये वर्ष घट्दै गएकाले कोदो खेतीप्रति कृषकको आकर्षण बढाउन महानगरले कोदोको न्यूनतम समर्थन मूल्यसमेत प्रदान गर्न सुरु गरेको जानकारी दिए। महानगरले कोदोको प्रतिकिलो ९० र कागुनोको प्रतिकिलो एक सय २० रुपैयाँ समर्थन मूल्य तोकेको छ।

आयोजक सहकारीका अध्यक्ष खेमराज बरालले स्थानीयसँगै आसपासका कृषकलाई कोदो खोतीका लागि आकर्षित गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने बताए। कोदी कोदो खेतीका लागि राम्रो सम्भावना भएको ठाउँ रहेको बताउँदै बरालले पोषण सुरक्षाका लागि कोदोको प्रयोग बढाउनसमेत कार्यक्रमले सहयोग गर्ने बताए। स्थानीय उत्पादनलाई बजारसँग जोड्नसमेत यस्ता कार्यक्रम र दिवसले सहयोग गर्ने उनको भनाइ थियो।

उद्योग परिसंघ युवा उद्यमी मञ्चमा नयाँ नेतृत्व



काठमाडौं/ नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च (सिएनआइवाइइएफ)मा नयाँ नेतृत्व चयन गरिएको छ। सिएनआइवाइइएफको आठौं साधारणसभाबाट सुगम घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको हो। कार्यसमितिमा निवर्तमान अध्यक्ष मनीष श्रेष्ठ, लर्निङ चेयर चिराग सरावगी, मेम्बरसिप एन्ड इन्टिग्रेसन चेयर साइनी खेतान, स्टार्टअप, इन्टरप्रेनरसिप एन्ड इनोभेसन चेयर निदा दून मल्ल रहेका छन्।


त्यस्तै, गभर्मेन्ट एन्ड डिप्लोम्याटिक रिलेसन्स चेयर सुजित रेग्मी, कम्युनिकेसन्स एन्ड एक्सपान्सन चेयर पुनीत अग्रवाल, स्ट्र्याटेजिक एलायन्स एन्ड कम्युनिकेसन्स चेयर यश अग्रवाल तथा फाइनान्स एन्ड इन्टरनेसनल रिलेसन्स चेयर अंकुर अग्रवाल रहेका छन्। को-चेयरहरूमा न्यान्सी अग्रवाल, सचेत मानन्धर र चेतन प्रधान पनि कार्यसमितिमा चयन भएका हुन्।

साधारणसभाको उद्घाटन राष्ट्रिय योजना आयोगका सदस्य डा. पुकार मल्ल, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे तथा पूर्वमन्त्री अनिल सिन्हाले संयुक्त रूपमा गरेका थिए। डा. मल्लले उद्यमशीलता विकास सुविधा (इन्टरप्राइज डेभलपमेन्ट फेसिलिटी)का लागि ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिँदै सिएनआइवाइइएफसँग सहकार्य गर्न सरकार इच्छुक रहेको बताए।

निवर्तमान अध्यक्ष मनीष श्रेष्ठले युवा उद्यमीहरूको सशक्तीकरणमा मञ्चले खेलेको भूमिकाबारे प्रकाश पारेका थिए। स्टार्टअप चेयर चिराग सरावगीले मञ्चका विगतका गतिविधि तथा उपलब्धिबारे प्रस्तुतीकरण गरेका थिए।

साधारणसभामा उत्कृष्ट योगदान पुऱ्याउने सदस्य तथा च्याप्टरहरूलाई सम्मान गरिएको थियो। जितेन्द्र बहाती 'मोस्ट एक्टिभ मेम्बर (पुरुष)', नेहा अग्रवाल 'मोस्ट एक्टिभ मेम्बर (महिला)' तथा सगरमाथा आरोही सुधिज्ञ पन्त 'आउटस्ट्यान्डिङ एचिभमेन्ट अवार्ड'बाट सम्मानित भए। लुम्बिनी च्याप्टरले 'च्याप्टर ग्रोथ अवार्ड' र कोशी च्याप्टरले 'च्याप्टर एक्सेलेन्स अवार्ड' प्राप्त गरेका छन्।

धनकुटाकी एक्ली इभीचालक महिलालाई वडाले गऱ्यो सम्मान



धनकुटा/ विद्युतीय सवारीसाधन (इभी)चालक महिला कुशला राईलाई सम्मान गरिएको छ। धनकुटा नगरपालिका ६ नम्बर वडा कार्यालय र मार्गेश्वरी टोल विकास संस्थाले संयुक्त रूपमा उनलाई सम्मान गरेको हो।

सहिदभूमि गाउँपालिका- ४ घर भएकी राई लामो दूरीको इभी चलाउने धनकुटाकी एक मात्र महिला चालक हुन्। उनलाई धनकुटा नगरपालिका- ६ स्थित गोठगाउँमा इभी गाडी रोकेर वडा कार्यालय र स्थानीयवासीले प्रंशसापत्र, फूलमाला र अबिर लगाएर सम्मान गरेका छन्। दैनिक लामो दूरीमा सवारी चलाउँदै आएकी राईलाई थप हौसला प्राप्त होस् भन्ने उद्देश्यले सम्मान गरिएको मार्गेश्वरी टोल विकास संस्था धनकुटाकी अध्यक्ष तथा धनकुटा नगरपालिकाकी सदस्य रेजिना हिङमाङले बताइन्। 'प्रायः महिलाहरू घरायसी काममा मात्र सीमित हुने गर्छन्,' हिङमाङले भनिन्, 'तर, कुशलाले गाडी चलाएर एक साहसी महिलाको उदाहरण देखाएकी छिन्। त्यसकारण महिलाहरूले पनि समाजमा केही गर्न सक्छन् भन्ने साहस प्रस्तुत गरेकाले उनलाई सम्मान गरिएको हो।'

राईले दैनिक धनकुटाको महालक्ष्मी नगरपालिकास्थित चानुवा डाँडागाउँबाट लेगुवा, पाख्रीबास, हिले, धनकुटा, भेडेटार, धरान हुँदै इटहरीसम्म इभी चलाउँदै आएकी छिन्। करिब दुई वर्षदेखि इभी सञ्चालन गर्दै आएकी राईले लामो दूरीमा भने एक महिनाअगाडिबाट सवारीसाधन सञ्चालन गर्दै आएको बताइन्। उनले आफूलाई बाटोमै रोकेर सम्मान गर्दा आफ्नो काममा हौसला मिलेको बताइन्। यसअघि धनकुटा बजारमा टेम्पो कुदाउने एक मात्र महिलालाई पनि धनकुटा नगरपालिकाले उनको साहसलाई सम्मान गर्दै नगदसहित सम्मान गरेको थियो।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८३/०४/१८, सोमबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ श्रावण २५ गते, सोमबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जाको वित्तीय संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज लगायत अन्य लेना रकम आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा ऋण कर्जा चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज लगायत अन्य दै-दस्तुर तिर्न बुझाउनको लागि ३५ दिने र धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना पटक पटक प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाको वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने रकम चुक्ता भुक्तान नभएको हुँदा वित्तीय संस्थालाई सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न यो ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेख मिति, समय तथा स्थानमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने हुँदा उक्त सम्पत्ति खरिद गरिलिन ईच्छुक व्यक्ती, फर्म तथा संगठित संघ संस्थाहरुले बोलपत्रका यसै सूचनामा उल्लिखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित ऋण बापत धितो जमानत दिनुहुने र सम्बन्धित सरोकारवाला सबैलाई धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराईन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा वित्तीय संस्था आफैले सकार गरिलियो भनी कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुनेछैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री/सकार गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा, कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री/सकार हुन नसकेमा ऋणीले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार ऋणी तथा जमानतकर्ताको घरघरानाको चलअचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, र प्रचलित कानून अनुसार ऋणी, तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि मुद्दा दायर गरी कारवाही गरीने र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरुको विवरण	
	कुपण्डोल शाखा	
१.	**शुभद्रा शर्मा होमागाजी** ना.प्र.प.नं. : ५११/९८७, सुनसरी जारी मिति : २०४६/०२/०८ बाबुको नाम : हरी प्रसाद शर्मा (होमागाजी) पतिको नाम : दिपेन्द्र बस्नेत ससुराको नाम : भक्त बहादुर बस्नेत ठेगाना : जिल्ला सुनसरी, भरौल गा.बि.स. वडा नं. ९, हाल जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. १४	**व्यक्तिगत धनजमानी दिने** **१. दिपेन्द्र बस्नेत** ना.प्र.प.नं.: ५७६/११८१/२६७, सुनसरी जारी मिति : २०४६/०२/०८ बाबुको नाम : भक्त बहादुर बस्नेत बाजेको नाम : कृष्ण बहादुर बस्नेत ठेगाना : जिल्ला सुनसरी, भरौल गा.बि.स. वडा नं. ९, हाल जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. १४
	धितोको विवरण १. शुभद्रा शर्मा होमागाजीको नाममा भूमी प्रशासन कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. १४, नक्सा सिट नं. १०२११४२०८ स्थित कि.नं. १८१ को जग्गा क्षेत्रफल १५०.०० व.मी. को जग्गा र उक्त जग्गामा निर्मित घरटहरा लगायत सो जग्गाले चर्चेको लिगलगापात समेत । २. यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, मधेश प्रदेश, नारायणी, विरगन्जमा धनी सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी सुभद्रा शर्मा होमागाजी कायम रहेका TATA कम्पनीमा २०१४ मा निर्मित मोडेल LP1512TC/52 च्यासिंस नं. MAT412059E1J14904 इन्जिन नं. 41J63396691 दर्ता नं. ना. ५ ख ७२५७ को भाडा बस ।	
	लालबन्दी शाखा	
२.	**विवेक माछ्छा पालन फर्म, प्रो. देवेन्द्र यादव** दर्ता नं.८७३५/०७७/०७८ मिति २०७७/०५/२६ मा घरेलु तथा साना उद्योग कार्यालय सर्लाही मलंगवाबाट जारी भएको प्यान नं.६१३६२०८०८, मिति २०७७/०५/२६ आन्तरिक राजस्व कार्यालय जनकपुरबाट जारी भएको ठेगानाः जिल्ला सर्लाही ईश्वरपुर न.पा. वडा नं. ३, भक्तिपुर । **संस्थागत धनजमानी दिने** **१. देवेन्द्र यादव** ना.प्र.प.नं. ६४६५५२७, सर्लाही जारी मिति : २०४४/१२/१५ बाबुको नाम : राम लक्षन राय यादव बाजेको नाम : सुभ नारायण राय यादव ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा.वडा नं.०३, सर्लाही	**व्यक्तिगत धनजमानी दिने** **१. प्रमिला देवी** ना.प्र.प.नं. ६४६५७८९, सर्लाही जारी मिति : २०४४/१२/२२ बाबुको नाम : झल्लु राय यादव पतिको नाम : देवेन्द्र राय यादव ससुराको नाम : राम लक्षन राय यादव ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ०३, सर्लाही **२. विवेक कुमार यादव** ना.प्र.प.नं. १९१०५१/१५८, सर्लाही जारी मिति : २०६७/०३/२५ बाबुको नाम : देवेन्द्र यादव बाजेको नाम : राम लक्षन राय यादव ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ०३, सर्लाही
	धितोको विवरण १. राम लक्षन राय यादवको बुहारी देवेन्द्र राय यादवको पत्नी भक्तिपुर गा.वि.स वडा नं. ०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ३ बस्ने प्रमिला देवीको नाममा भूमि प्रशासन कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोक्नाहा गा.वि.स वडा नं. ८ क स्थित कि.नं. ६२४ को क्षेत्रफल ०-६-८.५-० (बि-क-धु-क) र कि.नं. ३३२ को क्षेत्रफल ०-४-१५-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत । २. सुभ नारायण राय यादवको नाती राम लक्षन राय यादवको छोरा भक्तिपुर गा.वि.स वडा नं. ०७, सर्लाही हाल ईश्वर पुर न.पा. वडा नं. ३ बस्ने देवेन्द्र यादवको नाममा भूमी प्रशासन कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोक्नाहा गा.वि.स वडा नं.८ क स्थित कि.नं. ३३६ को क्षेत्रफल ०-१३-० (बि-क-धु-क), कि.नं. ३३३ को क्षेत्रफल ०-९-१ (बि-क-धु-क) र सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ स्थित कि.नं. २३४ को क्षेत्रफल १२६.५० व.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।	

सि.नं.	ऋणी तथा जमानी दिनेहरुको विवरण	
	चन्द्रपुर शाखा	
३.	**उषा इन्टरप्राईजेज, प्रो. राम कल्याण राय** घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवा दर्ता नं. : १०५१६/२०७७/०७८ दर्ता मिति : २०७७/१२/२० पान नं. : ६१५७०००१० ठेगाना : गोडैता न.पा वडा नं.११, सिसौटिया सर्लाही **संस्थागत/व्यक्तिगत धनजमानी दिने** **१. राम कल्याण राय** ना.प्र.प.नं. : १९-८९१४३१३४, सर्लाही जारी मिति : २०६०/०५/१४ बाबुको नाम : राम सेवक राय बाजेको नाम : निठल राय ठेगाना : जिल्ला सर्लाही सिसौटिया गा.वि.स. वडा नं. २ हाल जिल्ला सर्लाही गोडैता न.पा. वडा नं. ११ **व्यक्तिगत धनजमानी दिने** **१. सुरज प्रसाद यादव** ना.प्र.प.नं. : १९१०२५/२३८, सर्लाही जारी मिति : २०६८/०७/०६ बाबुको नाम : राम कल्याण राय बाजेको नाम : राम सेवक राय ठेगाना : जिल्ला सर्लाही सिसौटिया गा.वि.स. वडा नं. २ हाल जिल्ला सर्लाही गोडैता न.पा. वडा नं. ११	**२. राम सिंहासन यादव** ना.प्र.प.नं. : १९१०२५/४१०, सर्लाही जारी मिति : २०६९/१०/२५ बाबुको नाम : राम कल्याण राय बाजेको नाम : राम सेवक राय ठेगाना : जिल्ला सर्लाही सिसौटिया गा.वि.स. वडा नं. २ हाल जिल्ला सर्लाही गोडैता न.पा. वडा नं. ११ **३. गायत्री देवी** ना.प्र.प.नं. : ८९१४४२९४, सर्लाही जारी मिति : २०५८/०५/१८ पतिको नाम : राम कल्याण राय ससुराको नाम : राम सेवक राय ठेगाना : जिल्ला सर्लाही सिसौटिया गा.वि.स. वडा नं. २ हाल जिल्ला सर्लाही गोडैता न.पा. वडा नं. ११
	धितोको विवरण १. सर्लाही जिल्ला हरिवन गा.वि.स वडा नं.५ ख स्थित कि.नं.२२२१ को क्षेत्रफल ०-१८-१४-० (वि.क.धु.क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।	

लिलामीका शर्तहरू

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको कुपण्डोल, लालबन्दी र चन्द्रपुर शाखाबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको कुपण्डोल, लालबन्दी र चन्द्रपुर शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन ।
१२. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल श्रावण महिना २५ गते सोमबार कार्यालय समयभित्र ।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ साल श्रावण महिना २६ गते मंगलबार दिनको ३:०० बजे ।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, कुपण्डोल, लालबन्दी र चन्द्रपुर शाखा ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

नयाँ पत्रिका

फिफाको निलम्बन फुकुवा गर्न नेपाली खेलाडीको आग्रह

नयाँ पत्रिका

राष्ट्रिय पुरुष फुटबल टोलीका खेलाडीहरूले सम्बन्धित निकायसँग फिफाको निलम्बन फुकुवा गर्न आग्रह गरेका छन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले निलम्बनका बाबजुद पनि नेपालले आसन्न साफ च्याम्पियनसिप, २०२६ मा खेल्ने सम्भावना रहेको जनाएपछि आइतबार खेलाडीहरूले सामाजिक सञ्जालबाट यस्तो आग्रह गरेका हुन्। उनीहरूले साफ च्याम्पियनसिप खेल्ने वातावरण बनाउन सरोकारवाला निकायले गम्भीरतापूर्वक कदम चाल्नुपर्ने जनाए। १५औँ संस्करणको साफ आगामी १८ देखि ३१ कात्तिकमा बंगलादेशको ढाकामा हुँदै छ।

नेपाली टोलीका गोलरक्षक तथा कप्तान किरणकुमार लिम्बू र अट्याकिङ मिडफिल्डर मनीष डाँगीले राष्ट्रिय टोलीबाट खेल्नु केवल खेल नभई गौरव, पहिचान र सम्मान रहेको बताए। 'हाम्रो चाहना निलम्बन फुकुवासँगै घरेलु फुटबललाई चलायमान बनाउनु हो। यसका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छौं,' खेलाडीहरूले सोसल मिडियामा भनेका छन्।

साफले शनिबार १५औँ संस्करणको 'ड्र' सार्वजनिक गरेको छ। 'ड्र'मा नेपालको नाम समावेश थिएन। तर, साफले च्याम्पियनसिपअघि निलम्बन फुकुवा भए प्रतियोगितामा सहभागिता गराउने बताएको छ। 'च्याम्पियनसिपअगाडि प्रतिबन्ध फुकुवा भए नेपाललाई प्रतियोगितामा सहभागी गराउन सकिनेछ,' साफले भनेको छ, 'यसका लागि समूह निर्धारण गरेका छौं।'

अमेरिका, क्यानडा र मेक्सिकोमा विश्वकप फुटबल प्रतियोगिता चलिरहँदा फिफाले ११ असारमा नेपालमाथि अनिश्चितकालीन निलम्बन गरेको थियो। फिफाले नेपाली फुटबलमाथि तेस्रो पक्षको हस्तक्षेप भएको जनाउँदै निलम्बन गरेको हो। 'नेपालमा तेस्रो पक्षको हस्तक्षेप भएको देखिन्छ। फिफाले फुटबलमा तेस्रो पक्ष हस्तक्षेप स्वीकार गर्दैन। यसकारण अखिल नेपाल फुटबल संघ (एन्फा)लाई अनिश्चितकालीन निलम्बन गरेका हौं,' फिफाले जारी गरेको विज्ञप्तिमा भनिएको छ। निलम्बनको एक महिनाभन्दा बढी समय बित्दा पनि सम्बन्धित निकायले एकआपसमा छलफलसमेत गरेका छैनन्। यसको निकासका लागि सरकार, राष्ट्रिय खेलकुद परिषद् र एन्फाबिच छलफल हुनुपर्ने खेलाडीहरू बताउँछन्।

राष्ट्रका लागि खेल्दा गौरव

फुटबलर मनीषले आइतबार सोसल मिडियाबाट प्रतिबन्ध हट्दा नेपालको साफ खेल्ने सम्भावना रहेको बताए। उनले लेखेका छन्, 'नेपाली फुटबलमाथि लगाइएको फिफा निलम्बन हटाइदिनुहोस्। राष्ट्रका लागि खेल्नु गौरव, पहिचान र सम्मान हो। खेलाडीहरू यसैका लागि वर्षभर मिहिनेत गर्छन्। हाम्रो झन्डा, जनता र सपनाको प्रतिनिधित्व गर्न पाऔं।'

राष्ट्रिय टोलीका कप्तान किरण फुटबलमा भएका विवादित विषयमा त्यति टिप्पणी गर्दैनन्। तर, उनले पनि निलम्बन हुनु एक फुटबल खेलाडीका लागि पीडादायी क्षण भएको बताए। निलम्बन हुँदा आफूहरूले अन्तर्राष्ट्रिय फुटबलमा अवसर गुमाएको जनाए। उनले पुनः अन्तर्राष्ट्रिय मैदानमा फर्काउने वातावरण बनाउन सम्बन्धित निकायलाई आग्रह गरेका हुन्। 'साफको 'ड्र'मा नेपालको नाम नहुँदा दुःख लागेको छ। हामीले सधैं गर्व, जोस र आशाका साथ देशका लागि खेलेका छौं। प्रतिबन्ध चाँडै हट्नेछ। नेपालले फेरि मैदानमा फर्केर समर्थकलाई गर्व गराउनेछ भन्ने आशा छ।' सोसल मिडियामा मनीषले निलम्बनको विषयमा लेखेपछि किरणले पनि आफ्नो भनाइ राखेका हुन्। पछिल्लो समय किरणमाथि एन्फा नेतृत्वको विषयमा बोल्न आनाकानी गर्दै आएको आरोप छ।

नेपाली फुटबलको नजरमा साफ ठुलो प्रतियोगिता

नेपाली राष्ट्रिय फुटबल टोलीले नियमित खेल्ने प्रतियोगिता नै साफ हो। साफको १४औँ संस्करण सकिँदा पनि नेपालले उपाधि जित्न सकेको छैन। नेपाल एकपटक मात्र फाइनलमा पुगेको थियो। सन् २०१९ मा माल्दिभ्समा भएको प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै फाइनलमा स्थान बनाएको थियो। तर, फाइनलमा भारतसँग पराजित भयो। नेपालले एएफसी र फिफाको प्रतियोगिता खेल्ने अवसर कम पाउँछ। एएफसीको ठुलो अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्न नेपालले छनोट चरण नै पार गर्न सकेको छैन। त्यसैले पनि नेपाली फुटबलरले साफ च्याम्पियनसिपलाई ठुलो प्रतियोगिताका लिने गरेका छन्। नेपाल प्रत्येक दुई वर्षमा आयोजना हुने साफ छुटाउन चाहँदैन। साफको 'ड्र'अनुसार फिफाले १ सेप्टेम्बरभित्र एन्फामाथिको निलम्बन फुकुवा गरे नेपाल आयोजक बंगलादेश, श्रीलंका र भुटानसँगै समूह 'ए'मा रहनेछ। तोकिएको समयभित्र निलम्बन नहटे नेपाल प्रतियोगिताबाट बाहिरिनेछ। यस्तो अवस्थामा प्रतियोगितामा ६ टोलीको सहभागिता हुनेछ। साबिक विजेता भारतसँगै माल्दिभ्स र पाकिस्तान समूह 'बी'मा छन्।

राखेप र एन्फाबिचको द्वन्द्व

राज्यको निर्देशन र ऐनविपरीत निर्वाचन गर्न कोसिस गरेपछि एन्फामाथि राखेपले गत चैतमा तीन महिनाको प्रतिबन्ध लगाएको थियो। राखेपले ११ बुँदा संशोधन गरेर मात्रै पंकजविक्रम नेम्वाङ नेतृत्वलाई निर्वाचन गर्न निर्देशन दिएको थियो। तर, एन्फाले जिल्ला र प्रदेशको निर्वाचनविना नै केन्द्रको निर्वाचनको तयारी र मिति तोकेपछि राखेपले प्रतिबन्ध लगायो। यससँगै एन्फा र राखेपबिचको विवाद सतहमा आएको हो। यही विवादलाई फिफाले तेस्रो पक्षका रूपमा लियो। गत असारमा तेस्रो पक्षको हस्तक्षेप भएको जनाउँदै नेपाल अनिश्चितकालीन निलम्बनमा पऱ्यो। गत ५ असारमा नेम्वाङ नेतृत्वको कार्यसमितिको कार्यकाल सकिएको थियो। राखेपले अहिले पनि राज्यको ऐन र नीतिअनुसार जिल्ला, प्रदेश हुँदै केन्द्रको निर्वाचन हुनुपर्नेमा अडान राखेको छ।

यो काम गर्न नसक्दा नेम्वाङ र महासचिव किरण राईले राजीनामा दिनुपर्ने र सातदोबाटोस्थित एन्फा मुख्यालय राखेपलाई बुझाउनुपर्ने अडान उसको छ। फिफाको निलम्बनका बाबजुद पनि एन्फा महासचिव किरण राई शनिबार भुटानको थिम्पुमा भएको साफको चुनावी साधारणसभामा सहभागी भए। निलम्बनपछि नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउँदैन। त्यस्तै पदाधिकारीको भ्रमणदेखि भत्ता सुविधा पाउँदैन। साथै, फिफाको अन्तर्राष्ट्रिय कङ्ग्रेसमा सहभागी हुन पाउँदैन।

> कप्तान किरण लिम्बू र मिडफिल्डर मनीष डाँगीले सामाजिक सञ्जालबाट आगामी १८ देखि ३१ कात्तिकसम्म हुने साफ च्याम्पियनसिप प्रतियोगितामा सहभागिता सुनिश्चित बनाउन नेपालमाथिको निलम्बन फुकुवा गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन्

प्रतिबन्ध चाँडै हट्ने विश्वास छ

● **किरणकुमार लिम्बू**, कप्तान



साफको 'ड्र'मा नेपालको नाम नहुँदा दुःख लागेको छ। हामीले सधैं गर्व, जोस र आशाका साथ देशका लागि खेलेका छौं। प्रतिबन्ध चाँडै हट्नेछ। नेपालले फेरि मैदानमा फर्केर समर्थकलाई गर्व गराउनेछ भन्ने आशा छ।

फिफा निलम्बन हटाइदिनुहोस्

● **मनीष डाँगी**, मिडफिल्डर



नेपाली फुटबलमाथि लगाइएको फिफा निलम्बन हटाइदिनुहोस्। राष्ट्रका लागि खेल्नु गौरव, पहिचान र सम्मान हो। खेलाडीहरू यसैका लागि वर्षभर मिहिनेत गर्छन्। हाम्रो झन्डा, जनता र सपनाको प्रतिनिधित्व गर्न पाऔं।

मैदानमा उत्रने अवसर गुमाउनुभएन

● **हरि खड्का**, प्रशिक्षक तथा एन्फा टेक्निकल प्रमुख



सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाली फुटबलका हजारौं खेलाडीको भविष्य आज अन्योलमा परेको छ। यदि समयमै समाधान खोजिएन भने नेपालले आगामी साफ फुटबल प्रतियोगितासमेत गुमाउने अवस्था सिर्जना हुन सक्छ। खेलाडीहरूको वर्षौंको मिहिनेत, सपना र राष्ट्रको गौरवलाई जोगाउन सम्बन्धित सरोकारवालासँग छलफल गरी कृपया आवश्यक पहल गरिदिनु भई नेपाली खेलाडीलाई मैदानमा उत्रिने वातावरण मिलाइदिनुहुन अनुरोध गर्दछु।

काभा च्याम्पियन्स लिग भलिबल फेरि नेपालमा



नयाँ पत्रिका

काभा महिला च्याम्पियन्स लिग भलिबल फेरि नेपालमा हुने भएको छ। नेपाल भलिबल संघको १४औँ पूर्ण बैठकले प्रतियोगिता आगामी १५ देखि २१ कात्तिकसम्म नेपालमै आयोजना गर्ने निर्णय गरेको हो। नेपालले यसअघि २०२४ र २०२६ मा सफलतापूर्वक काभा च्याम्पियन्स लिग आयोजना गरेको थियो। गत संस्करण पनि नेपालमै हुने तय थियो। तर, जेन-जी आन्दोलनका कारण प्रतियोगिता ताजकिस्तानमा सारिएको थियो। ताजकिस्तानमा भएको प्रतियोगितामा नेपाल सहभागी थिएन।

संघको पूर्ण बैठकले काभा च्याम्पियन्स लिग आयोजनासहित अन्य विभिन्न निर्णय भएको छ। नेपाल भलिबल संघको ०८३/८४ को वार्षिक कार्यक्रम पारित गर्दै त्यसलाई सार्वजनिक गर्ने निर्णयसमेत गरेको छ। महासचिव र कोषाध्यक्षको प्रतिवेदनमाथि छलफल गरी त्यसलाई अनुमोदन पनि गरिएको संघले जनाएको छ। नेपाल भलिबल संघ स्थापना भएको ५०औँ वर्ष पुगेको अवसरमा यस वर्षलाई विशेष उत्साहसाथ मनाइने निर्णय भएको छ। यसलाई 'गोल्डेन जुब्ली'का रूपमा भव्यताका साथ मनाउने निर्णय भएको संघले जनाएको छ।

> आगामी १५ देखि २१ कात्तिकसम्म काभा च्याम्पियन्स लिग आयोजना गर्ने नेपाल भलिबल संघको १४औँ पूर्ण बैठकको निर्णय, यसअघि २०२४ र ०२६ को संस्करण पनि नेपालमा भएको थियो

संघको आसन्न १३औँ चुनावी साधारणसभालाई लक्षित गर्दै आगामी १५ असोजभित्र सबै जिल्ला र प्रदेशहरूको पुनर्गठन गरिसक्ने निर्णय भएको छ। यस प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन सातवटै प्रदेशमा केन्द्रीय प्रतिनिधि (संयोजक) चयन गरिएको छ। जसअनुसार कोशीमा मदन खड्का, मधेशमा मोहम्मद फिरोज, बागमतीमा गौतम लासिवा, गण्डकीमा यमबहादुर गुरुङ, लुम्बिनीमा भीम ओली, कर्णालीमा मंगल श्रेष्ठ र श्याम श्रेष्ठसँगै सुदूरपश्चिममा हरकसिंह धामीलाई संयोजक तोकिएको छ। नयाँ क्लबलाई सदस्यता दिनुअघि कार्यदल बनाएर कार्यविधि निर्माण गरिने र त्यसअनुसार मापदण्ड पूरा भएमा मात्र सदस्यता दिने निर्णय संघको पूर्ण बैठकले गरेको छ।

नेदरल्यान्ड्सका कप्तान इडवार्डस्ले दिए राजीनामा

एजेन्सी/ नेपाल र नामिबियासँग घरेलु मैदानमा भएको क्रिकेट विश्वकप लिग २ सिरिजपछि नेदरल्यान्ड्सका कप्तान इडवार्डस्ले राजीनामा दिएका छन्। उनको कप्तानीमा नेदरल्यान्ड्सले सिरिजमा चारमध्ये तीन खेल जितेको थियो। तर, गत शुक्रार भएको अन्तिम खेलमा नेदरल्यान्ड्स नामिबियासँग ६ विकेटले पराजित भयो। उनले सिरिजमा नेपालविरुद्ध ६१ र ५७ रन बनाएका थिए।

नामिबियासँगको पहिलो खेलमा ४० रन बनाएका उनले दोस्रो खेलमा अविजित ६७ रनको इनिङ्स खेलेका थिए। कप्तान छाडे पनि उनले खेलाडीका रूपमा आफ्नो भूमिका रहने जनाएका छन्। उनको स्थानमा अलराउन्डर बास डे लिडलाई कप्तानीको जिम्मेवारी दिइएको छ। नेदरल्यान्ड्सले यसै वर्ष युएई र ओमानविरुद्ध लिग २ को अन्तिम शृंखला खेल्दा २६ वर्षे डे लिडले कप्तानी गर्नेछन्।

खेल संक्षेप

विकेटकिपर भण्डारी युरोप टी-१० को ब्रान्ड एम्बासडर



काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीका अनुभवी विकेटकिपर ब्याट्समयान विनोद भण्डारी युरोप टी-१० प्रतियोगिता, २०२६ का लागि ब्रान्ड एम्बासडर नियुक्त भएका छन्। गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसिसी) पोर्चुगलको आयोजनामा आगामी सेप्टेम्बरमा हुने टी-१० लिगको प्रचारप्रसारका लागि भण्डारीलाई ब्रान्ड एम्बासडर बनाइएको हो। आगामी १४ देखि १६ सेप्टेम्बरसम्म पोर्चुगलको लिस्बनमा हुने प्रतियोगितामा युरोपका विभिन्न देशमा रहेका नेपाली क्रिकेट टोलीको सहभागिता रहने आयोजकले जनाएको छ। प्रतियोगिताले युरोपका विभिन्न मुलुकमा रहेका नेपाली क्रिकेटप्रेमी तथा नेपाली समुदायलाई एउटै मञ्चमा जोड्दै आपसी भाइचारा, एकता र सहकार्यलाई थप मजबुत बनाउने आयोजकको विश्वास छ।

तेस्रो सिसिएलमा २० टोली

काठमाडौं/ तेस्रो कर्पोरेट क्रिकेट लिग (सिसिएल) आगामी १८ देखि २१ भदौसम्म हुने भएको छ। आयोजक भेट्रान्स फोर्टी क्लबले प्रतियोगितामा २० कर्पोरेट टोली सहभागी रहने जानकारी दिएको छ। सहभागी टोलीलाई चार समूहमा विभाजन गरिनेछ। एकल राउन्ड रोबिन लिगपछि प्रत्येक समूहका शीर्ष दुई टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। चार दिनसम्म हुने प्रतियोगितामा कुल ४७ खेल हुनेछन्। आयोजक क्लबका अध्यक्ष सन्तोष भण्डारीले प्रतियोगिताको तेस्रो संस्करणलाई अझ व्यवस्थित र प्रतिस्पर्धात्मक बनाउने लक्ष्य राखिएको बताए। प्राविधिक निर्देशक रवीन्द्र गुप्ताले सिसिएलको तयारी पूरा भएको बताए।

पारोको फराकिलो जित

काठमाडौं/ भुटानी राष्ट्रिय महिला लिग टियर १ को उद्घाटन खेलमा आइतबार पारो एएफसीले ट्रान्सपोर्ट युनाइटेड लेडिज एफसीलाई ५-१ को फराकिलो अन्तरले हराएको छ। थिम्पुस्थित चाङलिमिथाङ रंगशालामा नेपाली राष्ट्रिय फुटबल टोलीका सात खेलाडी सम्मिलित ट्रान्सपोर्ट पारोसामु विपक्षीको केही चलेन। पारो एफसीमा सहभागी नेपाली मिडफिल्डर रेनुका नगरकोटे र सरु लिम्बूले विपक्षीमाथि दबाब राखेका थिए। कल्जाङ वाङ्मोले खेलको चौथो मिनेटमा अग्रता गोल गरिन्। केडी जालो र रेनुकाले टोलीलाई मध्यान्तरअघि ३-१ को अग्रता दिलाए। खेल अवधिभर उत्कृष्ट प्रदर्शन गरेकी रेनुका प्लेयर अफ दी म्याच भइन्।

खेलकुद इतिहास झल्काउने तीनदिने प्रदर्शनी हुँदै

काठमाडौं/ नेपाल ओलम्पिक संग्रहालयले नेपालको खेलकुद इतिहास संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित देशकै पहिलो खेलकुदसम्बन्धी प्रदर्शनी आयोजना गर्ने भएको छ। संस्थाको ३३औँ वार्षिकोत्सवका अवसरमा 'प्रिजर्भिङ नेपाल्स स्पोर्टस् हिस्ट्री' शीर्षकको प्रदर्शनी १९ देखि २१ साउनसम्म बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सञ्चालन हुनेछ। तीन दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा ऐतिहासिक खेलकुद तस्बिरमध्ये छनोट गरिएका तस्बिर प्रदर्शन गरिने आयोजकले जनाएको छ। पदक, ट्रफी, खेल सामग्री तथा अन्य ऐतिहासिक खेलकुद स्मृतिचिह्न पनि प्रदर्शनीमा राखिनेछ। प्रदर्शनीमा विद्यार्थी, अनुसन्धानकर्ता तथा सर्वसाधारणले नेपालको खेलकुद इतिहासलाई नजिकबाट अवलोकन गर्ने अवसर प्राप्त हुने आयोजकको भनाइ छ।

फुटसल उपाधि मेन्टेनलाई



काठमाडौं/ पेसएक्स स्पोर्टस्को आयोजनामा भएको प्रिमियर लिग सेभेन 'ए' साइड फुटसल प्रतियोगिताको उपाधि मेन्टेन एफसीले जितेको छ। आइतबार भएको रोमाञ्चक फाइनलमा मेन्टेनले होराक एफसीलाई पेनाल्टी सुटआउटमा ४-३ ले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो। १५ साउनदेखि चलेको प्रतियोगितामा ३२ टोलीको सहभागिता थियो। विजेता मेन्टेनले एक लाख ११ हजार र उपविजेता होराकले ५१ हजार एक सय रुपैयाँ पाएका छन्। तेस्रो भएको ठमेल ११ ले २१ हजार रुपैयाँ जित्यो।

बुमराह श्रीलंकाविरुद्धको टेस्टबाट बाहिरिए

एजेन्सी



भारतका तीव्र गतिका बलर जसप्रीत बुमराह श्रीलंका टेस्टबाट बाहिरिएका छन्। भारतले अर्को साता श्रीलंकाविरुद्ध दुई टेस्ट खेल्दै छ। कोलम्बो र गालेमा हुने टेस्टमा बुमराह उपलब्ध नहुँदा भारतलाई ठुलो झट्का लागेको छ। ३२ वर्षीय बुमराहले बायाँ खुट्टाको घुँडामा चोट बोकेका छन्। बिसिसिआईको बेंग्लोरमा रहेको सेन्टर अफ एक्सिलेन्समा उनको रिह्याब चलिरहेको छ। उनलाई मेडिकल टिमले तत्काल मैदानमा नजान सुझाव दिएको छ। उनी इंग्ल्यान्डविरुद्धको एकदिवसीय खेलमा घाइते भएका थिए। बुमराहले करिअरमा श्रीलंकाविरुद्ध खेलेका दुई टेस्टमा १० विकेट लिएका छन्। एकै इनिङ्समा उनले पाँच विकेट हात पारेका थिए। बुमराहले टेस्ट करिअरमा २३४ विकेट लिएका छन्।

श्रीलंकाले अहिलेसम्म भारतविरुद्ध घरेलु मैदानमा १७ टेस्ट सिरिज खेलेको छ। जसमा भारतले १० र श्रीलंकाले ३ टेस्ट जितको छ। चार टेस्ट बराबरीमा टुंगिएको थियो। भारतले पछिल्लो ६ सिरिजमा जित निकालेको छ। सन् २००८ मा श्रीलंकाले अन्तिमपटक भारतलाई हराएको थियो।

इन्फान्टिनोको पद धरापमा

एजेन्सी

गत मंगलबारसम्म फिफा अध्यक्ष जियानी इन्फान्टिनो शक्तिशाली अवस्थामा थिए। इन्फान्टिनोले कसैसँग सल्लाह नगरी फिफाका प्रतियोगिताहरूको सेयर (हिस्सा) निजी लगानीकर्ता कम्पनीलाई बेच्ने योजना बनाएका थिए। उनले यसबाट फिफासँगै फुटबल संघहरू लाभान्वित हुने दाबी गरेका थिए। यस निर्णयका कारण उनको पद धरापमा परेको छ।

युरोपेली फुटबल महासंघ (युइएफए)ले यस निर्णयको विरोधमा फिफाले आयोजना गर्ने विश्वकपलगायत अन्य अन्तर्राष्ट्रिय सबै प्रतियोगिता बहिष्कार गर्ने चेतावनी दियो। यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको साथ पाउँदा इन्फान्टिनोले आफू सुरक्षित रहेको महसुस गरिरहेका छन्। दुई साताअघि अमेरिका, क्यानडा र मेक्सिकोले सफलतापूर्वक विश्वकप आयोजना गरेपछि ट्रम्पले इन्फान्टिनोको प्रशंसा गरेका थिए। विश्वकै शक्तिशाली व्यक्ति आफ्नो साथमा रहँदा अध्यक्ष सुरक्षित रहने इन्फान्टिनोको विश्वास छ।

यतिवेला युरोपियन राष्ट्रहरूले भने उनलाई हटाउने मौका पाएका छन्। इन्फान्टिनो फिफा अध्यक्ष भएदेखि नै युरोपियन फुटबल राष्ट्र उनका कट्टर विरोधका रूपमा रहँदै आएका छन्। युरोपेली फुटबल निकायले इन्फान्टिनोलाई पदबाट हटाउने उचित मौका पाएको छ। चौतर्फी विवादपछि इन्फान्टिनोले यस विवादित योजनाबाट पछि हट्ने जनाएका छन्। तर, युरोप भने उनलाई विश्वास गर्न तयार छैन। यसैबिच इन्फान्टिनोका वरिष्ठ सल्लाहकार कार्लोस कोर्डेइरो र चिफ अपरेटिङ अफिसर केभिन लामोरले राजीनामा दिएका छन्। यसले पनि उनको संकट बढेको बिबिसीले जनाएको छ।

पदबाट हटाउन सकिने आधार

सन् २०१५ मा तत्कालीन अध्यक्ष सेप ब्लाटर भ्रष्टाचारमा मुछिएपछि पदबाट राजीनामा दिएका थिए। लामो समयसम्म अध्यक्षमै बसेका ब्लाटरले आफू विवादबिच फिफा बस्न उचित नभएको जनाउँदै राजीनामा दिँदै नयाँ अध्यक्षलाई बाटो खुला पारे। अहिले सेयर बिक्री गर्ने विषयको विवाद माथिल्लो स्तरमा पुगेपछि धेरैले इन्फान्टिनोले राजीनामा दिएर बाटो प्रशस्त पार्नुपर्ने सल्लाह दिएका छन्। इन्फान्टिनो भने आगामी मार्चमा हुने निर्वाचनसम्म बस्ने अडानमा छन्। फिफाका ३७ मध्ये १९ सदस्यले माग गरे आकस्मिक बैठक बस्ने प्रावधान छ। त्यसवेला इन्फान्टिनोलाई राजीनामा दिन दबाब दिन सकिन्छ। फिफामा २११ सदस्यराष्ट्र छन्। जसमध्ये ४३ राष्ट्रले लिखित माग गरेमा विशेष साधारणसभा बोलाउनुपर्छ। यस्तो अवस्थामा उनलाई हटाउन १०६ भोट आवश्यक पर्छ। युरोपसँग मात्रै ५५ भोट छ। अफ्रिका, दक्षिण अमेरिका र ओसिएनाले अहिलेसम्म इन्फान्टिनोको पछिल्लो निर्णयको विरोध गर्न सकेका छैनन्। फिफामा युइएफएमा ५५, अफ्रिका ५४, कोन्काकाफ ३५, ओसिएना ११ र कोनमेबोलमा १० राष्ट्र आबद्ध छन्। अहिले १३६ राष्ट्रले उनको प्रस्तावको विरोध गरेका छन्। सधैं फिफाको नजिक रहेको एसिया भने यसपटक विरोधमा उत्रिएको छ। यसमा कतारले पनि विरोध जनाएको छ। कतार फुटबल संघका अध्यक्ष इब्राहिम खल खालिफाले पनि इन्फान्टिनोको विरोध गरेका छन्।



> फिफाको सेयर बिक्री विवादका कारण फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई हटाउने योजनामा युरोपियन राष्ट्रहरू लागेका छन्

अध्यक्षमा भिक्टरको तयारी

विवाद बढिरहँदा अध्यक्ष पदमा सबैभन्दा दावेदार व्यक्ति भिक्टर मोनटाग्लियानी हुन्। उत्तर र मध्य अमेरिकी फुटबल महासंघले भिक्टर फिफा अध्यक्षका रूपमा प्रमुख दाबेदारका रूपमा अगाडि बढाइसकेका छन्। सन् २०२६ को फिफा विश्वकप तयारीमा उनको ठुलो योगदान थियो। भिक्टरको राम्रो पक्ष भनेको उनलाई धेरै भाषाको ज्ञान छ। जसकारण उनी सहज रूपमा अंग्रेजीबाहेक अन्य भाषा बोल्ने सदस्यहरूसँग सहजै सहकार्य गर्न सक्छन्। फिफामा उनलाई सुधारवादी नेताका रूपमा लिने गरिएको छ। रमाइलो पक्ष के छ भने २३औँ संस्करणको विश्वकपमा उनी इन्फान्टिनोको विश्वास पात्र थिए। तर, विश्वकपको सफल आयोजनापछि उत्तर र मध्य अमेरिकाले उनलाई भावी अध्यक्ष बनाउने खुलेर योजना बनाएका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com